# वर्गदृष्टि

**Bargadristi Weekly** साप्ताहिक


## मतदाताप्रति धन्यवाद ज्ञापन



काठमाडौं । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका उम्मेदवारहरुले 'मुट्ठी' चिन्हमा मतदान गर्नुहुने मतदाताहरुलाई धन्यवाद ज्ञापन गरेका छन् । देजमोका उम्मेदवारहरुले चौतर्फी कथित वाम र लोकतान्त्रिक गठबन्धनको घेराबन्दीका बीच देजमोका उम्मेदवारहरुलाई मतदान गर्ने मतदाताहरुप्रति आ-आफ्ना फेसबुक पेजमा स्टाटस लेख्दै हार्दिक आभार व्यक्त गरेका हुन् ।

पार्टी तथा मोर्चाको निर्वाचनको क्रान्तिकारी उपयोगको नीति अनुसार चुनावी मैदानमा उत्रिएका उम्मेदवारहरुले निर्वाचन उपयोगको कार्यनीतिबाट ...बाँकी ७ पेजमा


वर्ष २ अङ्क २३ पूर्णाङ्क ७२ | २०७४ मंसिर २५ गते सोमबार | Monday, December 11, 2017 | पृष्ठ ८ | मूल्य रु. १०।-


## प्रदेश र प्रतिनिधिसभाको निर्वाचन सम्पन्न

# 'वाम गठबन्धनको भ्रममा जनता'

● वर्गदृष्टि संवाददाता

काठमाडौं । संसदीय व्यवस्थालाई सुदृढ बनाउन आयोजना गरिएको प्रदेश र प्रतिनिधिसभाको निर्वाचन सम्पन्न भएको छ । निर्वाचन परिणामले वाम गठबन्धनलाई सुविधाजनक बहुमत दिलाउने देखिएको छ । अस्तित्व संकटमा पर्ने डरले एकले अर्कोलाई उपयोग गर्ने नीति अनुसार वाम गठबन्धन बनाएर निर्वाचन लड्न पुगेका एमाले र माओवादी केन्द्रका उम्मेदवारहरु अधिकांशलाई जनताले जिताएका छन् भने कांग्रेसका अधिकांश नेताहरु पराजित हुन पुगेका छन् ।

**वाम गठबन्धनको भ्रममा जनता**

निर्वाचन परिणामलाई हेर्दा जनता वाम गठबन्धनको भ्रममा परेको देखियो । जनताले 'कम्युनिष्ट' अर्थात् 'वाम' भनेर एमाले र माकेका उम्मेदवारलाई मत दिएका हुन् । तर उनीहरु नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य' किरण'ले भनेजस्तै नक्कली कम्युनिष्ट, नक्कली वाम हुन् । महासचिव किरण भन्नुहुन्छ, "वाम हुन संसदीय व्यवस्थाजस्तो प्रतिक्रियावादी व्यवस्था वा सत्ताको विरोधी हुनुपर्दछ । एमाले र माके त यही व्यवस्थाको सत्तामा जान मरिहत्ते गरिरहेका छन् ।"



एमाले ०४७ सालदेखि पटक पटक संसदीय व्यवस्थाको सत्तामा रहँदै आएको छ भने र ०६४ पछि क्रान्तिकारी आन्दोलनको धारालाई परित्याग गरी प्रचण्ड-बाबुरामहरु संसदीय राजनीतिलाई अँगाल्न पुगे र पटक पटक संसदीय व्यवस्थाको सत्तामा पुगे । यी दुवै दल कम्युनिष्ट पार्टी नभएर संसदीय व्यवस्था मान्ने दक्षिणपन्थी संशोधनवादी तथा अवसरवादी पार्टी हुन्, जसले अहिले संसदीय व्यवस्थालाई नै रणनीतिक लक्ष्य बनाउँदै साम्राज्यवादी नवउदारवादी अर्थनीति लागू गर्दै आएका छन् । र, पटक पटक सत्ता र शक्तिमा पुगेर जनविरोधी र राष्ट्रघाती काम पनि यिनै शक्तिले गर्दै आएका छन् ।

महाकाली भारतलाई सुम्पेर राष्ट्रघात गरेपछि तत्कालीन एमाले विभाजन नै हुन पुगेको थियो । पटक पटक एमालेले राष्ट्रघातमा सहीछाप लगाउँदै आएको छ भने श्रमजीवि शोषित उत्पीडित वर्गको नारा फलाक्दै अन्ततः एमाले अहिले दलाल पुँजीवादीहरुको पार्टी बन्न पुगेको छ भने माओवादी केन्द्र पनि त्यही दौडमा छ । वर्गीय, जातीय, क्षेत्रीय र लैङ्गिक रुपमा शोषण र उत्पीडनमा परेका जनताको मुक्ति र स्वतन्त्रताको लागि नयाँ जनवादी व्यवस्था स्थापना गर्नुपर्ने ध्येय राखेर दशवर्ष जनयुद्धको नेतृत्व गरेर आएका प्रचण्ड बाबुरामले जनयुद्ध र बलिदानमाथि धोका र गद्दारी गर्दै जनयुद्धमा बगेको रगतमाथि नै प्रश्न चिन्ह उठाउने गरी संसदीय व्यवस्थाको मतियार बन्न पुगेको छ र सत्ता र शक्तिमा रहिरहन भारतीय विस्तारवादसामु लम्पसार समेत पर्दै आएको छ । आफू प्रधानमन्त्री हुँदा प्रचण्डले भारतसँग २५ बुँदे राष्ट्रिघाती सम्झौता गरे भने बाबुरामले विप्पा सम्झौता गरे । राष्ट्रघात, जनघात, भ्रष्टाचारमा यति धेरै बद्नाम हुँदा हुँदै पनि बाम गठबन्धनको नाममा एमाले र माकेले जनतामा भ्रम छर्न सफल भए र उनीहरु फेरि सत्ताको नेतृत्व गर्ने ठाउँमा पुगेका छन् । पाँच वर्षे आफ्नो कार्यकालमा उनीहरुले जनघात, राष्ट्रघात र भ्रष्टाचारलाई अझ बढावा दिने छन् । मुलुकमा राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरु अझ विकराल बनेर जाने निश्चित छ ।

वर्तमान संसदीय व्यवस्थाजस्तो असफलसिद्ध प्रतिक्रियावादी व्यवस्थालाई आफ्नो रणनीति बनाएका उनीहरुले दलाल तथा नोकरशाही पुँजीवादमा आधारित नवउदारवादी कार्यक्रमहरुलाई लागू गर्न खोजिरहेका छन्, जुन नेपाली कांग्रेसको नीति तथा कार्यक्रमभन्दा फरक छैन । साँचो अर्थमा जनताले खोजेको यो संसदीय व्यवस्था र ...बाँकी ७ पेजमा

## कार्की, शाही र तिमिल्सिनालाई देजमोले गऱ्यो कारबाही

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका केन्द्रीय अध्यक्ष सीपी गजुरेलले एक वक्तव्य जारी गर्दै संगठनको निर्णय विपरीत कार्य गरेको भन्दै अछाम जिल्लाका शिवसुन्दर शाही र सिन्धुली जिल्लाका शान्तिमान कार्कीलाई मोर्चाको साधारण सदस्यबाट समेत निलम्बन गरेको जनाएका छन् ।

अध्यक्ष गजुरेलले बुधबार वक्तव्य जारी गर्दै संगठनको निर्णय विपरीत काम गरेको भन्दै पाँचथरका उमेश तिमिल्सिनालाई पनि मोर्चाको केन्द्रीय सदस्यबाट निलम्बन गरिएको बताइएको छ । शाही, कार्की र तिमिल्सिनाले मोर्चाको नीति र निर्णय विपरीत आफ्नो उम्मेदवारी फिर्ता लिदै वाम गठबन्धनलाई समर्थन गरेका थिए ।

## 'निर्वाचन उपयोगबाट क्रान्तिको तयारीका लागि विशिष्ट योगदान'



काठमाडौं । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेलले निर्वाचनको उपयोगबाट पार्टी तथा मोर्चाको राम्रो जनाधार तयार भएको बताउनु भएको छ । वर्गदृष्टि साप्ताहिकसँग कुरा गर्दै अध्यक्ष गजुरेलले जनता भ्रममा परेकाले वाम गठबन्धनको पक्षमा निर्वाचन परिणाम देखिएको पनि उहाँले बताउनु भएको छ । उहाँले भन्नुभयो, "कथित वाम गठबन्धनको भ्रमको हुरीबतास जुन आयो त्यसले गर्दा सच्चा वाम र क्रान्तिकारीहरुको पक्षमा वातावरण देखिएन । सँगसँगै त्यो कथित बाम गठबन्धनको भ्रम भुमरीमा जनतालाई फँसाइएको हुनाले वाम र क्रान्तिकारीहरुको पक्षमा मतदान हुन सकेन, भ्रमको भुमरीका विचमा त्यो सम्भव पनि थिएन ।" ...बाँकी ७ पेजमा

## जसलाई गाली उसैलाई भोट

काठमाडौं । जनताले संसदवादी पार्टीका नेताहरु जसलाई "लम्पसारवादी", "भ्रष्टाचारी" भन्दै गाली गरे, उसैलाई भोट दिएर जिताएका छन् । महाकाली भारतलाई बेच्दा मुलुकलाई अत्यधिक फाइदा हुने भन्दै वकालत गर्ने नेता, डन तथा गुण्डा नाइकेहरुको संरक्षक, उखाने नेता, हावादारी गफ गर्ने र भने अनुसारको काम नगर्ने, बाहिर भारतको विरोध गर्ने भित्रभित्र उसैको लागि काम गर्ने भनेर सार्वजनिक रुपमा एमालेका अध्यक्ष समेत रहेका केपी ओलीको धेरै आलोचना गरियो । सामान्य विरामी हुँदा राज्यको करोडौंको ढिकुटी रित्याएर उपचार गर्ने नेताको रुपमा पनि उनको चर्को आलोचना नभएको होइन । तर आज मतदाताले उनैलाई जिताएका छन् । त्यसैगरी माओवादी केन्द्रका अध्यक्ष समेत रहेका पुष्पकमल दाहाल' प्रचण्ड'लाई लम्पसारवादी, बोलाइको ठेगान नभएको, चटके, जनमुक्ति सेनाको अर्बौंको रकम भ्रष्टाचार गरेको, विगतमा भएको दशवर्षे जनयुद्ध र बलिदानमाथि गम्भीर धोका दिएको, गद्दारी गरेको, आफ्नो निहीत महत्वकांक्षा पूरा गर्न जे पनि गर्न पछि नपर्ने र आफ्नो स्वार्थ पूरा गर्न पार्टी नै एमालेलाई बुझाउन लागेको घोर दक्षिणपन्थी अवसरवादी नेताको रुपमा गाली गर्ने यिनै जनता, पार्टीका कार्यकर्ता हुन्, जसले उनैलाई भोट हालेर जिताएका छन् ।

त्यसैगरी कांग्रेसका सभापति सभापति तथा प्रधानमन्त्री शेरबहादुर देउवा, जसले देश बिगारे ...बाँकी ७ पेजमा

## शान्तिप्रक्रिया असफल : विप्लव



काठमाडौं । नेपाल कम्युनिष्ट पार्टीका महासचिव नेत्रविक्रम चन्द' विप्लव'ले एक वक्तव्य जारी गर्दै प्रतिक्रियावादी, साम्राज्यवादी, संसदवादी र आत्मसमर्पणवादी एवम् विसर्जनवादी तत्वहरुको जनविरोधी लेनदेन र षड्यन्त्रका कारण शान्ति प्रक्रिया असफल भएको बताएका छन् । निर्वाचन सकिएलगत्तै जारी गरिएको वक्तव्यमा नेपाली जनता र महान जनयुद्धको मूलमर्म, भावना र चाहना विपरित दलाल पुँजीवादी संसदीय व्यवस्था जबरजस्त लाद्न संसदीय व्यवस्थामा पुँजीवादी संघीयता थपिएको (संसदीय व्यवस्था) को प्रतिनिधि र प्रदेशसभाको चुनाव गरिएको बताएका छन् ।

व क्त ऽ ० य म । ...बाँकी ७ पेजमा

## ट्रम्पको जेरुसेलम राजधानी घोषणाको चौतर्फी विरोध



● एजेन्सी

जेरुसेलमलाई राजधानी घोषणको विरोधमा लेबनान स्थित ब्यूरेटमा अमेरिकी राजदुतावासमा भएको विरोध प्रदर्शन हिंसात्मक बनेको छ । अन्तर्राष्ट्रिय समाचार एजेन्सीहरुका अनुसार प्रदर्शनकारीमाथि सुरक्षाकर्मीहरुले ब्यापक टियर ग्याँस र पानीका फोहरा प्रयोग तितरबितर गर्न कोशिस गरेका छन् भने प्रदर्शनकारीहरुले पनि सुरक्षाकर्मिमाथि ढुंगामुढा गरेको छ । प्रदर्शनकारीहरुले सडकमा आगो बालेर अवरोध सिर्जना गरेका छन् । प्रदर्शनकारीहरुले ट्रम्पको विरुद्धमा ...बाँकी ७ पेजमा

## संसदीय निर्वाचनको नाटक मञ्चन समापन

# राष्ट्रघाती, जनघाती र भ्रष्टाचारीहरुको पुनरागमन

नेपाली कांग्रेस, एमाले र माओवादी केन्द्रद्वारा 'उत्कृष्ट' भनिएको संविधान कार्यान्वयनका लागि गरिएको निर्वाचनअन्तर्गत संघीय संसद् अथवा प्रतिनिधिसभा र प्रादेशिक संसद् अथवा प्रदेशसभाको चुनाव भैसकेको छ । निर्वाचन पश्चात मतगणनाको कार्य पनि अन्तिम दिशातर्फ उन्मुख भैरहेको छ । त्यसक्रममा पहिले अनुमान गरेअनुसार नै नेकपा (एमाले) र नेकपा (माके) का बीचमा निर्माण भएको 'वाम' गठबन्धनले अत्यधिक बढीमत वा बहुमत हासिल गर्ने परिदृश्य अगाडि आइरहेको छ । अहिलेसम्मको प्रत्यक्षतर्फको घोषित परिणामलाई हेर्दा एमाले पहिलो स्थानमा रहेको छ र माकेले दोस्रो स्थानमा परिणाम हात पारेको छ । यस अघिको निर्वाचनमा ठूलो पार्टी रहेको नेका तेस्रो स्थानमा खुम्चिन पुगेको छ भने समानुपातिक तर्फको मत गणनापछि आउने परिणामले भने यो समीकरणलाई फेरबदल पार्न सक्ने सम्भावना कायमै छ ।



● परि थापा

यस निर्वाचनमा यस प्रकारको परिणाम आउने कुरा लगभग अपेक्षित जस्तै थियो । त्यसको एउटा मुख्य कारण भनेको निर्वाचनसम्बन्धी अहिलेको संवैधानिक प्रावधान नै थियो । संघीय संसद् अथवा प्रतिनिधिसभाका लागि हुने २७५ सिट संख्या मध्ये १६५ सिट प्रत्यक्षतर्फ र ११० सीट समानुपातिकतर्फ विभाजन भएकाले पहिलेकै अवस्थामा एकल ढंगले निर्वाचनमा जाँदा कुनै पनि पार्टी खास गरेर नेका र एमालेको बहुमत नआउने स्पष्टै थियो । त्यसकारण संघीय संसद्को संरचनासम्बन्धी संवैधानिक प्रावधानका कारणले नै उनीहरुलाई गठबन्धन निर्माण गर्नु पर्ने बाध्यात्मक स्थिति सृजना गराएको थियो ।

नेपाली कांग्रेसका लागि अहिले आएको निर्वाचन परिणाम एकप्रकारले अनपेक्षित भएको छ । त्यसो हुनुमा एमाले र माकेको ...बाँकी ७ पेजमा

संघीय संसद् अथवा प्रतिनिधिसभाका लागि हुने २७५ सिट संख्या मध्ये १६५ सिट प्रत्यक्षतर्फ र ११० सीट समानुपातिकतर्फ विभाजन भएकाले पहिलेकै अवस्थामा एकल ढंगले निर्वाचनमा जाँदा कुनै पनि पार्टी खास गरेर नेका र एमालेको बहुमत नआउने स्पष्टै थियो ।

## सम्पादकीय

# वामको भ्रममा जनता

प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन सकिएको छ । निर्वाचन परिणाम आउने क्रम जारी छ । निर्वाचन परिणामको रुझान वाम गठबन्धनतर्फ देखिएको छ । प्रत्यक्षतर्फको निर्वाचन परिणामलाई हेर्दा बाम गठबन्धन करिब दुईतिहाइ नजिक पुग्ने देखिन्छ भने लोकतान्त्रिक गठबन्धनले शर्मनाक पराजय भोग्न पुगेको देखिन्छ । निर्वाचन परिणामलाई लिएर राजनीतिक वृतमा अनेक विश्लेषणहरु भइरहेका छन् । परिणामले के देखाउँछ भने वाम गठबन्धनवालाहरुले जनतालाई भ्रमित पार्न सफल भए । र, जनताले एकपटक फेरि "कम्युनिष्ट"को नाममा वाम गठबन्धनलाई आफ्नो अमूल्य मत दिएका छन् । भलै उनीहरुले निर्वाचन परिणामलाई आफ्नो पक्षमा पार्न साम, दाम, दण्ड, भेदलगायत सबै अस्त्रको प्रयोग गरेको किन नहोउन् ।

तर विडम्बना के छ भने एमाले र माकेहरुले आफूलाई ' वाम' भनेर दावी गरेपनि उनीहरुमा वामको कुनै चरित्र विद्यमान छैन । वर्तमान संसदीय व्यवस्थाजस्तो असफलसिद्ध प्रतिक्रियावादी व्यवस्थालाई आफ्नो रणनीति बनाएका उनीहरुले दलाल तथा नोकरशाही पुँजीवादमा आधारित नवउदारवादी कार्यक्रमहरुलाई लागू गर्न खोजिरहेका छन्, जुन नेपाली कांग्रेसको नीति तथा कार्यक्रमभन्दा फरक छैन । साँचो अर्थमा जनताले खोजेको यो संसदीय व्यवस्था र नवउदारवादी अर्थतन्त्रको विकल्प हो । त्यो विकल्प यी वाम गठबन्धनवाला एमाले र माकेले दिन सक्दैनन् । त्यो उनीहरुको कार्यसूचिमा नै छैन । यसर्थमा उनीहरु नक्कली वाम हुन् । नक्कली वामको भ्रममा जनता पर्न पुगेका छन् । जनतामा लामो समयसम्म यो भ्रम जीवित रहने छैन । सक्कली कम्युनिष्ट तथा वाम शक्तिले आगामी कदम कसरी चाल्छन्, त्यसमा पनि यो भर गर्नेछ । मुख्यतः उनीहरु आफैले चाल्ने जनविरोधी तथा राष्ट्रविरोधी क्रियाकलापबाट पनि जनतामा नांगिदै जानेछन् ।

वाम गठबन्धन जनतामा राष्ट्रिय स्वाधीनताको सवालमा पनि भ्रम पार्न सफल भयो । निर्वाचन परिणामले यो पनि देखायो कि जनता राष्ट्रिय स्वाधीनता चाहन्छन् । एमाले र माकेको ' नक्कली राष्ट्रवाद'को भ्रममा अधिकांश जनता परेका छन् । जनता वर्षौदेखिको भारतीय विस्तारवादको हस्तक्षेपबाट मुलुकको स्वाधीनता चाहन्छन् र स्वाधीन अर्थतन्त्रको विकास गरी मुलुक समृद्ध भएको हेर्न चाहन्छन् । तर जनताको यो सपना वाम वा लोकतान्त्रिक गठबन्धनबाट पूरा हुँदैन, उनीहरुले गर्न पनि सक्दैनन् । किनकि, एमाले, कांग्रेस, माके यी तीनवटै शक्ति यो वा त्यो नाममा भारतीय विस्तारवादी शासकहरुकै दलाल शक्ति हुन् । वाम गठबन्धनको पछाडि चिनियाँ शक्ति छ भन्ने देखाएर जनतामा भ्रम मात्र पारिएको छ । तर नेपाली राजनीतिको गेम प्लानमा भारतले ' प्लान्टेड पोलिटिक्स' गर्दै आएको छ । आगामी दिनमा अझ ठूलो भारतीय हस्तक्षेप निम्तिन सक्छ ।

सत्य के हो भने नेपालको अर्थतन्त्रमा रहेको भारतीय एकाधिकारलाई नतोडी र नेपालमा रहेको प्राकृतिक तथा मानवीय स्रोत, सम्पदाको आफैले प्रयोग नगरी आर्थिक रुपले मुलुकलाई स्वाधीन र समृद्ध बनाउन सकिन्न । त्यसका लागि भारतसँग विगतमा गरिएका सन् पचासलगायतका सन्धि सम्झौताको खारजी गरिनु पर्दछ । र, परस्पर हितमा आधारित रहेर नयाँ सन्धि सम्झौता गरिनु पर्दछ । यो नगरिकन नेपालको आर्थिक समृद्धि सम्भव छैन । वाम वा लोकतान्त्रिक गठबन्धनवाला दलहरु भारतसँग आफैले गरेका राष्ट्रघाती सन्धि सम्झौताहरु खारेज गर्न गराउन सक्ने स्थितिमा छैनन् र त्यो उनीहरु चाहँदैनन् । यसर्थ जनताको समृद्धिको चाहना वाम गठबन्धनले दुई तिहाइ मत प्राप्त गरेर एकलौटी सरकार बनाएपनि त्यो सम्भव हुने देखिन्न । त्यसका लागि जनताले फेरि पनि यो संसदीय व्यवस्था र नवउदारवादी अर्थतन्त्रको विकल्प खोज्नै र रोज्नै पर्ने हुन्छ ।

वर्तमानमा नेकपा (क्रान्तिकारी माओवादी)ले मात्रै संसदीय व्यवस्था र नवउदारवादी अर्थतन्त्रको विकल्प प्रस्तुत गरिरहेको छ । यसर्थ अबको नेपाली राजनीतिको वैकल्पिक राजनीतिक शक्ति भनेको क्रान्तिकारी माओवादी नै हो । ढिलो चाँडो नेपाली जनता क्रान्तिकारी माओवादीले अगाडि सारेको नयाँ जनवादी राज्यव्यवस्थाको एजेण्डामा गोलबन्द हुनेछन् । नेपाली राजनीतिमा यसको विकल्प छैन ।

परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निष्पक्ष खबर तथा

विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ ।

www.moolbato.com

# निर्वाचन उपयोग र परिणामलाई बुझ्ने सन्दर्भमा



● दिनेश शर्मा ●

**१. विषय प्रवेश**

दशवर्षको जनयुद्ध र १९ दिनको जनआन्दोलनले सामन्तवादको मूल नायक राजतन्त्रात्मक सत्ताको जरा मात्र हल्लाएन, राजतन्त्रलाई काँध हालेर बसेका नेपाली कांग्रेस र नेकपा (एमाले)जस्ता यथास्थितिका पक्षधर पार्टीहरुलाई पनि संवैधानिक राजतन्त्रको कथित खोक्रो नारालाई फाल्न बाध्य पार्यो । तर विडम्बना के भइदियो भने सत्ता राजाको हातबाट त खोसियो तर सर्वहारावर्गको हातमा आउन सकेन । जसको फलस्वरुप पहिलो संविधानसभा विघटन गरी कथित दोस्रो संविधानसभा निर्वाचनको मञ्चन गरियो, त्यसैका आधारमा जनविरोधी संविधान बन्न पुग्यो । आज त्यही जनविरोधी संविधानका आधारमा केही समय अगाडि स्थानीय निर्वाचन सम्पन्न भई यतिबेला प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन सम्पन्न भएको छ ।

निर्वाचनको नतिजा आइरहेको छ । संविधान कस्तो बन्नु पर्थ्यो । राज्यसत्ताको स्वरुप कस्तो हुनपर्थ्यो र राज्यसत्ता कसको हातमा अथवा कुन वर्गको हातमा हुनपर्थ्यो भन्ने विषयमा उत्पीडित वर्ग सचेत बन्न नसक्दा फेरि पनि सर्वहारावर्गले एकपटक हार्‍यो । जसले गर्दा कथित दोस्रो संविधानसभादेखि संविधान निर्माणसम्म, संविधान निर्माणदेखि निर्वाचनसम्म आइपुग्दा सर्वहारावर्गलगायत सबैखाले उत्पीडित जनसमुदायको अग्रताको उपस्थिति कमजोर देखियो । यो संविधान जनविरोधी हो र राज्यसत्ताको बागडोर दलालहरुको हातमा छ । त्यसैले साम, दाम, दण्ड, भेद, भ्रमलगायत सबै प्रकारका हत्कण्डा प्रयोग गर्दै तिनै दलालहरुको वर्चस्व कायम हुनु कुनै नौलो विषय होइन । संसद, संसदीय व्यवस्था र संसदवादी पार्टीहरुले जे गर्दै आएका थिए, आज त्यही भइरहेको छ ।

नेकपा (क्रान्तिकारी माओवादी)को सहयोग र समर्थनमा देशभक्त जनगणतान्त्रिक मोर्चाले निर्वाचनलाई क्रान्तिकारी उपयोग गरेको थियो । देजमोका तर्फबाट उम्मेदवार बनेका कुनै पनि नेता वा कार्यकर्ता संसदीय व्यवस्थालाई सुदृढ गर्न र जनविरोधी संविधानलाई कार्यान्वयन गर्नका निमित्त होइन बरु जनतालाई सचेत बनाउँदै आगामी दिनमा राष्ट्रियता, जनतन्त्र तथा जनजीविका विषयलाई लिएर गरिने आन्दोलनलाई सशक्त बनाउन राज्यद्वारा गरिने सबैखाले विभेदका विरुद्ध जनताका आवाजलाई बुलन्द गर्ने, मुख्यतः नयाँ जनवादी सत्ताका निमित्त गरिने क्रान्तिका लागि आधार तयार पार्ने उद्देश्यका साथ जनताका बीचमा गएका हुन भन्ने कुरा सबैमा जगजाहेर नै छ । यस अर्थमा क्रान्तिकारी विचार राजनीति र योजना बोकेका पार्टीहरुले वा व्यक्तिहरुले संसदमा कतिवटा जित्यो वा जितेन भनेर मापदण्ड बनाउने होइन । किनकि संसदीय पद्धति र प्रक्रियाबाट न त आमूल परिवर्तनको कल्पना गर्न सकिन्छ न त विश्वमा आजसम्म कहीँ लागू भएको नै छ ।

त्यसैले नेपालको वर्तमान संसदीय परिपाटीलाई बदल्न अनिवार्य छ । यही लक्ष्य उद्देश्यका साथ देजमोले वर्तमान अवस्थामा निर्वाचनलाई बहिष्कार होइन, क्रान्तिकारी उपयोग गर्ने रणनीति तय गरेको थियो । यसलाई सोहीअनुरुप बुझ्नु आवश्यक छ ।

**२. देजमोका तत्कालीन उद्देश्यहरु**

कुन उद्देश्य लिएर निर्वाचनमा गएका थियौँ र त्यसलाई निर्वाचन क्षेत्रमा गएर हामीले आफ्ना तर्फबाट पूरा गर्न सक्यौँ कि सकेनौँ ? यसको समीक्षा गर्नु आवश्यक छ । निर्वाचनमा जाँदा देजमोले मुख्य त चार वटा उद्देश्य लिएको थियो ।

(क) जनविरोधी संविधानको भण्डाफोर गर्ने,

(ख) साम्राज्यवाद तथा विस्तारवादका दलाल राज्यसत्ताको भण्डाफोर गर्ने,

(ग) क्रान्तिका लागि सांगठनिक आधार तयार पार्ने । र,

(घ) राष्ट्रियता, जनतन्त्र, जनजीविकालगायतका विषयहरुका बारेमा जनतालाई सचेत बनाउने ।

हाम्रो सांगठनिक क्षमता, नेता कार्यकर्ताहरुको बुझाइप्रतिको एकरुपता, सामूहिक प्रतिबद्धता र सक्रियताका आधारमा माथि उल्लेखित विषयहरुलाई निर्वाचन क्षेत्रका आ–आफ्नै विशेषता अनुरुप सम्प्रेषण गर्न सफल भएकै मान्न पर्दछ । यद्यपि कतिपय जिम्मेवार व्यक्तिहरुका वैचारिक विचलन, सामूहिक प्रतिबद्धता र परिचालनको अभाव नरहेका होइनन्, कठिन कामबाट लाग्नु पलायन हुनु, बुझाइका एकरुपता नआउनु पनि क्रान्तिका दौरानमा स्वाभाविक रुपमा देखापर्ने विषयहरु नै हुन् । जुन प्रक्रिया निर्वाचनका क्रममा पनि देखा परे । यस प्रकारका गतिविधिलाई आगामी दिनमा सच्याउन आवश्यक छ । सहज अवसथामा समेत पार्टीको निर्णय, निर्देशन र योजना कार्यान्वयन गर्न नसक्ने व्यक्तिहरु क्रान्तिकारी पार्टीको नीति निर्माण गर्ने तहमा रहनु भनेको क्रान्तिका लागि घाटा मात्रै होइन आत्मघाती समेत ठहर्छ । यसलाई बिना हिच्किचाहट समयमा समाधान गर्नुपर्ने पनि देखिएको छ ।

जहाँसम्म देजमोका चारवटा उद्देश्यहरु पूरा गर्न हामी कति समर्थ भयौँ भन्ने छ । घोषणापत्र, पर्चा, प्रतिबद्धतापत्रको वितरण तथा विभिन्न स्थानमा भएका चियापान कार्यक्रम, कोणसभा, सभाजस्ता कार्यक्रममार्फत्, जनतालाई गरिएका आह्वान अनुरोध कार्यक्रममार्फत् जिल्ला तथा निर्वाचन क्षेत्रका आफ्नै विशेषताअनुरुप कुशलतापूर्वक नै सम्पन्न भएका छन् । शायद एकाध स्थानलाई छाडेर अधिकांश स्थानमा निर्वाचन प्रचारकै क्रममा नयाँ संगठन बन्न सकेनन भन्ने देखिन्छ । त्यसो हुन नसक्नुमा कमजोरी कहाँबाट भयो त्यसलाई खोज्नु आवश्यक छ । निर्वाचनका क्रममा बनेका संगठनलाई सुदृढ गर्ने र संगठन बन्न आधार तयार भएका स्थानहरुमा संगठन विस्तार गर्न लागिहाल्नु पर्दछ । यसरी हेर्दा देजमोले लिएका उद्देश्यहरुलाई पूर्ण रुपमा पूरा गर्न असमर्थ रहेता पनि आंशिक रुपमा भए पनि पूरा गर्न सफल भएका छौँ भन्ने नै देखा पर्दछ । यतिमा नै सन्तोष मानेर होइन यसबाट गम्भीर पाठ सिक्दै आगामी दिनमा थप योजनाका साथ अगाडि बढ्न आवश्यक छ ।

**३ स्वतन्त्र छविको पहिचान**

संसदवादी पार्टीहरुले अन्य मुलुकहरुको नक्कल गर्दै दुई वटा पार्टीको अस्तित्व मात्र संसदमा कायम राख्न थ्रेस होल्डको नीति तय गरे । स्वयं आफै पनि समाप्त हुन्छौ कि भन्ने डरले लोकतान्त्रिक गठबन्धन र वाम गठबन्धनको नाम दिएर निर्वाचनमा आए । तर देजमोले त्यसको कुनै प्रवाह गरेन किनकि प्रतिक्रियावादी वर्ग तथा संशोधनवादीहरुले आफ्नो वर्गको लागि गरेका घेराबन्दीले क्रान्तिकारीहरुलाई घेराबन्दी गर्न सक्ने अवस्था थिएन र भएन । बरु आफ्नो लक्ष्यअनुरुपको आवश्यकतालाई मध्यनजर गर्‍यो र आफ्नो छुट्टै पहिचानसहित जिम्मेवारी घोषणा गर्‍यो । ठूला भनिएका कांग्रेस, एमाले, माके होऊन या साना भनिएका अन्य पार्टीहरु जसरी लोकतान्त्रिक गठबन्धन र वाम गठबन्धन मात्र होइन विचार नमिल्ने, एजेण्डा नमिल्ने जो कसैसँग पनि चुनावी तालमेल वा एकता गरेन । जसले गर्दा देजमोको उद्देश्यभ नेको जसरी पनि निर्वाचनमा जिल्पर्छ भन्ने मनशाय रहेन ।

यस्तो अवस्थामा क्रान्तिकारी पहिचान बोकेको र छवि बनाएको पार्टीका उम्मेदवारलाई किन जनसमर्थन प्राप्त भएन त ? यो प्रश्न स्वाभाविक रुपमा उठ्न सक्छ । यसमा क्रान्तिकारीहरुले के बुझ्न आवश्यक छ भने पहिलो कुरा संसदमा अथवा संसदीय परिपाटीमा क्रान्तिकारीहरुका पक्षमा व्यापक र भारी मात्रामा मत आउँछ भनेर सोच्नु नै गलत हुन्छ । दुनियाँमा कहिले पनि कहीं पनि त्यस्तो अवस्था भएकै छैन । हुँदैन पनि । दोस्रो संसदीय व्यवस्थाभित्र रहेर गतिविधि गरिराखेका पार्टीहरुले आफ्नो सत्ताको पावर प्रयोग गरेका हुन्छन् । त्यसले गर्दा पनि चुनावी माहोल क्रान्तिकारीको पक्षमा आउँदैन थियो भएन । तेस्रो संसदवादीहरुले साम, दाम, दण्ड, भेद, व्यापक भ्रमहरु सृजना गरेर आम जनताको माहोल आफ्नो पक्षमा आकर्षित गर्दछन् । भड्किलो प्रचारका कारण पनि जनतामा भ्रम पार्ने गर्दछन् ।चौथो समाजमा मानिसहरु तीनवटा मनोविज्ञान बोकेका हुन्छन्, एउटा सानो हिस्सा क्रान्तिकारी हुन्छ, अर्को एउटा सानो हिस्सा प्रतिगामी मानिसकताको हुन्छ भने अर्को एउटा बीचको ठूलो हिस्सा अवसरवादी हुन्छ, अवसरवादी हिस्सा जसको शक्ति देख्यो त्यतैतिर लाग्छ ।

त्यसैले यतिबेलाको निर्वाचनमा मतको हिसाबले ठूला देखिएका पनि ती प्रतिगामी तथा यथास्थितिवादी शक्तिहरु सानै हुन् तर उनीहरुको हातमा यतिबेला राज्यसत्ता छ । ढुकुटीको साँचो उनीहरुको हातमा छ र उनीहरुसँग गुण्डा छन्, जसले गर्दा बीचको अवसरवादी हिस्साको जनताको ठूलो जमात उनीहरुकै पक्षमा गयो र भोट हाले । तिनीहरु कहिले लोकतान्त्रिक शक्तिको पक्षमा कहिले वामशक्तिको पक्षमा । यसपटकको निर्वाचनमा वामशक्तिका नाममा खडा भएका घोर दक्षिणपन्थीको पक्षा गएर भोट हाले । किनकि सत्ताको नजिक उसैलाई देखे । उनीहरुले आफ्नो अधिकार के हो र उक्त अधिकारको पक्षमा निःस्वार्थ तवरबाट लड्ने संघर्ष गर्ने शक्ति कुन हो भनेर देख्न सकेन वा चाहेन । यथार्थमा यतिबेला भएको यही हो । देजमोले प्राप्त गरेको मत भनेको वैचारिक हो, प्रतिबद्ध मत हो । यस अर्थमा सबै मत आइसकेपछि देजमाले आफ्नो वैचारिक मतको संरक्षण गर्ने र आगामी दिनमा अगाडि बढ्ने खाका कोर्न आवश्यक छ ।

अन्तमा संसदवादी अझ वाम खोल ओडेका घोर दक्षिणपन्थी अझै भनौँ प्रतिक्रियावादमा पतन हुँदै गएकाहरुको भ्रमबाट समाजमा रहेका बीचको डुलमुले शक्तिलाई आफूतिर आकर्षित गर्न र आफ्नो पंक्तिलाई सुदृढ बनाउन वर्गसंघर्ष अगाडि बढाएर सर्वहारावर्गको कार्यभार पूरा गर्ने दायित्व अब आफ्नै काँधमा आएको छ भन्ने कुरालाई मध्यनजर गर्दै योजना तर्जुमा गर्न अवश्यक छ । संसदीय निर्वाचनमा हुने हार र जितमा आफ्नो जीवन देख्ने होइन, वर्गसंघर्ष र वर्गीय मुक्तिमा आफ्नो जीवन देख्ने मालेमावादको सारलाई बुझ्न र बुझाउन आवश्यक छ ।

*०७४ मंसिर २४*

# पत्रकारहरुलाई तत्काल रिहा गर्न क्रान्तिकारी महासंघको जोडदार माग

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट क्रान्तिकारी पत्रकार महासंघले एक वक्तव्य जारी गर्दै गिरफ्तार गरिएका जनपक्षीय पत्रकार हरुलाई तत्काल रिहा गर्न सरकारसँग जोडदार माग गरेको छ । महासंघका अध्यक्ष इन्द्र राउतको हस्ताक्षरमा बिहीबार जारी प्रेस वक्तव्यमा यस्तो माग गरिएको हो ।महासंघको वक्तव्यमा भनिएको छ, "विगतको निरंकुश पञ्चायती व्यवस्था तथा शाही राजतन्त्रकालीन शासकहरुलाई बिर्साउनेगरी जनपक्षीय श्रमजीवी पत्रकारहरुलाई समाचार लेखेकै कारण तथा विचार अभिव्यक्त गरेकै कारण अपराधीलाई जसरी गिरफ्तार गरेर लामो समयदेखि प्रहरी थुनामा राखिएको छ । लोकतन्त्रको ठेकेदार ठान्ने कांग्रेस नेतृत्वको सरकारको यो कदमलाई प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथि संविधानले प्रदत्त गरेको अधिकारमाथिकै हमलाको रुपमा लिदै क्रान्तिकारी पत्रकार महासंघ यसको कडा शब्दमा निन्दा एवम् भर्त्सना गर्दछ र गिरफ्तार गरिएका सबै जनपक्षीय पत्रकारहरुलाई बिना शर्त तत्काल रिहा गर्न जोडदार माग गर्दछ ।

श्रमजीवी पत्रकारहरुको साझा संस्था नेपाल पत्रकार महासंघ समेत पटक पटक गिरफ्तार गरिएका पत्रकारहरुको रिहाइका लागि दबाब दिंदा सरकारले सुनुवाइ नगर्नु र अदालतको ढोका ढकढक्याउन पुनुपर्ने परिस्थिति सिर्जना हुनु अझ विडम्बनापूर्ण र खेदजनक छ । यो भनेको राज्य र शासकहरुको फासिवादीकरणको अभिव्यक्ति हो । यसप्रति सिंगो प्रेसजगत सचेत र सतर्क रहदै गिरफ्तार पत्रकारहरुको रिहाइका लागि दबाब सिर्जना गर्न सम्बद्ध सबैमा हाम्रो महासंघ अनुरोध समेत गर्दछ ।

गुणस्तरीय खाद्यान्न खरीदको लागि संस्थानको गोदाम तथा स्टलबाट खरीद गर्नु हुन अनुरोध छ ।

नेपाल खाद्य संस्थान

प्रधान कार्यालय, काठमाडौं

फोन नं. ४२४८९८३

# खोज्ने बनाइदैछ गणतन्त्रको विकल्प



● कुमार शाह ●

गणतान्त्रिक संविधान निर्माणपछि नेपालले विश्वमा एक गणतान्त्रिक राष्ट्रको रुपमा वैधानिक मान्यता पाएको छ । यो बाह्य मान्यता, समर्थन तथा अनुमोदनको कुरा हो । तर त्यो भन्दा पनि ठूलो कुरा भनेको देशभित्र आन्तरिक रुपमा सबै दल, नागरिक समाज तथा जनताद्वारा यसको व्यवहारिक स्वीकरण हो । गणतन्त्र अलि केही बढी विश्वव्यापी र वृहत्तर रुपमा स्वीकार्य एउटा पुँजीवादी राज्यव्यवस्थाको स्वरुप हो । शासन व्यवस्थाको यो स्वरुप पश्चिमा देशहरुमा धेरै पहिल्यै प्रयोग भइसकेको तर नेपाली समाजमा त्यसको प्रयोग भने पहिलो पटक हुँदै गरेको हो । यो व्यवस्था नेपालको सन्दर्भमा भने माओवादीले नयाँ जनवादी क्रान्तिलाई सफलतामा पुऱ्याउन नसकी ठूलो असफलता बेहोरेको र अढाइसय वर्ष पुरानो राजतन्त्रको अन्त्य, मूलतः दरवार हत्याकाण्डपछि, भएको सङ्क्रमणकालीन र सत्ता रिक्तताको अवस्थामा स्थापना हुन पुगेको हो ।

लोकतान्त्रिक गणतन्त्र वा बहुदलीय व्यवस्थाका असल र खराब दुवैखाले गुणहरु छन् । मार्ग निर्देशक सिद्धान्तका हिसाबले संसद वा विधायिकाको सर्वोच्चता रहनु, कानूनी शासन, शक्तिपृथकीकरण, आवधिक निर्वाचन, दलीय प्रतिस्पर्धा, वाक स्वतन्त्रता, व्यक्तिगत पुँजी आर्जनको स्वतन्त्रता हुनु आदिइत्यादि कुराहरु लोकतान्त्रिक गणतन्त्रका गुणहरु हुन् । संसद वा विधायिका धनाढ्य र नवधनाढ्य पुँजीवादीहरुको मुट्ठीभित्र रहनु, पुँजीवादीहरुको एकछत्र दबदबा कायम हुनु, कानून तथा ऐननियमहरु पुँजीवादी संसदले बनाउने भएकाले गरिबको पक्षमा सुनुवाई हुन नसक्नु, आवधिक निर्वाचनमा पैसाको खोलो बगाएर मत विक्रिवितरण हुनु/गरिनु, वाक स्वतन्त्रताको नाममा पीडित बोलिराख्छ तर पीडक भने कानून हातमा लिएर सत्तासिन भइरहने स्थिति निर्माण गरिनु, व्यक्तिगत पुँजी आर्जनका नाममा जनताको ठूलो हिस्साको आर्थिक स्रोतहरुमा पहुँच नहुनुको कारणले गरीबीको रेखामुनि बस्न बाध्य हुनु आदिइत्यादि लोकतान्त्रिक गणतन्त्रका अवगुणहरु हुन् ।

लोकतान्त्रिक गणतन्त्रको सबैले मानिआएको सबैभन्दा राम्रो सैद्धान्तिक गुण भनेको फरक विचार र मतहरुलाई आफूसँग प्रत्यक्ष प्रतिस्पर्धामा ल्याउनु हो । यसलाई संवोधन गर्न नेपाली राजनीतिक बोलीचालीमा पनि अङ्ग्रेजी शब्द 'स्पेस' वा स्थान/मान्यता को शब्दावली अलि केही बढि प्रयोग गरिएको पाइन्छ । नेपालमा लोकतान्त्रिक गणतन्त्र स्थापनासँगै नेपाली जनताको आशा के रहेको देखिन्छ भने मार्ग निर्देशक सिद्धान्तका रुपमा रहेको फरक विचारलाई दिइने 'स्पेस' वा मान्यता नेपालमा रहेका राजनीतिक दलहरु, चाहे ती ठूला भनिने होऊन् वा साना भनिने होऊन्, ले एकअर्कालाई दिने छन् । र, आउँदा केही वर्षहरुसम्म सबै दल, नागरिक समाज र जनता एकआपसमा मिलेर शान्ति, समृद्धि र अग्रगमनको दिशामा अघि बढ्ने छन् । जनताका चर्मचक्षुले घरेलु रुपमा देशको राजनीतिक सन्तुलनलाई हेरेर यस्तो स्वभाविक अपेक्षा गर्न पुगे । र, जनताका ज्ञानचक्षुले छिमेकी दुई देश चीन र भारतको आर्थिक समृद्धिलाई मनन् गरेर यस्तो परिककल्पना गर्न पुगे । तर विचारणीय कुरा के थियो भने यी दुवै अपेक्षाको एउटै र समान धरातल भनेको राजनीतिक 'स्पेस' नै थियो । त्यो भनेको माथि उल्लेख गरे झैं सङ्क्रमण र रिक्तता जस्ता नेपाली विशिष्टतामा स्थापित गणतन्त्रको सार कुरा पनि थियो र हो पनि ।

तर गणतान्त्रिक संविधान निर्माण र त्यसको कार्यान्वयन वा जनअनुमोदनका लागि स्थानीय, प्रादेशिक र सङ्घीय गरी तीन तहको निर्वाचन सम्पन्न हुँदैगर्दा गणतान्त्रिक अभ्यास, फरक विचार, फरक वैचारिक मतराख्ने दल, नागरिक समाज वा समर्थक वा शुभचिन्तकको 'स्पेस' वा स्थान हराउन पुग्यो । यसले गणतान्त्रिक संविधानको कार्यान्वयनका लागि गरिएका तीनतहका निर्वाचनसँगै वैकल्पिक ध्रुव निर्माणको प्रक्रियालाई स्वभाविकै रुपले आम जनतामाझ उजागर गर्न र त्यसलाई नकारात्मक रुपले प्रेरित र सहयोग गर्न पुगेको छ । फलतः गणतन्त्र संस्थागत भन्दै र गर्न खोज्दैगर्दा सत्ताधारीहरुको रङ्गढङ्ग नपुग्दा र विचारमा अज्ञानता रहँदा बरु उल्टै लोकतान्त्रिक गणतन्त्रको विकल्पको खोजी र त्यसका लागि सङ्घर्ष, चाहे वैधानिक होस् वा अवैधानिक, को अभ्याससहित वैकल्पिक धार र ध्रुवको बहस र प्रक्रियालाई 'स्पेस' वा ठाउँ दिन पुगेको छ । तीतो यथार्थ के हो भने गणतन्त्रको सुन्दर गुण अर्थात् बहुदलीय प्रतिस्पर्धा मार्फत् फरक विचार र मत सबैलाई एउटै राजनीतिक रङ्गमञ्चमा भित्र्याएर मूलप्रवाह निर्माण गरी लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको संस्थागत विकास र स्थायित्वको वारेमा काङ्ग्रेस, एमाले र माओवादी केन्द्र जस्ता सत्ताधारी दलहरुको सिण्डिकेट सोच्न, विमर्श गर्न, सबै वैकल्पिक ढोकाहरु खुल्ला राख्न तयार हुन सकेन ।

'मेरो स्थान के र कहाँ ?', 'मेरा आफन्त र सहयोगीको स्थान के र कहाँ ?', 'चुनावपछिका पाँच वर्षसम्म मैले के पद पाउने र के खाने ?' आदिआदि नितान्त व्यक्तिगत स्वार्थका कुराहरु हाम्रा 'दिग्गज' तथा 'भेटेरान' नेताहरुका प्राथमितामा पर्न गए । तिनीहरु राजनेताका हैसियतमा पुग्नै सकेनन् बरु आफ्ना कमीकमजोरीलाई ढाक्न जनता नै हाँस्ने गरी 'कुटनीतिक चातुर्यता', 'बहुआयामिकता', 'चक्मा', 'चमत्कारिता' र 'दुईतिहाइ बहुमत' आदि जस्ता नाङ्गा मनगढन्ते मखमली दोसल्ला ओढाउन लागिपरिरहेका देखिन्छन् । आखिर अज्ञानताले कसैको सेवा गर्दैन र गर्न पनि सक्दैन । गहिरिएर नियाल्यौं भने लोकतान्त्रिक गणतन्त्रका हिमायतिहरुको अल्पज्ञानका सीमाहरु पत्रैपत्र देखिने गरी यसरी उप्कदै र उजागर हुँदै जानछन् :

१) स्वार्थकेन्द्रित रङ्गहीन राजनीतिको खेल : वर्गविभाजित नेपाली समाज र तदनुरुपको भिन्न वैचारिक पहिचान र अस्तित्वलाई माओवादी केन्द्रको वैचारिक पलायनता र विलोपीकरणको प्रक्रियाले फरक मत रिमिक्स वा राजनीतिक रङ्गहीनताको स्थितिमा पुऱ्याएको छ । कहिले नेपाली काङ्ग्रेससँग गठजोड गर्ने त कहिले एमालेसँग लहसिन पुग्ने माओवादी केन्द्रको विचारहीन कुर्सी केन्द्रित खेलले जनतामा 'काङ्ग्रेस भनेर लड्ने, एमाले भनेर झगडा गर्ने र माओवादी केन्द्र भनेर फूर्ति हाँक्ने' कुरा बेकार रहेछ भन्ने गहिरो आभाष हुन पुगेको छ । स्थानीय निर्वाचनमा तँतँ न मँमँ गरेकाहरु प्रतिनिधि र प्रादेशिक तहको निर्वाचनसम्म आइपुग्दा 'के हो, के हो' को अवस्थामा पुगेका छन् र उनीहरुमा जोशजाँगर हराएर गएको देखिएको छ । यसले लोकतान्त्रिक गणतन्त्रको मर्मका रुपमा रहेको फरक विचारहरुबीच प्रतिस्पर्धाको एक आकर्षक प्रक्रियाको उरन्ठेउलो पाराले अन्त्य गरेको छ । जब कि प्रजातन्त्रको जननी भनिने बेलायतमा अझै पनि नाम मात्रको भए पनि मजदूर पक्षधर मानिने लेबोर पार्टी र हुनेखाने सुकिलामुकिला पक्षधर मानिने कन्जरभेटिभ पार्टी हरेक निर्वाचनमा सधैं कडा प्रतिस्पर्धामा रहेका देखिन्छन् । त्यसै गरी प्रजातन्त्रको आदर्श मानिने अमेरिकामा मध्यमदेखि गरीब वर्गसम्मको नेतृत्व गर्ने डेमोक्र्याट पार्टी र विश्वका अतिधनीदेखि नवधनाढ्य वर्गसम्मको नेतृत्व गर्ने रिपब्लिकन पार्टीले एकअर्कालाई कडा चुनौति दिने गर्छन् । तर नेपालमा लोकतान्त्रिक गणतन्त्र स्थापना पछिको पहिलो निर्वाचनमै राज्यसत्तामा आसीन दलहरुबीच वर्गहीन, रङ्गहीन र अस्तित्वहीन निवर्गीय कुर्सीको स्वार्थकेन्द्रित राजनीति नाङ्गो रुपमा देखा परेको छ । यसले अर्को जनपक्षीय वैकल्पिक ध्रुव निर्माणको आवश्यकतालाई जनस्तरमा नै बोध गर्ने बनाएको छ ।

२) चुनाव चिन्हको बञ्चितीकरण : चुनाव चिन्ह दिन अस्वीकार गरी स्थानीय निर्वाचनको प्रक्रियाबाटै लोकतान्त्रिक गणतन्त्रको मूलधारमा फरक विचारलाई प्रवेश निषेध गरिएको कुरा जनतामाझ दिन झैं छर्लङ्ग छ । साना भनिएका पार्टीहरुका सन्दर्भमा आफूलाई हात्ती पार्टीमा गणना गर्न रुचाउने सत्ताधारी पार्टीको सिण्डिकेटले लिएको यो निर्णय हेर्दा सामान्य जस्तै लाग्ने तर लोकतान्त्रिक गणतन्त्र सुहाउँदो नीति र आचरणविरोधी गम्भीर प्रकृतिको नियतजन्य कार्यका रुपमा स्पष्ट हुन आएको छ । बहुदलीय प्रतिस्पर्धाको राजनीतिक रङ्गशालामा विविध विचार राख्ने दलहरुलाई चुनावी प्रक्रिया मार्फत् आमन्त्रण गरी मूलप्रवाहमा समाहित गर्न प्रयास गर्न खोज्नुको सट्टा सो प्रक्रियामा समावेशै हुननदिने यो कार्यले लोकतान्त्रिक गणतन्त्रको विकल्पमा जनपक्षीय धार र ध्रुवको खोजीलाई एक बाध्यात्मक तर अनिवार्य राजनीतिक खोजको रुपमा अघि बढ्न/बढाउन पूर्वसङ्केत गरेको छ ।

३) थ्रेशोल्डको प्रावधान : लोकतान्त्रिक गणतन्त्रको मूल प्रवाहमा प्रवेश नै गर्न नदिई 'रिङ आउट' गर्ने एउटा अर्को अबरोध (ब्यारियर) का रुपमा तीन प्रतिशत थ्रेशोल्डको प्रावधानलाई अघि सारिएको छ । खसेको कूल मतको तीन प्रतिशत नल्याएमा थ्रेशोल्डको प्रावधान अनुसार राष्ट्रिय पार्टीमा गणना नहुने भनिएको छ । मतका हिसाबले सत्ताधारी वर्ग र पार्टीसँग एकैठाउँमा रहन नरुचाउने जनवर्ग र जनमत थ्रेशोल्ड नकाटेमा नेपाली काङ्ग्रेस, एमाले वा माओवादी केन्दसँग जवर्जस्त टाँसिन नै आउँनुपर्छ भन्ने ग्यारेन्टी छ र ? यसले पनि सशक्त वैकल्पिक जनपक्षीय धारको निर्माण प्रक्रियालाई ठूलै बल पुऱ्याउँछ ।

४) प्रतिनिधि सभामा एकजना प्रत्यक्ष जित्नै पर्ने : एकातिर प्रतिनिधिसभामा एकजना प्रत्यक्षबाट विजयी हुनैपर्ने प्रावधान राखिएको छ । तर साना दलहरुलाई एक सिट पनि आउन नदिन र शुन्य (निल) बनाउन गठबन्धन गरिएको छ । यसले परक मत वा विचार राख्ने पार्टी र जनमतलाई सामान्य हिसाबकिताबसम्म राखेको देखिदैन । लेखोसम्म नलगाउने यो जनमत तथा जनविरोधी हर्कतले वैकल्पिक धारलाई बढावा दिन पुग्छ ।

५) नो-भोटको प्रावधान खारेजी : नेपालको वर्तमान अवस्थामा घरेलु राजनीतिक सन्तुलन, भिन्न मतहरुको जवर्जस्त उपस्थिति र आमजनताको बीचमा आशङ्का र बेवास्ता जस्ता कारणहरुले नोभोटको प्रावधान जरुरी थियो र छ पनि । यदि यो प्रावधान राखिएको भए यसले एकातिर भिन्न मतलाई 'स्पेस' दिई गणतान्त्रिक प्रक्रियामा ल्याउने थियो । र, दोस्रो कुरा, नोभोटमा खसेको मत प्रतिशतको आधारमा निर्वाचित उम्मेदवारहरु सतर्क रहेर देश र जनताको पक्षमा काम गर्ने वातावरण पनि बन्ने थियो । तेस्रो महत्वपूर्ण कुरा, नोभोटको प्रावधान राखिनु फरक मतका लागि विकल्पको ढोका खुल्ला गर्नु पनि थियो । यो ढोका ड्याम्म बन्द गरेर त्रिदलीय सिण्डिकेट तानशाहीकरणको बाटो र प्रक्रियामा अघि बढ्यो । यसले जनपक्षीय वैकल्पिक धार निर्माणको प्रक्रियालाई दीर्घकालीन वा रणनीतिक हिसावले सहयोग पुऱ्याइरहेको छ ।

६) बहुदलीय प्रतिस्पर्धा विरोधी गठबन्धन प्रतिस्पर्धा सुरु : गठबन्धन निर्माण आफैमा दलीय व्यवस्था विरोधी कार्य हो । यसले विचार र पार्टी कुँलाई निषेध गर्छ । थप कुरा, यसले दलीय प्रतिस्पर्धालाई निषेध गरी केन्द्रमा तानाशाहहरुको ताँती र स्थानीय तथा प्रादेशिक तहमा विचारविहीन लठैतहरुको भुण्ड तयार पार्दछ । गठबन्धनका नाममा 'तैं चूप, मै चूप' रहने स्थिति पैदाहुने भएकाले यसले सिङ्गो राज्यसत्ता, पुलिस, प्रशासन, गुण्डा, लठैत, डाँका, लुटेरा, आवारा र माफियाहरु सबैसबै मिसाएर बलप्रयोग गरी एकसाथ दुरुपयोग गर्छ । यो घेलु सत्ताको आड र वैदेशिक शक्ति केन्द्रहरुको आशिर्वादमा सत्ताधारीहरुले नैतिक-अनैतिक, वैधानिक-अवैधानिक, कानूनी-गैरकानूनी, साम, दाम, दण्ड र विभेदका आधारमा कुर्सी प्राप्तिका लागि खेलिने घोर जनविरोधी तर दलालमैत्री खेल हो ।

लोकतान्त्रिक गणतन्त्र घोषणा पछिको छोटो तर पेचिलो समय क्रमसँगै प्याजको पत्रझैं एकएक गरी खुल्दै गएका यी सबै लोकतान्त्रिक गणतन्त्रविरोधी कुचक्रहरुले वर्तमान नेपालको सन्दर्भमा फरक राजनीतिक विचार र शक्ति सन्तुलनको पृष्ठभूमिलाई सम्बोधन गर्न एक सशक्त जनपक्षीय वैकल्पिक धार निर्माणको प्रक्रियालाई एउटा तीतो तर अनिवार्य कार्यभारका रुपमा उजागर गर्दै लगेको प्रष्ट देखिन्छ ।

## राष्ट्रघाती...

बीचमा बनेको 'वाम' गठबन्धन नै मुख्य कारण बन्न पुग्यो । 'वाम' गठबन्धनका कारणले गर्दा कम्युनिष्टहरुप्रति समर्थन जनाउने मतदाताहरु लगभग एकत्रित हुन पुगे भने उनीहरुले जनतामा छरेको स्थिर सरकार र विकास हुन पुगे भने उनीहरुले जनतामा छरेको स्थिर सरकार र विकास अनि समृद्धिको नाराले अधिकांश मतदातामा भ्रम सृजना गर्न सफल भयो । तर कांग्रेसले बनाउन खोजेको 'लोकतान्त्रिक' गठबन्धन नाम मात्रको र फितलो बन्न पुग्यो । उसले राप्रपा जस्तो प्रतिगामी तत्वलाई समेत आफ्नो गठबन्धनमा लिन पुग्यो । त्यसैगरि २०७४ को परिवर्तन देखि अहिलेसम्म नेपाली कांग्रेसले नै लामो समयसम्म सरकारको नेतृत्व गरेको छ र उसले देश र जनताको हित र विकासका पक्षमा कुनै पनि उल्लेखनीय काम गर्न नसकेको जनता समक्ष प्रष्टै छ ।

एमाले र माकेको 'वाम' गठबन्धनले निर्वाचनमा बहुमत हासिल गरेर सरकार गठन गर्ने स्थिति आएमा देशमा कम्युनिष्ट अधिनायकवाद आउने र लोकतन्त्रको अन्त्य हुने भएकाले उक्त गठबन्धनका विरुद्धमा मत दिन र नेकालाई जिताउनका लागि नेपाली कांग्रेसको नेतृत्वले 'वाम' गठबन्धन निर्माण भए लगत्तै जनता समक्ष आह्वान गरेको थियो । नेपाली कांग्रेसले लगाएको कम्युनिष्ट अधिनायकवादका आरोपमा विरोध स्वयम् एमाले र माकेको नेतृत्वले उनीहरुले कदापि कम्युनिष्ट अधिनायकवाद नल्याउने बरु वर्तमान संविधानलाई कार्यान्वयन गर्ने र संसदीय व्यवस्थालाई नै मजबुत बनाउने प्रतिवद्धता जाहेर गरेका छन् । यस सन्दर्भमा एमाले र माकेको गठबन्धन विरुद्ध नेपाली कांग्रेसले लगाएको आरोप गलत हो र एमाले र माकेले भनेको कुरा नै सही हो । किनभने नेकाले भनेजस्तो एमाले र माके कम्युनिष्ट होइनन् । तिनीहरु कम्युनिष्ट नामधारी संसदवादी तत्वहरु हुन् । अहिलेको निर्वाचन परिणामपछि पनि देशको आर्थिक, सामाजिक अवस्थामा कुनै पनि गुणात्मक परिवर्तन नहुने कुरो निश्चितै छ । यस निर्वाचनले फरक पारेको भनेको यही प्रतिक्रियावादी संसदीय व्यवस्था अन्तरगत आलो-पालो सत्ता र सरकारमा आउने पात्र र तत्वहरुलाई साटफेर मात्र गराउने हो । किनभने नेपाली कांग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) नाम फरक भएका एउटै ड्याङका मूलाहरु हुन् । त्यो कुरा नेका, एमाले, माकेद्वारा अपनाइएका नीति, कार्यक्रम र प्रदर्शन गरिएका कार्य र व्यवहारबाट प्रष्ट भैसकेको छ । सत्ता र सरकारमा गएर आफ्ना नीहित स्वार्थ पूर्तिका लागि गरिने लुछाचुँडीबाहेक उनीहरुका बीचमा कुनै तात्विक अन्तर र भिन्नता रहेको छैन ।

ऐतिहासिक तथ्य र घटनाहरुले यो कुरा प्रष्ट पारेको छ कि अहिलेको संसदीय निर्वाचनद्वारा देशको कथित पहिलो, दोस्रो र तेस्रो राजनीतिक पार्टीका रुपमा 'जनअनुमोहित' भएका नेका, एमाले र माकेहरु सबै भन्दा बढी राष्ट्रघात, जनघात र भ्रष्टचार गर्ने पार्टी र तत्वहरु हुन । फरक कति मात्र छ भने सत्ता र सरकारमा बस्न पाएको मौका र समयको अन्तरालले गर्दा उनीहरुले गरेका राष्ट्रघाती, जनघाती र भ्रष्टाचारी कार्यमा मात्रात्मक रुपमा फरक रहेको छ ।

नेपालको राजनीतिक इतिहास खास गरेर राणा शासनको अन्त्य पछिको समयावधिमा राष्ट्रघाती सन्धिसम्झौता गर्नेमा नेपाली कांग्रेस अग्रपंक्तिमा आउँछ । उदाहरणका लागि नेपालमा प्रमुख दुईवटा नदीहरु कोशी र गण्डकी नदीको उपयोग नेपालको हित विपरीत भारतीय स्वार्थमा हुने गरी कोशी र गण्डकी सम्झौता नेपाली कांग्रेसको नेतृत्वमा भएको थियो । त्यसैगरी नेपालको भू-भाग रहेको कालापानीमा भारतीय सेनाको क्याम्प राख्न दिने काम नेपाली कांग्रेसको सरकार अपदस्थ गरेपछि पञ्चायती शासन व्यवस्थाका पक्षमा भारतीय समर्थन प्राप्त गर्ने शर्तमा तत्कालीन राजा महेन्द्रले गरेका थिए । उनले भारतसँग १९६५ को गोप्य सैन्य सन्धि पनि गरेका थिए । यसप्रकारका राष्ट्रघाती सन्धिसम्झौताहरुलाई पनि ने.कां., एमाले, माकेले निरन्तरता दिदैआएका छन् ।

राष्ट्रघाती सन्धिसम्झौताहरुलाई थप निरन्तरता दिने कार्यमा नेपाली कांग्रेस नै अग्रस्थानमा आउँछ । २०४७ को परिवर्तनपछि गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा ने.कां.को नै बहुमतको सरकार बनेको थियो । कोइरालाले नै नेपाल र भारतको सीमावर्ती नदी महाकाली नदीसम्बन्धी असमान सम्झौता गरेका थिए र त्यसलाई गोप्य राख्ने दुस्प्रयास समेत गरेका थिए । नेपाली कांग्रेपछि अझ थप राष्ट्रघात गर्ने दौडमा नेकपा (एमाले) जोडिन आइपुगेको छ । सुरुमा महाकाली सन्धिको विरोधमा उत्रेको एमाले पछि २०५१ को मध्यावधि निर्वाचनपछि मनमोहन अधिकारीको प्रधानमन्त्रीत्वमा अल्पमतको सरकार बनाउने अवसर प्राप्त भएपछि एकीकृत महाकाली सन्धि गरेर राष्ट्रघात गर्न पुग्यो । त्यो सन्धिलाई कार्यरुप दिनमा तत्कालीन उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्रीका हैसियतले एमाले नेता माधव नेपालले भूमिका खेलेका थिए भने त्यसको प्रष्ट प्रवक्ता एमाले अध्यक्ष केपी ओली बनेका थिए ।

यस सिलसिलामा २०६४ सालको प्रथम संविधानसभाको निर्वाचनमार्फत् सबभन्दा ठूला पार्टी भएर आएपछि नेकपा (माके)ले सरकारको नेतृत वगर्ने अवसर पायो र अरु थप राष्ट्रघाती सन्धि, सम्झौता गर्ने दौडमा सामेल हुन पुग्यो । त्यसमा पुष्पकमल दाहाल 'प्रचण्ड' र बाबुराम भट्टराईको प्रधानमन्त्रीत्वकालमा भएका उपल्लो कर्णाली जलविद्युत् आयोजना, अरुण तेस्रो जलविद्युत आयोजना, विप्पा र २५ बुँदे सहमतिजस्ता राष्ट्रघाती सम्झौताहरु गरिएका छाप ।

विगतमा देश र जनताका हितका लागि निर्माण एवं सृजना गरिएका सार्वजनिक संस्थानहरुलाई धाराशायी बनाउने कार्यमा पनि नेपाली कांग्रेसले अग्रस्थान ओगट्छ । ने.कां.ले मित्र तथा छिमेकी राष्ट्रहरुको सहयोग र अनुदानमा निर्माण भएका सार्वजनिक संस्थान र सरकारी स्वामित्वमा भएका कलकारखानाहरु कमिशन खाएर कौदीको मूल्यमा बेचबिखन गऱ्यो । जसमध्ये गैंडाकोटको भृकुटी कागज कारखाना, सुनौलीको चिनी कारखाना, बाँसबारी छाला तथा जुत्ता कारखाना उल्लेखनीय छन् । पछि त्यो प्रक्रिया एमाले पनि सामेल हुन पुग्यो र अहिले ने.कां., एमाले र माके एकसाथ लागिपरेका छन् ।

आज देशमा भ्रष्टाचारले संस्थागन रुप लिएको छ र नेपाल संसारभरकै भ्रष्ट मुलुकमध्येमा चिनिन पुगेको छ । देशमा भ्रष्टाचारको बिगबिगी मच्चिनुमा ने.कां., एमाले र माकेजस्ता पार्टीहरुले राजनीतिक संरक्षण दिनु, त्यसमा सहभागिता र संलग्नता राख्नु नै प्रमुख कारण रहन गएको छ । परिणामस्वरुप आज राज्यका सबै अंग र संयन्त्रहरु जस्तै सरकार, संसद्, अदालत (न्यायालय), कर्मचारीतन्त्र, संवैधानिक निकाय र सुरक्षा निकायहरुमा भ्रष्टाचार व्यापक रुपमा मौलाएर गएको छ । कथंकदाचित भ्रष्टाचारमा मुछिएका उच्च पदस्थ व्यक्तिहरुलाई अख्तियार र सरकारले नाम मात्रको कारबाही गऱ्यो भने अदालतले उन्मुक्ति दिने अवस्था रहेको छ । यहाँनिर स्मरणीय त के छ भने लोकमानसिंह कार्कीजस्ता प्रतिगामी चरित्र र भ्रष्ट छवि भएको व्यक्तिलाई प्रचण्डको प्रस्ताव र सुशील कोइराला एवं झलनाथ खनालको समर्थनमा अख्तियार दुरुपयोग निवारण आयोग जस्तो भ्रष्टाचार नियन्त्रण गर्ने संवैधानिक निकायको प्रमुखमा नियुक्त गर्नसम्म लज्जाबोध गरेका थिएनन् ।

त्यसैगरी लोकतन्त्र जनताको आँखामा छारो हाल्ने विषय बनेको छ । यतिखेरको चुनावमा ने.कां. र एमाले र माकेले जसरी पनि चुनाव जित्ने र सत्तामा जाने बाटो लिएको प्रष्ट छ । उनीहरुले भ्रष्टाचारमा दण्डित भएका व्यक्ति र तत्वहरुलाई पार्टीको उच्च नेतृत्वमा ल्याउने राख्ने र गुण्डा नाइकेहरुलाई पार्टी नेता करार गरेर तिनलाई राजनीतिक संरक्षण प्रदान गर्दै आएका थिए । अहिलेको निर्वाचनमा समेत दलाल र तस्कर र गुण्डा नाइकेहरुलाई उम्मेदवार नै बनाएर सदाचार र निष्ठाको उपहार गरेका छन् । उदाहरणका लागि कांग्रेसले गणेश लामा, एमालेले दिपक मनाङ्गे र माकेले ल्हारक्याल लामालाई आत्मसात गरेबाट प्रष्ट हुन्छ ।

ने.कां.ले आफूलाई प्रजातान्त्रिक समाजवादी बताउँदै आएको छ भने एमाले र माकेले त वैज्ञानिक समाजवाद र साम्यवादी नै दावी गरेका छन् । संविधानमा समेत नेपाललाई समाजवादी राज्य बनाउने उल्लेख गरेका छन् । तर यी सबै उनीहरुका खोक्रा दावी मात्र हो । यस अगाडि नै चर्चा गरि सकियो कि देशका सार्वजनिक संस्थान र राज्यद्वारा सञ्चालित कलकारखानाहरु कमिशन खाएर कौदीको भाउमा दलाल पुँजीपतिहरुलाई बेचेको जगजाहेर नै छ । एमाले र माकेका अध्यक्षहरु ओली र प्रचण्डले त चुनावकै दौरानमा प्राइभेट अस्पताल उद्घाटन गर्दै चुनावपछि बन्ने उनीहरुको सरकारले तुरुन्त स्वीकृति प्रदान गर्ने भनेर खुलेआम बचनबद्धता जाहेर गरेका छन् । त्यतिमात्र होइन उनीहरु आफ्नो व्यक्तिगत स्वार्थ र सम्पत्ति आर्जनका लागि जोडतोडले लागेका छन् ।

निर्वाचनका दौरानमा ने.कां., एमाले र माकेले आ-आफ्नो गठबन्धनलाई बहुमत प्रदान गर्न जनतासमक्ष आह्वान गरेका थिए । बहुमत प्राप्त भएमा आफ्नो नेतृत्वमा बहुमतको स्थिर सरकार निर्माण गर्ने र त्यस्तो सरकारले देशलाई विकास र आर्थिक समृद्धितर्फ अघि बढाउने दावी गरेका थिए । उनीहरुको यसप्रकारको आह्वान र दावी जनताका आँखामा छारो हाल्ने र भ्रम छर्ने दुस्प्रचारबाहेक केही होइन । नेपालको इतिहासमा राणाले १०४ वर्षसम्म र पञ्चायतीले ३० वर्षसम्म अकष्टक र नेकाले २ पटकसम्म बहुमतको सरकार चलाएका थिए । त्यसैगरी नेका, एमाले र माके मिलेर पनि सरकार चलाएका हुन् । तर परिणाम राष्ट्रघात, जनघात, भ्रष्टाचार र नातावाद एवं कृपावादलाई चरम रुपमा फैलाउने काम मात्र भयो । त्यसैले एमाले र माकेको 'वाम' गठबन्धनले बहुमतको सरकार बन्दैमा गुणात्मक फरक नआउने निश्चित प्रायः छ ।

अहिलेको निर्वाचनमा पनि जनताले अहिलेसम्म आलोपालो सत्ता र सरकारमा गएका र देशविरोधी र जनविरोधी कार्य गरेका पार्टी र माकेको पक्षमा गरेका छन् । जनताको स्थिरता र समवृद्धिको चाहनालाई अन्यथा लिन र भन्न सकिंदैन । तर जनताको त्यो पवित्र चाहनाको प्रतिकूल नै कृयाकलाप हुने स्पष्टै छ । त्यस अवस्थामा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले देशका सम्पूर्ण अग्रगामी, प्रगतिशील र परिवर्तनकामी शक्तिहरुलाई एकजुट बनाएर वर्तमान प्रतिक्रियावादी संसदीय व्यवसथाको विकल्पमा संघीय जनगणतान्त्रिक व्यवस्थाको स्थापना गर्ने जुन उद्देश्य लिएको छ, त्यसको महत्व र औचित्य स्वतः स्पष्ट हुन्छ ।

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

# महाकाली नदी, त्रिदेशीय सीमा विवाद र अर्थराजनीति



● सीताराम तामाङ ●

१) **भूमिका :**

यो लेखकले २०२९ सालमा महाकाली नदी पार गर्दा नदीको पुलको बीच भागमा नेपाल - भारतको झण्डा क्रस पोजिशनमा राखिएको थियो । अहिले २०७४ मा जाँदा महाकाली नदी वारी (नेपालपट्टी) दुइ कि.मी. भित्र भारत सरकारको सीमा चौकी तैनाथ गरिएको र भारत गेट समेत निर्माण भइरहेको देखियो ।

देशभक्त नेपालीहरुले नेपालको सीमाभित्र पर्छन भनी दावी गर्दै आएका लिम्पियाधुरा उद्गम भएको काली नदी पूर्वका कुटी, नाभी, गुञ्जी, टिङ्कर र लिपुलेक भञ्ज्याङ नेपालको सरकारी नक्सा भन्दा बाहिर पर्छन् ।

सन् १९६२ देखि कालापानी क्षेत्रमा भारतीय फौजी क्याम्पहरु रहिआएका छन् ।

सन् २०१५ मे १५ (वि.सं. २०७२ जेष्ठ १) मा भारतीय प्रधानमन्त्री र चिनियाँ प्रधानमन्त्रीबाट जारी संयुक्त वक्तव्यमा लिपुलेक (चियाङ्ला) भञ्ज्याङलाई पनि दुई देशको व्यापारी नाका बनाउन दुबै पक्ष सहमत भएको भनिएकोछ ।

उक्त पृष्ठभूमिका महाकाली नदी नेपाल - भारत वीचको सीमा नदी होकि होइन र चीन - भारत - नेपालको त्रिदेशीय सीमा ९त्वष्वगलअतष्यल० कहाँ पर्दछ तथा यस क्षेत्रको अर्थराजनीतिक महत्व के छ ? भन्ने विषयमा छलफल केन्द्रित गरिनेछ ।

२) **के हो महाकाली नदी ?**

भनिन्छ नेपालको सीमाना पूर्वमा मेची नदी र पश्चिममा महाकाली नदी हुन । पश्चिम सीमाना भई बग्ने महाकाली नेपालको उत्तर-पश्चिम सीमानामा रहेको ब्यास हिमश्रिंखलाको खोचबाट निस्केको नदी हो । लिम्पियाधुरा यसको खास उद्गमस्थल हो । यो नदी उद्गमदेखि तराई - प्रवेशसम्म सीमा नदीको रुपमा बग्दछ र तराईमा प्रवेश गरेपछि अनेक भंगलामा छरिने र समय समयमा बाटो बदल्ने पनि गर्दै आएको छ । यो नदीको पूर्वपट्टी नेपालको दार्चुला, बैतडी, डडेलधुरा र कञ्चनपुर जिल्ला पर्दछन् । यो नदीको पश्चिमपट्टी भारतको पिथौरागढ र नैनिताल जिल्ला पर्दछन् । यो नदीको उद्धगमलाई भारत, चीन र नेपालको त्रिदेशीय सीमा विन्दु पनि मानिन्छ ।

सन् १८१६ मा भएको ईष्ट-इण्डिया कम्पनिसँगको असमान सुगौली सन्धिले (धारा-५) "नेपालका राजा, उनका बंशज तथा उत्तराधिकारीहरुले काली नदी भन्दा पारि रहेका मुलुकहरुको दावी तथा सम्बन्ध त्याग्नु पर्‍यो ।"+ त्यसपछि सन् १८६० मा नयाँ मुलुक फिर्ता गर्ने प्रत्यावर्तन सन्धि++ द्धारा ईष्ट -इण्डिया र नेपालको पश्चिमी सीमाना कायम भएको तथा उक्त दुवै सन्धिबाट कालीनदीलाई नै सीमा नदीको हैंसियत प्रदान गरिएको छ ।

तर १९१० मा इष्ट - इण्डिया कम्पनिले भारतको उत्तर प्रदेशको केही भूभागमा सिंचाई गर्ने उदेश्यले शारदा (महाकाली) नदीबाट सोलानी गोठ भएर नहर लैजान खोजे पछि सीमानालाई लिएर किचलो पर्दा सन् १९१५ मा नदीका वीच, वीचमा सीमास्तम्महरु गाडिएका थिए । तिनै सीमास्तम्महरुलाई नेपालको पश्चिमी सीमा मानेर सन् १९२० मा राणा र इष्ट-इण्डिया कम्पनि बीच शारदा ब्यारेज बनाउने संझौता भएको थियो । यो संझौताबाट पनि महाकाली नदी दुइ देशको सीमा नदी निर्धारित भएको देखिन्छ ।

शारदा (महाकाली) ब्यारेज बनाउने संझौता अनुसार उक्त ब्यारेज निर्माण, मरम्मत र संभारका लागि नेपालले इष्ट-इण्डिया कम्पनिलाई नेपालतर्फ २८९८.५ हेक्टर जमिन उपलब्ध गराएको थियो र सन् १९२८ मा ब्यारेज निर्माण कार्य पुरा हुदा उक्त जग्गाको सीमा छुट्याइएको थियो । त्यो बाँधबाट भारतलाई १५,००० क्यूसेक पानी र नेपाललाई (मई महिनादेखि अक्टोबरसम्म) ४६०-१,००० क्यूसेकसम्म र बाँकी समय (अक्टोबरदेखि - मईसम्म) १५० क्यूसेक पानी उपलब्ध गराउने प्रावधान राखिएको थियो । तर सन् १९७३ देखिमात्र विश्व ब्याङ्कको सहयोगबाट नेपालले त्यो पानीको केही अंश उपयोग गर्न पायो ।

नेपालले शारदा ब्यारेजको निर्माण, मर्मत र संभारका लागि भनेर भारतलाई २८९८ हेक्टर जमिन उपलब्ध गराएबापत भारतले पनि नेपाललाई ४०९४ हेक्टर भूमि नै सट्टाभर्ना गर्ने संझौता भएको थियो । तर त्यो भूमि नेपालले भारतबाट पाएको कुनै प्रमाण छैन । भनिन्छ त्यसवेला राणा प्रधान मन्त्री चन्द्र समशेरले जमिनको सट्टाभर्ना बापत कं. रु. ५०,०००|- लिएका थिए रे ! अंग्रेजभक्त राणा सरकारले गोरालाई चाकरी पुर्‍याउन "जो हाथ सो साथ" गरेर चित्त बुझाएको पनि हुन सक्तछ । यसरी यो संझौंता नेपालको हित प्रतिकूल भएको थियो ।

इष्ट-इण्डिया कम्पनिले नेपाललाई उपलब्ध गराउने जमिनको (अक्टोबर १२, १९२०) विवरण

| | Divisio | District | Site | Areas in Acre |
|---|---|---|---|---|
| 1. | Lueknow | Kheri | Sumerpur | 2914. |
| 2. | Fyzabad | Baharjich | Border | 569. |
| 3. | Do | Gonda | Near Koela | 65.3 |
| 4. | Do | Baharjich | Border | 516.2 |
| 5. | Do | Do | Do | 29.38 |

शारदा ब्यारेज परियोजनाको ५० वर्षको मात्रै थियो । त्यसैले त्यस ब्यारेजको बदलामा र त्यो भन्दा बढी क्षमता भएको टनकपुर ब्यारेज परीयोजना भारतले बनाएको देखिन्छ । त्यसो भएकोले शारदा बाँधको लागि भनेर नेपालले भारतलाई उपलब्ध गराएको भूभाग फिर्ता गरिनु पर्ने वा त्यसको सट्टामा भारतबाट नेपालले प्राप्त गरेको जमिन कहाँ, कहाँ छ ? खोजिनु पर्ने वा त्यसबारे लेनदेन के के हो ? दुवै देशका सरकार हरुद्धारा प्रष्ट गरिनु पर्ने हो+ । १९१५ का सीमास्तम्भहरु द्याएघब द्या, द्याएद्धब द्याए छद्या पनि गायव गरिएका छन् वा हराएका छन् । यसरी उक्त स्तम्भहरु समेत उखेलेर विस्तारवादी भारतले महाकाली नदी सीमा नदी हो भन्ने मान्यता समेतलाई कुल्चेर नेपाली भूमि मिच्न आइपुगेको छ । टनकपुर ब्यारेज परीयाजना त्यसैको नतिजा हो ।

३) **सीमा निर्धारणको आवश्यकता :**

भारतले १९८३ देखि नै महाकाली नदीमा टनकपुर ब्यारेज परियोजनाको निर्माण शुरु गरेको थियो । पुरानो ब्यारेजको समयावधि सकिएको र त्यसको सट्टामा नयाँ ब्यारेज बनाइएकोले नेपालले शारदा ब्यारेजको लागि उपलब्ध गराएको जमिनको पुनः सीमाङ्कन गर्न आबश्यक थियो । उक्त जमिन नेपाललाई फिर्ता दिने वा नेपाललाई उपलब्ध गराएको भूमि कहाँ पर्छ खोजी गरी भारतले पहिले उक्त कुरोको छिनोफानो गर्नु पर्ने थियो । तर त्यसको वास्तै नगरी शारदा बाँधकोलागि भनेर उपलब्ध गराइएको भूमिभित्रै भारतले अर्को टनकपुर बाँध परियोजना पनि निर्माण गर्‍यो । नेपालले शारदा ब्यारेजको लागि भनेर उपलब्ध गराएको भूमिको पूर्वी सीमालाई भारतले आफ्नो देशको सीमाना मात्र कायम गरेको छैन, बरु सीमा स्तम्भहरु द्याएघ देखि -द्याए छद्य सम्म गायब गरेर नेपालको अरु जग्गा पनि गोलमाल गरिदिएको छ । निरंकुश पञ्चायत शासकले त्यसबेला केही गर्न सकेन । यसको अर्थ थियो, तत्कालीन शासकवर्गमा देशभक्तिको भावनाको पूर्ण अभाव ।

सन् १९८८ मा टनकपुर ब्यारेजको निर्माण कार्य पुरा गरियो । ततपश्चात् पानी सञ्चयको लागि दायाँ र बायाँ तटबन्धनको निर्माण कार्य शुरु गरियो । उक्त परियोजनाको स्कीम अनुसार दायाँ तटबन्धको त कुरै भएन (किनभने त्यो भाग भारतमै पर्दथ्यो) तर देब्रे तटबन्धन भने नेपालको भूभागमा बनाउनु पर्ने थियो । त्यसका लागि बनाइएको गाइड बन्ड पनि द्याएघ को उत्तर दक्षिण रेखादेखि नै नेपालभित्र पर्न गएकोले भारतले १९८४ मा उक्त सीमास्तम्भ नै उखालेर फ्याँकिदियो । यस प्रकारका उक्त सीमा स्तम्भ हराएकोले, वास्तविक लेफ्ट् एफ्लक्स बण्ड कहाँ देखि शुरु हुन्छ भन्न अप्ठ्यारो भएको छ । अहिले मानिएको उक्त तटबन्धनको सीमा त भारतले भनेको मात्र हो, वास्तविक होइन । टनकपुर सम्झौंताले द्याउाघ, द्याउाघब बीचको १६०० फिट र त्यसभन्दा दक्षिण तर्फको ६०९ फिटगरी जम्मा ३२०९ फिट अर्थात ३६ एकड जमिन अहिले भारतमा मिसिन गएकोछ र भारत सरकारले त्यस भूमिलाई वृक्षरोपण गरी अहिले आफ्नो अधिनमा पारेको छ । त्यसदेखि बाहेक १९१५ मा गरिएको महाकालीको वास्तविक सीमा र १९२० मा शारदा ब्यारेजको लागि भनेर छुट्याइएको (हाल भारतले चर्चेको) सीमाबीच २८९८.८ एकड जमिन फरक पर्दछ । अर्थात हामीले १९१५ को सीमालाई मान्ने हो भने अहिले नेपालको जम्मा २८९८.८+३६.० एकड जमिन घट्न जान्छ । यसकारण महाकाली नदी प्रतिको हाम्रो धारणा, शारदा ब्यारेजले चर्चेको जमिनको स्वमित्व र सीमा निर्धारण, अहिले हराइरहेको सीमास्तम्भहरु र त्यस भित्रका जमिनहरुको खोजी गरी सीमाङ्कन गर्नुको विपरीत, आफ्नो दायित्व छोडेर गिरिजा सरकारले टनकपुर सम्झौंताबाट उक्त भूमिहरुमाथिको सबै हक अधिकार छोडेको थियो ।

यसरी महाकाली नदी तराईमा नेपाल-भारतको सीमा-नदी रहेन । भारतको एकलौटी भएकोछ ।

४) **महाकाली नदीको तराई क्षेत्रमा भारतीय अतिक्रमणको अर्थराजनीति**

सन् १९२०मा राणा सरकार र इष्ट-इण्डिया कम्पनि बीच शारदा ब्यारेज बनाउने संझौंता भई सो ब्यारेजको निर्माण १९२८ मा पुरा भएको थियो । त्यस बाँधबाट भारतलाई १५,००० क्यूसेक पानी र नेपाललाई मईदेखि अक्टोबर महिना सम्म ४६०-१,००० क्यूसेकसम्म तथा अक्टोबरदेखि मईसम्म १५० क्यूसेक पानी उपलब्ध गराउने प्राबधान राखिएको थियो । तर सन् १९७३ पछि मात्र विश्व ब्याङ्कको ऋण सहयोगमा नेपालले त्यो पानीको केही अंश उपयोग गर्न पाएकोछ ।

शारदा ब्यारेज निर्माण, मर्मत र संभारका लागि नेपालले इष्ट-ईण्डिया कम्पनिलाई २८९८.५ एकड जमिन उपलब्ध गराए बापत भारतले सट्टामा नेपाललाई ४०९४ एकड जमिन उपलब्ध गराउने संझौंता भए अनुसारको भारतबाट नेपालले जमिन पाएको देखिदैन । पशुपति समशेर राणाको अनुसार भारतले नेपाललाई ४००० एकड जमिन उपलब्ध गराएको र सो जमिन नेपालको हालको वर्दिया जिल्ला अन्तरगत परेकोछ । तर नेपालले प्राप्त गरेको उक्त जमिनको आधिकारिकता पुष्टि हुन सकेको छैन ।

भारतले नेपालको स्वीकृति विना नै १९८३ देखि महाकाली नदीमा टनकपुर ब्यारेज परियोजनाको निर्माण सुरु गरी १९८८ मा पुरा गर्‍यो । सो परियोजनाको स्किम अनुसार देब्रे तटबन्धन नेपालको भूभागमा बनाएकोछ । सो देब्रे तटबन्धनले द्याए(घ, द्याएघब नीचको १६०० फिट र त्यसभन्दा दक्षिणको ६०९ फिट गरी जम्मा ३२०९ फिट (३६ एकड) नेपालको जमिन कब्जा गरेकोछ । नेपालको तत्कालीन प्रधानमंत्री गिरिजा प्रशाद कोइरालाले भारत भ्रमणमा जाँदा (५-१० डि, १९९१) उक्त टनकपुर ब्यारेजका परियोजनाको देब्रे तटबन्धनका लागि थप ५७७ मिटर (२.९ एकड जमिन) नेपालको जमिन समेत भारत सरकारलाई अनिश्चित कालको लागि निशर्त भोगाधिकार दिएका थिए ।

सन् १९१५ को महाकालीको वास्तविक सीमालाई मानेर हेर्दा सन् १९२० मा शारदा ब्यारेजका लागि छुट्याइएको (हाल भारतले चर्चेको) सीमा बीच २८९८.५ एकड + टनकपुर देब्रे तटबन्धनले चर्चेको ३६ एकड +गिरिजाले देब्रे तटबन्धनका लागि थप गरिदिएको २.९ एकड (अर्थात २८९८.५+३६+२.९ एकड) जमिन जोडदा नेपालपट्टीको जम्मा २९३७.४ एकड जमिन घट्न आउँछ ।

भारतले शारदा परियोजनाबाट मात्र १७ लाख हेक्टर जमिन सिंचाई गर्दछ । टनकपुर परियोजनाबाट हाल ४४८.४ किलोबाट विजुली (वर्ष याममा) उत्पादन भइरहेकोछ । तर यसको क्षामता भने १२० मेगावाट बनाईएकोछ । टनकपुरबाट १२० मेगावाट विजुली त्यत्तिवेलामात्रै उत्पादन गर्न सकिन्छ जतिबेला पञ्चेश्वरमा ३१५ मिटर अग्लो ड्याम बनाएर पानी जम्मा गर्न सकिन्छ । पञ्चेश्वर मेगा परियोजनाको सहायक परियोजनाको रुपमा टनकपुर र शारदा परियोजना रहने छन् । पञ्चेश्वर सफल भएमा भारतको ३८ लाख हेक्टर जमिन सिंचाई हुन्छ भने नेपालको ४४ हजार हेक्टर जमिन मात्र सिंचाई हुन सक्तछ ।

पञ्चेश्वर बढी उचाईबाट कम पानी छोडेर विदुत निकाल्ने मेगा परियोजना हो । यसको क्षमता २०००-४००० मेगावाट रहनेछ । तर भारतको मुख्य चासो विजुली नभएर पानी हो । हाई ड्याम बनाएर पानी सञ्चय गर्नु हो । पञ्चेश्वर सहितको एकीकृत महाकाली विकास सन्धिले महाकाली नदीको ८७ प्रतिशत पानीमा भारतले अग्राधिकार कायम बनाएकोछ ।

५) **महाकाली नदीको मुहान यकिन गरिएको छैन**

सन् १८१६को सुगौली सन्धि र सन् १८६०को नयाँ मुलुक फर्काउने सन्धिबाट काली नदीले सीमा नदीको हैसियत प्राप्त गरे पनि नेपाल, भारत र चीनको समेत त्रिदेशीय-सीमा-विन्दु पर्ने कालीको मुहान ऐतिहासिक र बैज्ञानिक आधारमा यकिन गर्ने काम हुन नसकेकोले कालीको मुहान क्षेत्रमा पर्ने नेपाली भूभागमाथि इष्ट-इण्डिया र वर्तमान भारतले समेत पटक पटक सीमा मिच्ने काम गर्दै आएको देखिन्छ ।

सन् १९६२ मा चीन-भारत युद्धको बेलादेखि कालापाली क्षेत्रमा भारतको फौजी क्याम्प राख्ने गतिविधिलाई अनदेखा गर्ने कथित पञ्चायती राष्ट्रबादीहरु र राजा महेन्द्रले भारतले एकतर्फी प्रकाशित गरेका नेपालको सन् १८७९ र त्यस पछिका नक्साहरुले निर्धारण गरेका सीमालाई मानेको देखिन्छ ।

सन् १९६३मा नेपाल -चीन सीमा सम्झौता गर्दा ऐतिहासीक र बैज्ञानिक आधारमा त्रि-देशीय सीमा-विन्दु नछुट्याएको भएता पनि लिम्पियाधुरातर्फ इंङ्गित गर्दै "काली र पंखाखोलाको पानी ढलो, कर्णालीका सहायक नदीहरुको पानी ढलो र पंखाखोलाको पानी ढलो मिसिएको स्थानलाई नेपाल-चीनको सीमा विन्दु" भनिएको थियो । तर भारतले त्यसलाई मान्यता दिएन । त्यसबाट भारततर्फ नेपालको १६,१०० हे. पर्न जान्छ । सो लगायत थप ३५०० हे. जमिन समेत जम्मा १६,६०० हे. नेपाली भूमि दवाउने उदेश्यले कालापानीमा अतिक्रमण गरेको देखिन्छ ।

सन् १९९० पछि नेपालमा राजा समेतको संसदीय प्रजातन्त्र र सन् २००६ देखि राजाविनाको गणतन्त्रात्मक संसदीय प्रजातन्त्र आयो । तर भारतीय विस्तारवादको दलाल बनेका नेपालका सरकार चलाएका राजनीतिक पार्टीहरुले महाकाली नदीको मुहान कुन हो, र चिन, भारत र नेपालको त्रिदेशीय सीमा-विन्दु कुन हो भन्ने विषयमा ऐतिहासिक र बैज्ञानिक आधारमा छुट्याउन कुनै चासो लिएको देखिएको छैन ।

उपरोक्त पृष्ठभूमिमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको चीन भ्रमणको अवसरमा (सन् २०१५) चिनियाँ समकक्षीसँग जारी गरिएको संयुक्त बक्तब्यमा नेपाली भूमि लिपुलेक (चियाङ्ला) नाकालाई समेत चीन-भारतको ब्यापार बढाउन प्रयोग गर्न सहमत गरिएकोछ । (संयुक्त बक्तब्यको "अन्तरसीमा सहयोग उप-शिर्षक अन्तरगत २८ नं.बुदाँ)। नेपालका वर्तमान शासकहरुको दब्बुपनाको फाइदा भारत र चीनले उठाउने काम गरेकाछन् ।

उक्त कुराहरुबाट महाकाली नदीको मुहानको यकिनको कुरो होइन कि लिपुलेक (भन्ज्याङ) पनि नेपालको हातबाट गइसकेको प्रतित हुन्छ । राणाकालदेखिका शासकहरुले महाकाली नदीलाई सीमा नदी होइन कि शिर -पुछार काटेर सडकमा फ्याकिएको ढोडे सर्प जस्तो बनाएको छ । सो कुरा एकीकृत महाकाली सन्धिको प्रस्तावनामा यो नदीको हैसियत प्रष्ट गरेको छ, "अधिकांश भागमा सीमा नदी"

६) **महाकाली नदीको मुहान कुटीयाङ्दी भएका आधारहरु**

**१) जलश्रोत विज्ञानको आधार :**

जसरी गंगा बेसिनको जलाधार क्षेत्रबाट बगी आउने यमुना, भागरथी, अलकन्दा, मन्दाकिनी, रामगंगा, कर्णाली र गण्डकीका साथै सप्तकोशीका सबै सहायक नदीहरु गंगा बेसिनका नदी प्रणालीमा रहदाँ रहँदै पनि ती मध्ये नदीको लम्बाई, आ-आफ्नो जलाधार क्षेत्र तथा मुहानबाट आउने पानीको परिमाणको आधारमा गंगोत्रीबाट निस्कने भागीरथीलाई नै गंगाको मूल मुहान मानिन्छ र यसबारेमा कुनै विवाद पाइदैन । त्यसरी नै काली नदी बेसिनको जलाधार क्षेत्रबाट बगी आउने रंगुन, चल्थी, सरयु, चौलानी, गौरीगंगा, धौलीगंगा, अपि, टिकर र लिपु जस्ता थुप्रै नदीहरुमध्ये नदीको लम्बाई, जलधार क्षेत्र तथा मुहानबाट आउने पानीको परिणामको आधारमा लिम्पियाधुराबाट बगी आउने कुटियाङ्दी (कुटी=कालो+याङ्दी=नदी) लाई नै काली नदीको मूल मुहान मान्नु पर्ने तथ्यलाई नकार्न जलश्रोत विज्ञानको हिसाबले कुनै प्रमाणहरुको बलियो आधार पाइदैन ।

**२) सर्वे नक्साको आधार :**

क) ब्रिटिश सर्भेयर जे.वी. टासिनले सन् १८३७मा कलकत्ताबाट प्रकाशमा ल्याएको नक्सामा नेपालको पश्चिमोत्तर सीमाको भौगोलिक आधार हेर्दा काली कुटीयाङदीको प्रबाह लिम्पियाधुरातर्फबाटै आएको देखाएको छ । त्यसैगरी १८५६ को सर्भे अफ इण्डियाको नक्सामा पनि लिम्पियाधुरातर्फबाट आउने कुटीयाङ्दीलाई नै मूल काली नदी भनी देखाईएको पाइन्छ ।

ख) अमेरिकाद्वारा तयार पारिएको हवाई उडानहरुलाई निर्देशित गर्ने नक्सामा समेत नेपाल, भारत र चीनको त्रिबन्ध सीमा क्षेत्रलाई "सीमा विवाद रहेको क्षेत्र" भनी देखाइएको पाइन्छ ।

ग) २०४५ सालमा महाकाली अञ्चल प्रशासनको पहलमा मालपोत र नापी शाखा समेत संलग्न रहेको टोलीको कालापानी क्षेत्रको स्थलगत भ्रमणपछि स्केच गरिएको नक्सामा समेत लिम्पियाधुराबाट आएको कुटी नदीलाई नै काली नदी भनि देखाएको पाइन्छ ।

घ) उपग्रहबाट खिचिएको तस्वीरमा पनि काली नदीको प्राकृतिक प्रवाह र पानी ढलो लिम्पियाधुरा तर्फबाटै आएको प्रष्ट देख्न सकिन्छ ।

७) **महाकालीको मुहान क्षेत्रमा भारतीय अतिक्रमण हुनुका अर्थराजनीतिक कारणहरु :**

१) सैनिक गतिविधि संचालन गर्न र आपूर्ति मार्ग निर्माण गर्ने जस्ता सामरिक महत्वका काम गर्न भारतलाई सजिलो पर्ने भारतीय फौजी निष्कर्ष ।

२) लिपु भञ्ज्याङ्ग हुदै तिब्बतको ताक्लाकोटबाट शुरु भई मानसरोबर र कैलाश पर्वत जस्ता प्रसिद्ध पर्यटकीय स्थलहरुको सुगम प्रवेश विन्दुको रुपमा सो क्षेत्र रहनु ।

३) अफगानिस्तान, कजाकिस्तान र तुर्किमिनिया हुदै क्यास्पियन सागरसम्म र त्यसमा जोडिएका बाकु बन्दरगाह माफत युरोपसँग पनि व्यापारिक सम्पर्क मार्गको प्रवेशविन्दु रहेको सो क्षेत्रलाई भारतीय स्वामित्वमा राख्ने प्रयत्न गर्नु ।

४) नेपाललाई पहिले देखि नै विभिन्न असमान सन्धिहरु मार्फत बन्धनमा राखी जलश्रोत हात पारे झै महाकालीको पूरै मुहान क्षेत्रमा कब्जा बढी जलाधार क्षेत्र र बढी पानीको दावी गर्ने भरतको प्रभूत्ववादी मनसाय रहनु ।

५) "भारतको सुरक्षा सीमा भनेको हिमालय हो" भन्ने नेहरुको दृष्टिकोणलाई भारतीय शासकवर्गले अध्यावधि कायम राख्नु ।

६) स्फटिक (पारदर्शी ढुंगा) जस्ता बहुमूल्य खनिज पदार्थका साथै बहुमूल्य हिमाली जडिबुटीहरुको प्रचुर भण्डारलाई दोहन गर्ने भारतीय नियत ।

७) नेपालको राणा जहानीय एवं पञ्चे शासकहरुका साथै बहुदल प्राप्तिपछि पनि राजनीतिक पार्टीहरुको नेतृत्वलाई विभिन्न सन्धिमार्फत आफ्नो दवावमा पार्न सफल विदेशी शक्ति केन्द्रहरुलाई खुसी पार्ने होडमा संलग्न रहेका नेपालका राजनीतिक पार्टीहरु र सरकारमा समेत समर्पणवादी र दासत्ववादी मनोवृत्ति रहनु ।

८) **नेपाल सरकारको दायित्व के हुनु पर्दछ ?**

१. सर्वप्रथम कालापानी लगायत महाकालीको मुहान क्षेत्रमा रहेका भारतीय फौजहरु अविलम्ब हटाउन सरकारले पहल गर्नुपर्दछ ।

२. ऐतिहासिक दस्तावेज र प्रमाणका आधारमा नेपाल, भारत र चीनबीचको सीमाविन्दुको निर्धारण गर्न महाकालीको नदीको मुहान निक्यौंल गर्न आवश्यक भएकोले सो काममा नेपाल-भारत चीन त्रिपक्षीय सहमतिका लागि तीनवटै सरकारलाई एकै टेबुलमा राखी वार्ताद्धारा सीमाना निक्यौंल गर्ने गराउने पहल नेपाल सरकारले गर्नु पर्दछ । साथै महाकालीको मुहानदेखि दोभानसम्म सम्पूर्ण पश्चिमी सीमाको वैज्ञानिक सीमांकन अविलम्ब गराउनु पर्दछ ।

३) नेपाल सरकारले सुगौली सन्धि सम्बन्धी ऐतिहासिक दस्तावेज, नक्सा एवं चिठी पत्रहरु अबिलम्ब सार्बजनिक गर्नुपर्दछ ।

४) दार्चुलाको गोकुलेदेखि खलंगा-छाङरु हुदै कालापानी तथा टिकरसम्मको मोटरबाटो निर्माण गर्ने र कालापानी एवं टिंकर क्षेत्रमा नेपाली सेनाको ब्यारेक राख्ने तथा सीमा पुलिस र प्रहरी चौकीको स्थायी व्यवस्था गर्ने नेपाल सरकारले पहिलो प्राथामिकतामा राख्नुपर्दछ ।

५) उक्त क्षेत्रका जनतालाई चामल, नुन-तेल र अन्य खाद्यन्नका साथै दैनिक उपभोग्य वस्तुहरुको सस्तो र सुलभ आपूर्ति सरकारी निकायबाटै गरिनु पर्दछ ।

६) त्यस क्षेत्रका जनताको शिक्षा, रोजगारी तथा पशुस्वाथ्य सेवाको व्यवस्था गरी पशुपालन कार्यलाई प्रोत्साहन गर्ने र बहुमूल्य जडीबुटीहरुको संकलन र प्रशोधन गर्ने काममा जोड दिइनु पर्दछ ।

७) दार्चुला जिल्लाबाट मानसरोवर तथा कैलास पर्वत यात्रा गर्ने प्रवेश मार्गलाई आन्तरिक र वाह्य पर्यटकहरुका लागि खुल्ला गरी सो जिल्लालाई पर्यटकीय क्षेत्र घोषणा गर्नुपर्दछ ।

**पादटिप्पणी**

(१) "The rajah of Nepal renounces for Himself, His Heirs, and successors, all cljim to or connection with the countries lying to the west of the River Kali, and engages never to have any concern with those countries or the inhabitaants threof" (Peace treaty of 1815, Article-5).

(२) "The boundary Line surveyed by the British Commissionprs appointed for the purpose extending easdward from the River Kali or sardah to the foot of the Hills North of Bagowra Tal, and marked by pillars, shall hence forth be the Boundeary between the British province of oudh and the territories of Maharajah of Nepal" (Treaty concerning the retyrn of the New territory, 1860, Article-3).

(३) पशुपति समशेर राणाको अनुसार "(सन् १८१५ र १८६०) का सन्धिहरु पश्चात महाकाली नदीले धार परिवर्तन गरे पछि ई.सन् १९१३ र १९१६ मा गरी बम्ह्देवदेखि झिलमिलिया (सीमा स्तम्भ नं. १ देखि ३३) सम्मको क्षेत्रमा सोझो रेखाहरुले सीमाना निर्धारण भएकोछ र नेपालको दोधार चाँदनी क्षेत्र महाकाली नदीको पश्चिममा परेका छन् । शारदा बाँध निर्माण गर्दा तत्कालीन ब्रिटिश सरकारसँग सहमति भई सीमा स्तम्भ ३ देखि ८ सम्म १८९८.५ एकड जमिन भारतलाई दिएको कारण त्यस क्षेत्रमा महाकाली नदी पुरै भारतमा पर्न गएको हो" ९ःबजबपबषि त्वभबतथरु क्षउष्अिबतष्यलक ायच ल्भउबुकि म्भखभयिऊभलत, भमादथा ज्बचष द्यबलकज वजब , ज्ञढढट रु घढ(छट, बिष्तिउगच रुँभ्क्ऋ० ।

(४) पशुपति समशेर राणाको अनुसार "शारदा ब्यारेज निर्माणको समयमा नेपालले भारतलाई २८९८.५ एकड जमिन दिइको थियो । उक्त जमिनको बदलामा भारतले नेपाललाई बर्दिया जिल्लामा४००० एकड जमिन उपलब्ध गराएकोछ । सो जमिन बर्दिया जिल्लाका दोदरी, खैरी चन्दनपुर, मानपुर टपरा, भिमापुर र राजा गाउँ विकास समितिहरुमा पर्दछ (Maha Kali Treaty : Do Do )।

२०७४/०७/०७

## विश्वका प्रमुख संशोधनवादी गद्दारहरू

# संशोधनवादको जन्म र विकास



● हस्त बहादुर के.सी ●

संशोधनवाद भनेको पुँजीवाद हो । यसको स्रोत व्यक्तिवाद, निम्न पुँजीवाद, पुँजीवाद र साम्राज्यवाद हो । व्यक्तिवाद भनेकै पुँजीवाद र साम्राज्यवाद हो । वर्गसङ्घर्ष, सशस्त्र सङ्घर्ष तथा सर्वहारा अधिनायकत्वको परित्याग र मार्क्सवादका आधारभूत सैद्धान्तिक मान्यताहरूको तोडमरोड तथा अपव्याख्या गर्नु नै संशोधनवाद हो । अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा मार्क्सवादी र संशोधनवादी कार्यदिशाका बीचमा भीषण सङ्घर्ष चल्दै आएको छ ।

संशोधनवादको सङ्घर्ष पहिलो इन्टरनेसनल कालमा अराजकतावाद र अवसरवादका विरुद्ध परिलक्षित रहेको थियो भने दोस्रो अन्तर्राष्ट्रिय कालमा मुख्यतः पुँजीवादको साम्राज्यवादमा परिणत भइसकेपछिको अवस्थामा खुलेर प्रकट भएको थियो । त्यस्तै, तेस्रो अन्तर्राष्ट्रियदेखि यता मार्क्सवाद-लेनिनवाद-माओवादको विकाससितै संशोधनवाद पनि शास्त्रीय संशोधनवाद, आधुनिक संशोधनवाद, नवसंशोधनवाद समेत विभिन्न रूपमा प्रकट हुँदै आएको छ ।

अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा प्रकट हुँदै आएका सबैखाले संशोधवादको प्रभाव नेपालको कम्युनिस्ट आन्दोलन पनि पर्दै आएको छ । नेपाली कम्युनिस्ट आन्दोलनमा अवसरवाद, दक्षिणपन्थी संशोधनवाद, आधुनिक संशोधनवाद र नवसंशोधनवादको रूपमा प्रकट हुँदै आएको छ । यस आन्दोलनको पछिल्लो कडीको रूपमा एमाओवादीका नेता प्रचण्ड-बाबुराममा प्रकट भएको नवसंशोधनवाद सबैभन्दा खतरनाक प्रवृत्तिका रूपमा प्रकट भएको छ र यसले वर्तमान नेपाली कम्युनिस्ट आन्दोलन र नेपाली क्रान्तिलाई समेत गम्भीर क्षति पुऱ्याइरहेको छ । नेपालमा मार्क्सवादी र संशोधनवादी कार्यदिशाका बीचमा भीषण दुईलाइन सङ्घर्ष तथा विचारधारात्मक अन्तर्सङ्घर्ष चल्दै आएको छ र यसले नेपाली कम्युनिस्ट आन्दोलनमा टुटफुट पैदा गर्दै आएको छ ।

अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनका समृद्ध ऐतिहासिक अनुभव र तथ्यहरूमा आधारित भएर अर्थात् दुई गुणात्मक ढङ्गले भिन्न सिद्धान्त मार्क्सवाद-लेनिनवाद-माओवादको विकास र शास्त्रीय संशोधनवाद, आधुनिक संशोधनवाद, नवसंशोधनवादको प्रतिक्रियावादमा पतनको सारतत्वमाथि ध्यान दिनु आवश्यक हुन्छ ।

मार्क्सवाद सर्वहारा क्रान्तिको वैज्ञानिक सिद्धान्त हो यसका तीन सङ्घटक अङ्ग छन् । ती हुन्- दर्शन, राजनीतिक, अर्थशास्त्र र समाजवाद । मार्क्सवादको दर्शन द्वन्द्वात्मक एवम् ऐतिहासिक भौतिकवाद हो । मानव जातिको इतिहासको विकास प्रक्रियाको आर्थिक नियमहरूको भौतिकवादी अध्ययन गर्ने विज्ञानको नाम राजनीतिक अर्थशास्त्र हो । समाजवाद अन्तर्गत वर्ग- वर्गसङ्घर्ष, पार्टी, राज्यसत्ता, सर्वहारा अधिनायकत्व र ती सबैको विलुप्तिको वैज्ञानिक अध्ययन गरिन्छ । सर्वहारा क्रान्तिको यो वैज्ञानिक सिद्धान्त तमाम प्रकारका आदर्शवाद, अधिभूतवाद र कल्पनावादका विरूद्ध खडा छ । यो वैज्ञानिक सिद्धान्तसित सामना गर्न सक्ने क्षमता आज कसैसँग छैन । यो वैज्ञानिक र गतिशील सिद्धान्त भएकोले आज यो मार्क्सवाद-लेनिनवाद र माओवादका रूपमा विकसित भएको छ । यहाँनेर बुझ्नैपर्ने कुरा के हो भने मार्क्सवादको संशोधन, अपव्याख्या र पुनर्विचार गर्नु संशोधनवाद हो । मार्क्सवादको सैद्धान्तिक विजयको कारण आफ्नो पृथक अस्तित्व धान्न असमर्थ तमाम प्रकारका अवसरवादी तथा काल्पनिक समाजवादी धाराहरू मार्क्सवादको वैज्ञानिक धाराभित्र जब घुस्न पुग्छन्, त्यो बेला संशोधनवादको जन्म हुन्छ । मार्क्सवादको जन्मको लगत्तै प्रुंधो जस्ता अवसरवादीहरूको जन्म भयो । मार्क्सवादलाई पुरानो भइसकेको जडसुत्रवादी सिद्धान्त बताउँदै यसको संशोधन र पुनर्विचारको प्रस्तावना पेस गर्ने पहिलो व्यक्ति बर्नस्टाइन हुन् । अन्तर ाष्ट्रिय कम्युनिस्ट आन्दोलनमा संशोधनवादका दक्षिणपन्थी, उग्रपन्थी एवम् मध्यपन्थी रूपहरू विभिन्न कालखण्डमा देखापर्दै आएका छन् र यिनमा दक्षिणपन्थी संशोधनवाद-नवसंशोधनवाद नै अधिक विकृतिपूर्ण एवम् खतरनाक रहिआएको छ। संशोधनवादको शास्त्रीय संशोधनवाद-आधुनिक संशोधनवाद-नवसंशोधनवाद-प्रतिक्रान्तिको बाटो हुँदै प्रतिक्रियावादका रूपमा पतन हुन पुगेको छ । यी सबैखाले संशोधनवाद अन्तर्राष्ट्रिय परिघटनाका परिणाम हुन् जसको जन्म आधुनिक समाजको वर्गीय परिवेशमा हुन्छ । हरेक देशमा क्रान्तिका विशेषतासँगै सबैखाले संशोधनवादहरूले पनि आफ्ना विशिष्टताहरू जाहेर गर्ने गर्दछन् । सामाजिक र सैद्धान्तिक विशेषताहरू सहित संशोधनवादको जन्म हुने गर्दछन् । ऐतिहासिक तथ्यहरूले के पुष्टि गरेका छन् भने संशोधनवादको सामाजिक स्रोत निम्न पुँजीवाद र साम्राज्यवाद हो । संशोधनवादको साम्राज्यवादसँग घनिष्ट सम्बन्ध रहँदै आएको छ । साम्राज्यवादको जन्म इङ्ल्यान्डबाट भएको हो । जब साम्राज्यवाद अन्य देशहरूमा फैलँदै गयो, त्यसको प्रभावको कारण ती देशहरूमा पनि संशोधनवाद फैलिन पुग्यो । जर्मनीको लासाल र लासालवादीहरूमा पनि अनेकौं अवसरवादी विकृतिहरू पैदा हुँदै गएको कुराबारे मार्क्स-एङ्गेल्सले उद्घाटन गर्नुभएको छ । सैद्धान्तिक दृष्टिले हेर्दा संशोधनवादको वैचारिक स्रोत निम्न पुँजीवाद, पुँजीवाद र साम्राज्यवादी विचारधारा नै हो । संशोधनवादले मार्क्सवादका सङ्घटक अङ्गको बारेमा दर्शन, राजनीति अर्थशास्त्र र समाजवाद तीनवटै सङ्घटक अङ्गलाई संशोधित एवम् विकृत पार्दै आउने काम गरेको छ । दर्शनका क्षेत्रमा कान्टवाद, पत्यक्षवाद, अनुभववाद, व्यावहारिकतावाद, सङ्कल्पवाद, भँडुवावाद, विकासवाद र नानाथरिका विचारपन्थी सारसङ्ग्रहवादलाई आत्मसात गर्दै आएको छ । द्वन्द्वात्मक एवम् ऐतिहासिक भौतिकवादका विरूद्ध यसले अधिभूतवाद र आदर्शवादको पक्षपोषण गर्ने गर्दछ । राजनीतिक अर्थशास्त्रको क्षेत्रमा पुँजीवादी सङ्कट तथा मूल्य सिद्धान्तको विरोध गर्नु, साम्राज्यवादलाई प्रगतिशील देख्नु, नियोजित अर्थतन्त्रका विरूद्ध अराजक स्वतः स्फुर्तवादी उत्पादक शक्तिको सिद्धान्त अँगाल्नु यसका मूलभूत पक्ष हुन् । समाजवादको क्षेत्रमा यसले वर्गसङ्घर्ष, सर्वहारा अधिनायकत्व र हिंसापूर्ण क्रान्तिको सिद्धान्तको विरूद्ध वर्गसमन्वय पुँजीवादी अधिनायकतव र शान्तिपूर्ण सङ्क्रमणको सिद्धान्त अवलम्बन गर्दछ र मजदूर आन्दोलनलाई सुधारवादी, संसदवादी भासमा फसाउने यसका मूल विशेषता हुन् । हामीले प्राप्त गरेको ज्ञान के हो भने अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको इतिहासमा सर्वहारा क्रान्तिको सिद्धान्तको विकास जसरी मार्क्सवाद-लेनिनवाद-माओवादका तीन गुणात्मक चरणमा भएको छ, त्यसरी नै संशोधनवाद पनि शास्त्रीय संशोधनवाद-आधुनिक संशोधनवाद-नवसंशोधनवाद-प्रतिक्रियावादका रूपमा विकृत हुन पुगेको छ । सर्वहारा क्रान्तिको विकास वर्ग दुश्मनहरू, उनीहरूको विचारधारा तमाम अराजकतावादी तथा अवसरवादीहरू र नवसंशोधनवादीका विरूद्धको भीषण वर्गसङ्घर्ष र अन्तरसङ्घर्षको दुईलाइन सङ्घर्षका बिचबाट निकै जटिल, सङ्गीन र ओजपूर्ण रहेको छ । मार्क्सवाद इतिहास विज्ञानको महान् खोज थियो । वर्गसङ्घर्षको सर्वहारा अधिनायकत्वमा विकास र साम्यवादको स्थापना त्यसको खोजको केन्द्रीय कडी सर्वहारावर्गको अधिनायकत्व थियो । अराजकतावादीहरूले मार्क्सवादको त्यसै केन्द्रीय कडीमाथि प्रहार गरेका थिए । लासालवादीहरूको जोड त्यसै केन्द्रीय कडीका विरूद्ध स्वतन्त्र राज्यको पक्षपोषण गर्नु र स्वतन्त्रता, समानता, न्याय तथा भातृत्वका पुँजीवादी नारालाई अलङ्कृत गर्नु थियो । त्यसका निम्ति लासालवादीहरूले पार्टीमा विजातिय तत्वलाई भर्ने र पार्टीको वैचारिक बन्ध्याकरण गर्ने कुरामा पुरा जोड दिएका थिए । मार्क्स-एङ्गेल्सले ती सबका विरूद्ध लड्दै मार्क्सवादी सिद्धान्त, रणनीति तथा कार्यनीति र त्यसको संवाहक पार्टीलाई समेत स्थापित गर्नुभएको थियो । दोस्रो अन्तर्राष्ट्रिय कालमा बर्नस्टिनले तमाम काल्पनिक तथा अवसरवादी विचारहरूलाई समेट्दै तथा वर्गसङ्घर्ष, सर्वहारा अधिनायकत्व र हिंसापूर्ण क्रान्तिको सिद्धान्तका विरूद्ध वर्गसमन्वय, बालिक मताधिकार, पुँजीवादी अधिनायकत्व र शान्तिपूर्ण सङ्क्रमणको सिद्धान्तको वकालत गर्दै शास्त्रीय संशोधनवादको जग बसालेको थियो । यस अवधिमा अर्थवाद, मेन्से विकवाद, विर्सजनवाद, काउत्स्कीवाद लगायतका संशोधनवादका विविध रूपहरू प्रकट भएका थिए । गद्दार काउत्स्कीले बर्नस्टाइनको पदानुशरण गर्दै सर्वहारा अधिनायकत्व र बल प्रयोगको सिद्धान्तका विरूद्ध शुद्ध जनवादको पक्षपोषण गरेको थियो र उसले साम्राज्यवादलाई प्रगतिशील समेत बताएको थियो ।

आधुनिक संशोधनवादको सुत्रपात मुख्यतः ख्रुश्चेवबाट भयो । उसले सम्पूर्ण जनताको पार्टी, सम्पूर्ण जनताको राज्य र शान्तिपूर्ण सङ्क्रमणको सिद्धान्त अवलम्बन गर्दै तथा वर्गसङ्घर्ष सर्वहारावर्गको अधिनायकत्व र सशस्त्र सङ्घर्षको विरूद्ध भीषण हमला बोल्दै रूसमा पुँजीवादको स्थापना गऱ्यो । ख्रुश्चेवदेखि मिखाइल गोर्भाचोभसम्म आउँदा आधुनिक संशोधनवाद, सामाजिक फासीवादका रूपमा गिर्न पुग्यो । पछिल्लो अवधिमा आउँदा कामरेड माओत्सेतुङले एकातिर अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको गहन अध्ययन र अर्कोतिर स्वयम् चीनमै जटिल बन्दै गइरहेको पुँजीवादको पुनर्स्थापना रोक्नको लागि सर्वहारा अधिनायकत्व अन्तर्गत निरन्तर क्रान्ति जारी राख्ने सिद्धान्त प्रतिपादन गरी महान् १० बर्से सर्वहारा सांस्कृतिक क्रान्ति सञ्चालन गर्नुभयो । चीनको नयाँ जनवादी क्रान्तिदेखि आजसम्म आइपुग्दा दर्शन, राजनीतिक अर्थशास्त्र र समाजवाद तीनवटै क्षेत्रमा मार्क्सवाद-लेनिनवादको तेस्रो गुणात्मक शिखरका रूपमा माओवादको विकास भयो । अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलन यसरी मार्क्सवाद र संशोधनवादको भीषण द्वन्द्वको बिचबाट गुर्जँदै आउँदा क्रान्ति र प्रतिक्रान्तिका जित र हारका अनेकौं घट्नाहरू घटिसकेका छन् । सारमा संशोधनवादीहरूले क्रान्तिकारीहरूलाई उग्रवादी, आतङ्कवादी, जडसुत्रवादी आदि भनेर बदनाम मात्र गरेका छैनन्, भीषण भौतिक हमलासम्म गर्न पुगेका छन् । वास्तवमा संशोधनवादीहरू बर्नस्टाइन, काउत्स्की र ख्रुश्चेवभन्दा पनि अझै तल गिरेर ठाडै संसदीय प्रजातन्त्र, पुँजीवादी संसद र बहुलवादलाई आदर्श मान्दै युरो कम्युनिज्मको पतीत सिद्धान्त समेत अङ्गाल्न पुगेका छन् र आज संशोधनवाद नवसंशोधनवादमा विकास गरेर नाङ्गो पुँजीवादमा समेत गिर्न पुगेको छ ।

हामीले संञ्चालन गर्दै आएको वर्गसङ्घर्ष, अन्तःसङ्घर्ष र दुईलाइन सङ्घर्षको अध्ययन र अनुभवबाट के निष्कर्षमा पुग्न सकिन्छ भने अन्तर ाष्ट्रिय कम्युनिस्ट आन्दोलनभित्रको मार्क्सवाद र संशोधनवाद बिचको यो भीषण लडाइँ आज आएर एकातिर मार्क्सवाद-लेनिनवाद-माओवाद र अर्कोतिर शास्त्रीय संशोधनवाद-आधुनिक संशोधनवाद-प्रतिक्रियावाद बिचको लडाइँमा अभिव्यक्त हुन पुगेको छ । एकातिर अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको मार्क्सवाद र संशोधनवादका बिचको लामो ऐतिहासिक लडाइँका समृद्ध अनुभव एवम् शिक्षाको सार हो भने अर्कोतिर त्यस लडाइँको मार्क्सवाद र प्रतिक्रियावाद बिचको लडाइँमा रूपान्तरणको द्योतक पनि हो । यसरी आज मार्क्सवाद र नवसंशोधनवाद बिचको सङ्घर्ष सारमा भन्नुपर्दा माओवाद र प्रतिक्रियावाद बिचको भीषण सङ्घर्षमा बदलिन पुगेको छ ।

मार्क्सवादको उदयले विश्व मानव समाजमा ठुलो क्रान्ति ल्यायो र हलचल नै पैदा गरिदियो तर मार्क्सवादको जन्मसँगै यसको विरोधी धारा दक्षिणपन्थी संशोधनवादको पनि जन्म र विकास भयो, मार्क्सवादको जुन लेनिनवाद र माओवादमा विकास हुन पुग्यो । त्यसैगरी संशोधनवादले पनि शास्त्रीय संशोधनवाद, आधुनिक संशोधनवाद र प्रतिक्रियावादमा गुणात्मक रूपमा विकास गर्न पुग्यो । संशोधनवादको स्रोत साम्राज्यवाद, पुँजीवाद र निम्न पुँजीवाद हो, यसलाई लेनिनले अन्तर्राष्ट्रिय परिघटनाको रूपमा संश्लेषण गर्नुभएको छ । यस लेखमा पहिले मार्क्सवादी बनेर मार्क्सवादी धाराभित्र घुसेका र पछि संशोधनवादी बनेर मार्क्सवादका कट्टर हिमायती मात्र होइन, प्रतिक्रियावादमा पतन भइसकेका प्रुंधोदेखि लिएर ल्युशाओ ची, देङ शाओपिङसम्मका संशोधनवादी गद्दारहरूको बारेमा सामान्य जानकारी गराउने प्रयत्न गरिएको छ :

**पिचेर जोसे प्रुधौँ** (सन् १८०९-१८६५)

प्रुधौँ विख्यात फ्रान्सीसी पत्रकार, अर्थाशास्त्री र एवम् समाजशास्त्री थिए । सुरूमा प्रुधौँ मार्क्सवादका कट्टर समर्थक थिए । मार्क्स र एङ्गेल्सको पहलकदमीमा सन् १८६४ मा प्रथम अन्तर्राष्ट्रियको गठन भएको थियो । प्रुधौँ त्यसको अध्यक्षमा चुनिएका थिए । पछि प्रुधौँ समाजवादी नभएर एक अराजकतावादीका संस्थापक तथा मार्क्सवादका प्रमुख आलोचक बने । मार्क्सवादलाई अराजकता फैलाउने पहिलो व्यक्ति प्रुधौँ नै थिए । उनी साम्यवादी सिद्धान्तका कट्टर विरोधी र यसलाई उनले कमजोरीको शोषण मानेका थिए । उनले साम्यवादलाई काल्पनिक मानेका छन् । प्रुधौँले मार्क्सवादलाई "गरिबको दर्शन" भनेका छन् भने मार्क्सले प्रुधौँको दर्शनलाई "दर्शनको दरिद्रता" भन्नुभएको छ । प्रुधौँ राज्यशक्तिका विरोधी र स्वतन्त्रताका प्रबल समर्थक रहेका छन् । अन्तिममा प्रुधौँ प्रतिक्रियावादमा पतन हुन पुगेका छन् ।

**लुई ओग्युस्टिन ब्लाङ्की** (**सन् १८०५-१८८१**)

ब्लाङ्की फ्रान्सीसी युरोपियाई समाजवादी तथा असाधारण क्रान्तिकारी थिए र उनले फ्रान्सको सन् १८३० र १८४८ को क्रान्तिमा भाग लिएका थिए । उनलाई दुईचोटि मृत्युदण्डको सजाय सुनाइएको थियो । उनको आधा जीवन जेलमा नै बितेको थियो । उनले षड्यन्त्रको राजनीतिलाई आफ्नो विचार बनाएका थिए । उनले पुँजीवादको विरोध र सामाजिक क्रान्तिको समर्थन गरेका थिए । षड्यन्त्रको उनको कार्यनीति गलत भएकाले ब्लाङ्कीपन्थीहरूले असफलता भोग्नुपरेको थियो । क्रान्तिकारी पार्टीको नेतृत्वमा श्रमिकवर्गले भाग लिएर मात्र क्रान्ति सफल हुन्छ भन्ने उनले ध्यान नदिई षड्यन्त्रकारीलाई मात्र कार्यनीति बनाएको हुँदा उनका विचारमा त्रुटिरहेको पाइन्छ ।

ब्लाङ्कीवाद यो उग्रवामपन्थी अराजकतावादी प्रवृत्ति हो । यो मार्क्सवाद विरोधी विचारधारा हो । ब्लाङ्कीको प्रभाव प्रथम अन्तर्राष्ट्रिय र पेरिस कम्युनमा पनि परेको थियो । पेरिस कम्युनमा त उनको बहुमत थियो । मार्क्सले उनको क्रान्तिकारी स्पिरिटको उच्च मूल्याङ्कन गर्दै उनको वैचारिक खण्डन गरेका थिए । ब्लाङ्कीवादले सर्वहारावर्गको क्रान्तिकारी पार्टीको निर्माणमा जोड दिनुको साटो मुट्ठीभर व्यक्तिहरूको भूमिकामा जोड दिन्थ्यो । यसले जनतामाथि भर पर्ने र जनतालाई गोलबन्द गर्नुपर्ने र सर्वहारा अधिनायकत्व अन्तर्गत निरन्तर रूपमा क्रान्ति चलाउने वर्गसङ्घर्षको महत्वलाई अस्वीकार गर्दैथ्यो । यसले सर्वहारा अधिनायकत्व, वर्गहीन, राज्यविहीन स्थितिको विरोध गर्दथ्यो । ब्लाङ्कीवादलाई अनुशरण गरेकै महान् पेरिस कम्युन असफलता व्यहोर्नुपरेको तर्क पनि गरिएको पाइन्छ ।

**मिखाइल अलेक्सान्द्रोविच बाकुनिन** (**सन् १८१४-१८७६**)

बाकुनिन रुसी क्रान्तिकारी र अराजकतावादका एक सिद्धान्तकार थिए । उनले सन् १८४८-१८४९ मा जर्मनीको क्रान्तिमा सक्रिय भाग लिएका थिए । युरोपमा उनले अराजकतावादी आन्दोलन सङ्गठित गरेका थिए । बाकुनिनको दर्शनको मुख्य आधारमा राज्य नै मानिसको उत्पीडनको मुख्य तत्व हो भन्ने रहेको छ । उनी प्रथम अन्तर्राष्ट्रियको सदस्य बन्न सफल भएका थिए । उनले मार्क्स र एङ्गेल्सको घनघोर विरोध मात्र गरेनन् कि अन्तर्राष्ट्रिय मजदुर आन्दोलनको नेतृत्व हत्याउने प्रयत्न समेत गरेका थिए । सन् १८७२ मा प्रथम अन्तर्राष्ट्रियबाट बाकुनिनलाई कारबाही गरेर निकाला गरिएको थियो ।

*क्रमशः...*

फर्डिनान्ड लासाल

फर्डिनान्ड लासाल जर्मन मजदुर सङ्घका संस्थापक अध्यक्ष थिए । लासाल जर्मन मजदुर आन्दोलनका नेता, अराजकतावादको विशेष रूप र लासालवादका संस्थापक थिए अर्थात् मार्क्सवाद विरोधी अवसरवादी धाराका लासाल प्रमुख व्यक्ति थिए । उनले राज्यलाई वर्गभन्दा माथिको सङ्गठन मान्दथे । उनको आफ्नो अवसरवादी धार र प्रक्रिया राजतन्त्रसँग सम्झौतावादी थियो । लासालको विचारलाई लासालवाद भनिन्छ । अध्यक्ष लासालले त्यसबेलाको मजदुर आन्दोलनमा एक छुट्टै कार्यक्रम पेस गरेका थिए । वास्तवमा लासालको कार्यक्रम अर्थात् लासालवाद एक सुधारवादी कार्यक्रम थियो । मार्क्स र एङ्गेल्सले यस कार्यक्रमलाई मजदुर आन्दोलनको एक अवसरवादी भनी आलोचना गर्नुभएको थियो ।

एडवर्ड बर्नस्टिन (सन् १८५०-१९३२)

एडवर्ड बर्नस्टिन जर्मनका सामाजिक जनवादी क्रान्तिकारी मजदुर आन्दोलनका संशोधनवादी प्रवक्ता हुन । सन् १८८९ मा एङ्गेल्सको नेतृत्वमा दोस्रो इन्टरनेसनलको स्थापना गरिएको थियो । सन् १८९५ मा एङ्गेल्सको मृत्यु भयो । सन् १८९६-१८९८ मा बर्नस्टिनले समाजवादको समस्या भन्ने लेख शृङ्खला प्रकाशित गरेका थिए । ती लेखहरूमा उनले दर्शनशास्त्र, राजनीतिक अर्थशास्त्र तथा वैज्ञानिक समाजका सिद्धान्तका क्षेत्रमा मार्क्सवादको आधारभूत प्रस्तावनाको आलोचना गरेका थिए । फ्रेडरिक एङ्गेल्सको मृत्यु पश्चात् सन् १८९६ मा दोस्रो इन्टरनेसनलभित्र मार्क्सवादका विरुद्ध पहिलो पटक संशोधनवादको प्रस्ताव पेस गर्ने पहिलो व्यक्ति एडवर्ग बर्नस्टिन हुन् । उनले द्वन्द्वात्मक भौतिकवाद, वैज्ञानिक समाजवाद र सर्वहारावर्गको अधिनायकत्वलाई अस्वीकार गरी वर्गसङ्घर्षलाई समाप्त पार्दै लैजाने सिद्धान्त प्रतिपादन गरेका थिए । उनले क्रान्तिकारी सिद्धान्तलाई अस्वीकार गरी विकासवादको सिद्धान्त अनुसार स्वयम् वर्गसङ्घर्ष समाप्त हुँदै जाने र मजदुरले क्रान्तिबाट पुँजीवादलाई समाप्त गरी सर्वहाराको नेतृत्वमा समाजवादको स्थापनालाई ...बाँकी ८ पेजमा



वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

# पार्टीको कार्यशैलीमा सुधार



● माओत्सेतुङ ●

यस संसारमा एउटै खालको मात्र सच्चा सिद्धान्त हुन्छ अर्थात् त्यो सिद्धान्त जसलाई वस्तुगत यथार्थबाट निकालिएको र बस्तुगत यथार्तकै कसीमा जाँचिएको छ, हाम्रो विचारमा यस भन्दा अर्को सिद्धान्त भन्न लायकको चीज हुँदैहुँदैन । स्टालिनले भन्नुभएको छ- व्यवहारसँग नगाँसिएको सिद्धान्त निरुद्देश्य हुन्छ । निरुद्देश्य सिद्धान्त व्यर्थको र झुटो हुन्छ र यसलाई त्याग्नै पर्छ । निरुद्देश्य सिद्धान्तको पण्डित्याई छाँट्न मन पराउनेहरू तर्फ हामीले तिरस्कारपूर्ण औंलो ठड्याउनु पर्छ ।

अध्ययनको शैलीलाई सुधार्न मनोगतवादसँग जुध्नु, पार्टी सम्बन्धको शैलीलाई सुधार्न संकीर्णतावादसँग जुध्नु र लेखन शैलीलाई सुधार्न फोस्रो पार्टी लेखनसँग जुध्नु । हाम्रो अगाडि रहेका अभिभारा हुन् ।

शत्रुको तख्ता पल्टाउने अभिभारा पुरा गर्नको लागि हामीले पार्टीभित्र यी शैलीहरुलाई सुधार्ने अभिभारा पूरा गर्नैपर्छ । अध्ययन शैली र लेखन शैली पनि पार्टीकै कार्यशैलीभित्र पर्दछन् । एक पटक पार्टीको कार्यशैलीलाई पूरापूरा ठीक पार्नासाथ मुलुकभरिका जनताले हाम्रो उदाहरणबाट सिक्नेछन् । यस्तै खालको कार्यशैली अँगाली रहेका पार्टी बाहिरका मानिसहरु मध्ये जो जो असल र इमान्दार छन्, तिनले पनि हाम्रो उदाहरणबाट सिक्नेछन् र आफ्ना गल्तीहरु सच्याउने छन् र यसरी सिङ्गै मुलुकभरि नै यसको प्रभाव पर्नेछ । जबसम्म हाम्रा कम्युनिष्ट पंक्तिहरु सुव्यवस्थित हुन्छन् र एकसाथ पैतला मिलाएर अघि बढ्दछन्, जबसम्म हाम्रा पल्टनहरु अब्बल दर्जाका पल्टन हुन्छन् र हाम्रा हतियारहरु असल हतियार हुन्छन्, तबसम्म कुनै शत्रुको तख्ता पल्टाईदिन सकिन्छ, चाहे त्यो जतिसुकै शक्तिशाली नै किन नहोस् ।

म मनोगतवादको कुरा गर्न चाहन्छु ।

मनोगतवाद एउटा अनुचित अध्ययन शैली हो, मार्क्सवाद-लेनिनवाद विरुद्ध चल्छ र कम्युनिष्ट पार्टीसँग यसको च्याङ्-ठ्याङ मिल्दैन । हामीले चाहेको कुरा त मार्क्सवादी-लेनिनवादी अध्ययनशैली मात्र नभइकन सिङ्गो पार्टीको अध्ययनशैली हो । यो हाम्रो नेतृत्वदायी अङ्गहरुमा रहेका कमरेडहरुको, सबै काडरहरु र पार्टी सदस्यहरुको चिन्तन पद्धतिको सवाल हो, मार्क्सवाद-लेनिनवादप्रतिको हाम्रो दृष्टिकोणको, सबै पार्टी कमरेडहरुको सवाल हो । यस प्रकारले, यो असाधारण महत्वको सवाल हो, साँच्चि नै प्राथमिक महत्वको सवाल हो ।

पार्टी स्कूलका हाम्रा कमरेडहरुले मार्क्सवादी सिद्धान्तलाई एउटा निस्प्राण जडसुत्र ठान्नुहुन्न । मार्क्सवादी सिद्धान्तमा दख्खल प्राप्त गर्नु र त्यसलाई लागू गर्नु जरुरी छ, त्यसलाई लागू गर्ने उद्देश्यले त्यसमा दख्खल प्राप्त गर्नु जरुरी छ । तपाई एक-दुईवटा व्यवहारिक समस्याहरुको विवेचना गर्ने काममा मार्क्सवादी-लेनिनवादी दृष्टिकोण लागू गर्न सक्नुहुन्छ भने तपाईको प्रशंसा हुनुपर्छ र तपाईलाई केही उपलब्धी हासिल गरेको जस दिनुपर्छ । तपाईले यस ढंगले जति बढी समस्याहरुको विवेचना गर्दै जानुहुन्छ र जति व्यापक तथा गहन विवेचना गर्नुहुन्छ, तपाईको उपलब्धि त्यति नै ठूलो हुनेछ । मार्क्सवादको अध्ययन गरेपछि हाम्रा शिष्यहरुले समस्याहरुलाई कसरी हेर्छन्, तिनले समस्याहरुलाई प्रष्टरुपले हेर्छन कि हेर्दैनन् र निपूर्णतासाथ हेर्छन् कि हेर्दैनन् त्यसको आधारमा हाम्रो पार्टी स्कूलले पनि असल र कमजोर शिष्यहरुको स्तर छुट्याउने नियम निर्धारित गर्नुपर्छ ।

अब हामी 'बुद्धिजीवीहरु'को सवाल बारे कुरा गरौं । चीन अर्धऔपनिवेशिक, अर्धसामन्ती मुलुक भएको हुनाले र चीनको संस्कृतिको राम्रो विकास नभएको हुनाले, बुद्धिजीवीहरुको विशेष महत्व छ । पार्टी केन्द्रीय समितिले दुई वर्ष भन्दा पनि अघि बुद्धिजीवीहरुको सवालबारे के निर्णय लिएको थियो भने हामीले व्यापक बुद्धिजीवीहरुलाई हाम्रो पक्षमा ल्याउनुपर्छ र जबसम्म उनीहरु क्रान्तिकारी हुन्छन् र जापानको प्रतिरोध गर्नमा तत्पर रहन्छन्, तबसम्म हामीले ती सबैलाई स्वागत गर्नैपर्छ । बुद्धिजीवीहरुलाई आदर गर्नु हाम्रो लागि पच्चीसै आना सही कुरा हो, किनभने क्रान्तिकारी बुद्धिजीवीहरु नभइकन क्रान्तिले विजय प्राप्त गर्न सक्दैन । तर हामीलाई के कुरा थाहा छ भने धैरै त्यस्ता बुद्धिजीवीहरु पनि छन् जसले आफूलाई खूब विद्वान ठान्दछन् र पण्डित्याईको धाक जमाउँछन्, तर यस्तो धाकरवाफ खराब र हानिकारक हुन्छ र यसले तिनको आफ्नै प्रगतिमा बाधा पार्छ भन्ने कुरा चाहिँ तिनले बुझ्दैनन् । तिनले सजग हुनुपर्ने सत्य कुरा त के हो भने धैरै तथाकथित बुद्धिजीवीहरु, वास्तवमा, अपेक्षाकृत रुपले भन्ने



हो भने, ज्यादै अज्ञान हुन्छन् र कहिले काहीं त मजदुर तथा किसानहरुले तिनले भन्दा बढी कुरा जानेका हुन्छन् । यहाँ कसैले भन्ला, 'वाह ! तपाई त सुल्टोलाई उल्टो पार्दै ब्यर्थको कुरा गर्दै हुनुहुन्छ ।' (हाँसो) तर कमरेडहरु हो, उत्तेजित नहुनुहोस्, मैले भनिरहेको कुरामा पनि केहि न केहि अर्थ त छ ।

ज्ञान भनेको के हो ? वर्गसमाजको उदय भएदेखि केवल दुई किसिमको ज्ञान देखिएको छ -उत्पादन संघर्षको ज्ञान र वर्ग संघर्षको ज्ञान । प्रकृति विज्ञान र सामाजिक विज्ञान यिनै दुई किसिमको ज्ञानको निचोड हुन् र दर्शनशास्त्र चाहिँ प्रकृति सम्बन्धी ज्ञान र समाज सम्बन्धी ज्ञानको सामान्यीकरण र एकत्रिकरण हो । के ज्ञानको अर्को कुनै प्रकार छ र ? छैन । अब हामी ती खास विद्यार्थीमाथि एक दृष्टि दिऔं, जसको शिक्षा-दिक्षा त्यस्ता पाठशालाहरुमा भएको छ, जुन पाठशालाहरु समाजका व्यावहारिक कार्यकलापहरुबाट पूरापूर अलगिएका छन्, तिनको हालत कस्तो छ त ? एउटा मासि यस खालको प्राथमिक पाठशालाबाट क्रमश यस्तै खालको विश्व-विद्यालयमा पुग्छ, स्नातक बन्दछ र आफूसँग ज्ञानको भण्डार छ भन्ने ठान्दछ तर उसँग भएको सबै ज्ञान किताबी ज्ञान हो, उसले अझसम्म कुनै पनि व्यवहारिक कार्यकलापमा भाग लिएको अर्थात् आफूले आर्जन गरेको ज्ञान जीवनको कुनै क्षेत्रमा पनि लागू गरेको छैन । यस किसिमको व्यक्तिलाई पूर्ण विकसित बुद्धिजीवी मान्न सकिएला र ? मेरो विचारमा त त्यस्तो मान्न गाह्रै पर्ला, किनभने उसको ज्ञान अझै अपूर्ण छ । उसोभए अपेक्षाकृत रुपले पूर्ण ज्ञान कुन हो त ? सबै अपेक्षाकृत रुपले पूर्ण ज्ञानसम्म पुग्न दुई चरणहरुबाट गुज्रनुपर्छ, पहिलो चरण इन्द्रियग्राहय ज्ञानको विकासको उच्च स्तरीय अवस्था हो । विद्यार्थीहरुको किताबी ज्ञान कस्तो खालको ज्ञान हो त ? तिनको सबै ज्ञानलाई सत्य मान्ने हो भने पनि यो तिनले आफ्नै व्यक्तिगत अनुभवबाट आर्जन गरेको ज्ञान चाहिँ होइन, तर यो त तिनका पुर्खाहरुले उत्पादनको निम्ति गरेको संघर्ष र वर्गसंघर्षका अनुभवहरुको सार खिचेर निर्धारित गरेका सिद्धान्तहरुमा रहेको ज्ञान हो । विद्यार्थीहरुले यस किसिमको ज्ञान आर्जन गर्नु ज्यादै जरुरी छ, तर तिनले बुझ्नै पर्ने कुरा के हो भने तिनको आफ्नै हकमा यस्तो ज्ञान एक अर्थमा अझै एकतर्फी नै हुन्छ, यो त्यस्तो ज्ञान हो जसलाई अरुहरुले त सही सिद्ध गरेका छन् तर उनीहरु स्वयम्ले भने अझै गरेका छैनन् । सबभन्दा महत्वपूर्ण करो त के हो भने यस ज्ञानलाई जीवन र व्यवहारमा लागू गर्नमा निपूर्ण हुनुपर्छ । त्यसकारण, खाली किताबी ज्ञान आर्जन गरेका तर अझसम्म वास्तविकतासँग सम्पर्कमा नगाँसिएका मानिसहरुलाई, र थोरै व्यवहारिक अनुभव हासिल गरेका मानिसहरुलाई पनि आफ्ना कमजोरीहरु महसुस गर्न र अलिक बढी विनम्र हुन म सल्लाह दिन्छु ।

किताबी ज्ञान मात्र आर्जन गरेका मानिसहरु कसरी साँचो अर्थमा बुद्धिजीवीमा फेरिन सक्छन् त ? यसको एउटै मात्र उपाय हो -तिनलाई व्यवहारिक कार्यमा भाग लिन र व्यवहारिक कार्यकर्ता बन्न लगाउनु, सैद्धान्तिक कार्यमा तल्लिन रहेका मानिसहरुलाई महत्वपूर्ण व्यवहारिक समस्याहरु अध्ययन गर्न लगाउनु । हाम्रो उद्देश्य यसरी पुरा हुन सक्छ ।

मैले भनेको कुराबाट सम्भवतः केही मानिसहरुलाई रिस उठ्ला । तिनले भन्लान्, 'तपाईको व्याख्या अनुसार त मार्क्सलाई पनि बुद्धिजीवी मान्न नसकिने भयो नि त ।' म भन्छु- तिनको भनाई गतल छ । मार्क्सले क्रान्तिकारी आन्दोलनको व्यवहारमा भाग लिनुभयो र क्रान्तिकारी सिद्धान्तको सिर्जना पनि गर्नुभयो । पुँजीवादको सबभन्दा साधारण तत्व मालबाट थालेर उहाँले पुँजीवादी समाजको आर्थिक ढाँचाको साङ्गोपाङ्गो अध्ययन गर्नुभयो । लाखौं करोडौं मानिसहरु दिनदिनै माल देख्दथे र तिनको प्रयोग गर्दथे, तर उनीहरु यसमा के विधि अभ्यस्त भएका थिए भने यस कुरातर्फ तिनले ध्यान नै दिदैनथे । मार्क्सले मात्र वैज्ञानिक ढंगले मालहरुको अध्ययन गर्नुभयो । उहाँले मालहरुको वास्तविक विकास प्रक्रियाबारे महान् अनुसन्धान कार्य गर्नुभयो र विश्वव्यापी रुपमा विद्यमान बस्तुबाट एउटा पूरापूर वैज्ञानिक सिद्धान्तको खोजी गर्नुभयो । उहाँले प्रकृति, इतिहास र सर्वहारा क्रान्तिको अध्ययन गर्नुभयो र द्वन्दात्मक भौतिकवाद, ऐतिहासिक भौतिकवाद र सर्वहारा क्रान्तिको सिद्धान्तको सिर्जना गर्नुभयो । यसरी मार्क्स मानव विवेकको सर्वोच्च शिखरको प्रतिनिधित्व गर्ने एकजना अत्यन्त पूर्ण विकसित बुद्धिजीवी बन्नुभयो । म उहाँ किताबी ज्ञान मात्र आर्जन गरेका मानिसहरुभन्दा आधारभूत रुपमा नै बेग्लै हुनुहुन्थ्यो । मार्क्सले व्यवहारिक संघर्षहरुको क्रममा व्यापक जाँचबुझ र अध्ययन गर्नुभयो, सामान्यीकरणहरु गर्नुभयो र त्यसपछि आफ्ना निस्कर्षहरुलाई व्यवहारिक संघर्षहरुको कसीमा राखेर सही सिद्ध गर्नुभयो- हामी यसैलाई सैद्धान्तिक कार्य भन्दछौं । हाम्रो पार्टीलाई थुप्रै त्यस्ता कमरेडहरुको खाँचो छ, जसले यस्तो काम गर्ने तरिका सिकून् । हाम्रो पार्टीमा यस्तो खालको सैद्धान्तिक अनुसन्धान कार्य सिक्न सक्ने धैरै कमरेडहरु छन्, ती मध्ये धैरैजसो जेहेन्दार र होनहार छन् र हामीले तिनलाई ठूलो आदर गर्नुपर्दछ । तर तिनले मार्क्सवादी सिद्धान्तहरुको आधारमा चल्नु पर्छ र विगतका गल्ती दोहऱ्याउनु हुँदैन । तिनले जड्सूत्रवादलाई त्याग्नुपर्छ र पुस्तकका तम्तयार वाक्यांशहरुमा सीमित रहनु हुँदैन ।

यस संसारमा एउटै खालको मात्र सच्चा सिद्धान्त हुन्छ अर्थात् त्यो सिद्धान्त जसलाई वस्तुगत यथार्थबाट निकालिएको र बस्तुगत यथार्तकै कसीमा जाँचिएको छ, हाम्रो विचारमा यस भन्दा अर्को सिद्धान्त भन्न लायकको चीज हुँदैहुँदैन । स्टालिनले भन्नुभएको छ- व्यवहारसँग नगाँसिएको सिद्धान्त निरुद्देश्य हुन्छ । निरुद्देश्य सिद्धान्त व्यर्थको र झुटो हुन्छ र यसलाई त्याग्नै पर्छ । निरुद्देश्य सिद्धान्तको पण्डित्याई छाँट्न मन पराउनेहरु तर्फ हामीले तिरस्कारपूर्ण औंलो ठड्याउनु पर्छ । मार्क्सवाद-लेनिनवाद वस्तुगत यथार्थबाट जन्मेको र त्यसैको कसीमा जाँचिएको सबैभन्दा सही वैज्ञानिक र क्रान्तिकारी सत्य हो, तर मार्क्सवाद लेनिनवादको अध्धयन गर्ने धैरै मानिसले यसलाई निस्प्राण सूत्र ठान्दछन्, र यसरी तिनले सिद्धान्तको विकासलाई अवरुद्ध पार्छन् र आफू र अरु कमरेडहरुलाई हानी गर्दछन् ।

अर्कोतिर व्यवहारिक कार्यमा लागेका हाम्रा कमरेडहरुले आफ्नो अनुभवको दुरुपयोग गरे भने तिनले पनि नोक्सान बेहोर्नु पर्नेछ । सत्य कुरा के भने, यी मानिसहरु अक्सर गरेर ज्यादै मुल्यवान किसिमको अनुभवका धनी हुन्छन् तर उनीहरु आफ्नो अनुभवबाट सन्तुष्ट भएर बसे भने यो ज्यादै खतरनाक कुरा हुनेछ । तिनीहरुले के कुरा महशुस गर्नैपर्छ भने तिनको ज्ञान अधिकांश रुपमा इन्द्रियग्राहय र विस्तृत ज्ञानको अभाव हुन्छ, अर्को शब्दमा, तिनीहरुमा सिद्धान्तको अनुभव हुन्छ र तिनीहरुको ज्ञान पनि अपेक्षाकृत रुपले अपूर्ण हुन्छ । तुलनात्मक दृष्टिले पूर्ण ज्ञान क्रान्तिकारी कार्य बेगर राम्ररी गर्नु असम्भव छ ।

*('कम्युनिष्ट नैतिकता' पुस्तकबाट)*

# निर्वाचनपछि देजमोका उम्मेदवारहरुको प्रतिक्रिया



**ओम गुरुङ (समानुपातिक सदस्य)**

अन्ततः २०७४ सालको संसदको आबधिक निर्बाचन दुई चरणमा गरी मंसीर १० र २१ गते सम्पन्न भयो । यो निर्बाचनमा म र मेरो संगठन नेकपा (क्रान्तिकारी माओबादी) संबध्द देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाललाई मुठ्ठी चिन्हमा मतदान गर्ने सम्पूर्ण नेपाली न्यायप्रेमी दाजुभाई दिदिबहिनीहरू तथा चुनाब प्रचारप्रसार अभियानको दौरानमा अहोरात्र खतेका मेरो गाउँका कलाकार लगायत सबै युवा बर्ग र गाउँले दाजुभाई, ईस्त-मित्रहरूलाई म र मेरो संगठनको तर्फबाट हार्दिक आभार ब्यक्त गर्न चाहन्छु । प्रतिक्रियाबादी सरकारले निर्बाचन स्वतन्त्र, निस्पक्ष, स्वच्छ र धाँधली तथा भयरहीत हुन्छ भनी ठूलाठूला स्वरमा प्रचारप्रसार गरेता पनि निर्बाचन उनीहरूले भनेजस्तो गरी सम्पन्न हुन सकेन । यसपालीको संसदीय निर्बाचनमा पनि सदा झै राज्य शक्ति र श्रोतको अत्यधिक दुरूपयोग, धनबल र बाहुबलको प्रयोग, धाँधली, बुथ क्याप्चर, डर, धम्की र भय त्रास, प्रलोभन, ललाई फकाई, मतदाता खरिद बिक्री आदिको ब्यापक चलखेल भयो । त्यसको अलाबा ३ प्रतिशत सीमा कटाउनु पर्ने बाध्यात्मक कानुन आदिका कारण हाम्रो जस्तो आमुल परिबर्तनकारी, देशभक्त तथा जनबादी राजनीतिक दल र हामी जस्ता उपेक्षित र उत्पीडीत जाति जनजाति र बर्ग, लिंग र क्षेत्रको हक अधिकारको पक्षमा सदा समर्पित र संघर्षरत उम्मेदबारहरूको पक्षमा निर्बाचनको परिणाम आउछ भनी धुक्क हुने अवस्था छैन । तथापि हाल सम्पन्न प्रदेशसभा र प्रतिनिधिसभाको चुनाबले गर्दा नेपाली जनताको घरदैलोमा पुग्ने र जनताका चाहना र भावना बुझ्ने, हामीले उठाएका आदिबासी जनजाति लगायत दलित, मधेसी, मुस्लिम, महिला, खसहरूको पहिचान र अधिकारका मुद्दाहरूबारे जनतालाई सचेत बनाई उनीहरूलाई संगठीत गर्ने, प्रतिक्रियाबादी र पश्चगामीहरूको जनबिरोधी र राष्ट्रघाती कुकृत्यहरूको भण्डाफोर गर्ने तथा नेकपा (क्रान्तिकारी माओबादी) को संयुक्त मोर्चा देजमो, नेपाललाई जनताबीच स्थापित गर्ने जस्ता अवसर प्रदान गर्यो । देशब्यापी चुनाबी अभियानको सन्दर्भमा भएको घरदैलो कार्यक्रमका बेला नेपालका तमाम आदिबासी जनजाति लगायत अन्य उपेक्षित र उत्पीडीत र शोषित पीडित जनताले मलाई दिएको सहयोग, समर्थन र म प्रति उनीहरूले देखाएको विश्वास, सम्मान र सदभाव तथा मबाट उनीहरूले राखेको आशा अपेक्षाबारे उनीहरूकै मुखबाट म आफैले जान्न सुन्न पाउदा म अत्यन्तै गौरवान्बित भएको छु । मेरो लागि चुनाव जित्नु र हार्नुले भन्दा जनताको मन र विश्वास जित्नुले ठूलो अर्थ र महत्व राख्छ । यसको लागि मलाई माया र बिश्वास गर्ने सबैलाई पुनः धन्यबाद दिन चाहन्छु ।



**हिरामणि दुःखी (दाङ ३)**

मलाई र हाम्रो पार्टीका सबै उमेद्वारलाई मतदान गर्नुहुने दाङका सम्पुर्ण मतदाताहरुमा धन्यावाद व्यक्त गर्दछु । अब हामी मतदाताज्युहरुमा सङ्गठन निर्माणका लागि र हामिलाई मतदान नगर्नु भएका जनतामा विचार लिएर आउने वाचा गर्दछु ।



**सुरेश श्रेष्ठ (काठमाडौं १०)**

मुठ्ठी चिन्हमा भोट हालेर सहयोग गर्नु हुने काठमाडौं १० नं क्षेत्रका जनसमुदाय सबैमा हार्दिक धन्यवाद ! विजयी सम्पूर्ण उम्मेदवारहरुलाई हार्दिक बधाईका साथ जनताको अपेक्षालाई पुरा गर्न सफल होस् शुभकामना पनि ब्यक्त गर्दछु । बैद्य माओवादी पार्टी पंक्तिको बारेमा जनस्तरबाट आएका सकारात्मक तथा नकारात्मक सुझावहरुलाई समिक्षाद्वारा हल गर्ने प्रतिवद्धताका साथ समग्र पंक्ति जनस्तरमा घुलमिल हुने व्यवहारिक योजनासहित जनतामाझ आउने प्रतिबद्धता ब्यक्त गर्दै संसदीय व्यवस्थाको विकल्पको व्यवस्था ल्याउन निरन्तर जनताको बीचमा रही निरन्तर संघर्षरत रहेनछौं ।



**नारायण अधिकारी (गोरखा-२)**

चुनाव क्रान्तिकारी उपयोगको नीतिमा हामी दृढ छौं । हामी दाउपेचको राजनीति गर्दैनौं । जसरी नि चुनाव जित्नु पर्छ भन्ने नीति हाम्रो होइन । कुनै पनि संसदवादी पार्टीलाई सघाउने नीति पनि छैन । साम्राज्यवादी र प्रतिक्रियावादीहरुको विभिन्न घेराबन्दी र दवावलाई परास्त गर्दै र संसदीय ब्यवस्थाको भण्डाफोर गर्दै स्वतन्त्र धारको रूपमा चुनाव छिचोल्ने हाम्रो लाइन हो । भर्खरै राष्ट्रिय संमेलन गरिएको हुँदा चुनाव पछि के गर्ने भन्ने समस्या पनि हामीलाई छैन । यो देशमा नयाँ जनवादी क्रान्तिको लाइन लिने अन्य शक्तिहरु पनि क्रियाशिल छन । ती शक्तिहरुसँग मिलेर अघि बढ्ने नीति राष्ट्रिय संमेलनमा पास भएर बसेको छ । चुनाव पछि त्यही नीति कार्यन्वयन गर्ने हो । हाम्रो रणनीति नयाँ जनवादी क्रान्ति हो चुनाव त केबल कार्यनिति सवाल मात्र हो । धैरै मान्छेलाई लागेको छ चुनाव पछि के के न हुन्छ । चुनाव आउँछ जान्छ यसले केहि गर्नेवाला छैन । चुनाव पछि पनि राष्ट्रिय पराधिनतामा कमि आउने छैन । किसान र मजदुरको हालत उस्तै हुनेछ । महंगी झन बढ्नेछ भ्रस्टाचार र बेथिति झन बढ्ने छ । त्यसैले क्रान्तिकारी पंक्ति तथाकथित गठबन्धनको अस्थायी हावाहुरीको झोक्काले नबढारिउन । धन्यवाद ।



**खगेन्द्र छन्त्याल (काठमाडौं ६)**


अन्ततः चुनावी रडाको सकियो । पार्टीको ईमान्दार सिपाही हुनुको नाताले पार्टीको निर्णय र निर्देशनलाई अक्षरश पालना गरियो । मत संख्या बढाउन र जित्न कै निम्ति न व्यक्तिगत न संस्थागत, न नैतिक, न भौतिक, न सैदान्तिक, न बैचारिक कहिँ कतै सम्झौता गरियन, लम्पसार परियन । हरेक कारखानाले कुनै चिज उत्पादन गर्दा केहि कचरा पैदा गर्दछ । त्यस्तै हरेक आन्दोलनले एउटा अभियानमा केहि फोहोरहरु फ्याक्ने गर्दछ । हाम्रै भन्ने एकाध मान्छेहरु चुनावी अभियानवाट फर्कियनन उतै सिद्धिय तर हामी ज्युकोट्यु फर्कियौ, अझै स्पात बनेर आयौ । निर्वाचन अभियानमा सहयोग गर्ने मेरो महान पार्टी , श्रद्धेय तथा सहयोद्धा कमरेडहरु, आफन्त, ईस्त्र मित्रहरु सबैमा दिलै देखि धन्यवाद !



**सिलु (काठमाडौं ७ )**

विजय हुनु भएका सम्पुर्ण चुनाब विजेता हरूमा शुभकामना छ । अब सांच्चै समग्र नेपालको विकासमा लागि परेर राष्ट्यता बलियो बनाउनु होस् ।

सवैमा धन्यवाद प्रत्यक्ष एवं अप्रत्यक्ष सहयोगको लागि आभारी छु । मैले सक्ने कुराको मात्र प्रतिवद्ता गरेको छु त्यसैले म मेरो प्रतिबद्धता पुरा गर्न अवश्य आउने छु ।



**बन्धु देव पाण्डे (काठमाडौं ७)**

देजमो, नेपालको "मुठ्ठी" चिन्हमा मतदान गरीदिनुहुने, प्रचार प्रसारमा सहयोग गरिदिनुहुने मीत्रहरू र संसदीय प्रणाली असफलता को लागि भण्डाफोर अभियानमा साथ दिई नैतिक, भौतिक रुपमा सहयोग गरिदिनुहुने मीत्रहरू सहित सत्यको पक्षमा साथ दिने काठमाडौं छेत्र नं. ठ का मतदाताहरूलाई हार्दिक धन्यवाद सहित आगामी दिनमा पनि न्यायको लागि यसरीनै अघि बढ्न लागि पर्नु हुनेछ भन्ने कामना सहित !

नेपालमा संसदीय व्यवस्थामा बहुमतको अपहेलनाः २०४६मा बहुदल आए पछि कंग्रेसको लहर ले कंग्रेसको सरकार २०४८मा बने पनि २०५१ को सुरुमै सरकार ढल्न पुग्यो र मध्यावधि चुनावमा स्पष्ट बहुमत नआउँदा त्रिसंकु सरकार बनिरह्यो, यसैक्रममा २०५२ मा देशमा बिद्रोहको सुरुवात भयो ! त्रिसंकु सरकारले त्यो बिद्रोह दबाउन अनेक हत्कन्डा अपनाएर हामीमाथि दमन चलाउन थालेको सवैलाई विदितै छ ! पुनः २०५७मा कंग्रेसको बहुमत आउँदा पनि २०५९मा कंग्रेस फुटन पुग्यो र देश मा निरंकुश सरकार बन्न पुग्यो, त्यसको विरुद्ध पुनः जनआन्दोलन भएर देशमा कथित शान्ति कायम भयो !

२०६३मा संविधान सभा चुनावमा तत्काल माओवादीले संसदमा ठूलो दलको कारणले एमालें फोरमसंग मिलेर त्रिसंकु सरकार बनायो तर नौ महिनामै कायर नेतृत्वको कारण माओवादी सरकार पछि हट्न पुग्यो र पुन त्रिसंकु सरकार बनिरह्यो ! अहिले कठित बाम गठवन्धनको सरकार बनाउने भनेर चुनावमा उठेका उम्मेदवारहरू केवल जित्नका लागि मात्र एकता गरे पनि यो हत्कन्डा अपनाएर आगामी दिनमा बाम सरकाको बहुमत सरकारको नाराले सार्थकता पाउनेमा भने यहाँका जनतावीच आसंका पैदा गराउन सफल भएको छ !!!



**नारायण पंगेनी नवलपुर (२)**

मुठ्ठी नकपाएर मत दिने सबैलाई धन्यवाद । अवसरवादीहरुको गठजोडकाबीच पनि निर्वाचनमा भएको उपस्थितिले क्रान्तिकारीहरुको जित भएको छ । इतिहासले उच्च मुल्यांकन गर्नेछ । क्रान्तिकारी माओवादी अबको बैकल्पिक शक्ति बन्नेछ ।

## शान्तिप्रक्रिया...

विप्लवले भनेका छन्, "हाम्रो पार्टीले २०६९ सालदेखि नै महान जनयुद्ध र शान्ति प्रक्रियाको मूलमर्म, मान्यता, उद्देश्य र लक्ष्यका विरुद्ध नेपाली कांग्रेस, नेकपा (एमाले), भारतीय साम्राज्यवाद र बाबुराम-प्रचण्डले गर्न थालेको गैरजिम्मेवार गठजोड, अनैतिक लेनदेन, व्यक्ति केन्द्रीत सम्झौताविरुद्ध संघर्ष गर्दै आएको हो । उनीहरुले षड्यन्त्रपूर्ण सम्झौता गर्दै जनयुद्धका उपलब्धिहरुलाई निषेध गर्दै महान जनमुक्ति सेनालाई विसर्जन गर्ने निर्णय गरेपछि नै हामीले प्रचण्ड-बाबुराम मण्डलीको गद्दारीसँग विद्रोह गर्दै उनीहरुद्वारा कथित दोस्रो संविधानसभाको चुनाव लादेपछि त्यसलाई प्रतिक्रान्तिको साधन भन्दै बहिष्कार गरेका थियौं । उनीहरुले प्रतिक्रियावादी संसदीय व्यवस्थाको संविधानसभा घोषणा गर्दा हामीले जनगणतन्त्र नेपालको संविधान घोषणा गरेका थियौं ।"

विप्लवले वक्तव्यमा भनेका छन्, "आफ्नो जनघात र राष्ट्रघातलाई छोप्न र वास्तविक जनवादी, राष्ट्रवादी, क्रान्तिकारी शक्तिहरुबारे जनतामा अनेक भ्रम छरी उनीहरुले प्रतिक्रान्तिकारी स्वार्थ पुरा गर्न खोजेका छन् । यस्ता तत्वबाट सबै नागरिक सचेत रहनुपर्दछ भन्ने हाम्रो धारणा छ ।"

## जसलाई...

भन्ने त छँदैछ, उनको कार्यशैली, ब्यावहार र बोलीको खिसी ट्यूरी गर्ने संख्या ठूलो छ । तर, उनले गृह जिल्ला डढेल्धुराबाट भारी मतान्तरमा चुनाव जितेका छन् । शेरबहादुर देउवा तिनै हुन्, जसले प्रचण्डले गरेको २५ बुँदे राष्ट्रघाती सम्झौता कार्यान्वयन गर्न तिब्बती नेता दलाई लामासँगैको कार्यक्रममा सरिक भएर चीनलाई चिढ्याउने काम गरेका थिए । उनैले चिनियाँ लगानीको बुढगण्डकीलाई खारेज गरेर माथिल्लो कर्णाली र अरुण तेस्रोमा लगानी गर्ने भारतीय कम्पनीको म्याद थमौती गरेका थिए ।

जनताको गाली खाने यस्ता धेरै भ्रष्ट, अनैतिक संसदवादी दलका नेताहरु छन्, जसले भारी मतान्तरले चुनाव जितेका छन् । गुण्डा नाइकेदेखि सुन तस्करसम्म, राष्ट्रघातीदेखि भ्रष्टाचारीसम्मले निर्वाचन जितेका छन् । करोडौं रुपैयाँ खर्चेर निर्वाचन जितेका उनीहरुले निर्वाचन जितेपछि आफ्नो हैसियतको दुरुपयोग गर्ने, राज्यको स्रोत साधनमाथि दोहन गर्ने कार्यलाई अहिलेको भन्दा अझ बढी विस्तारित गर्ने कुरा बुझ्दाबुझ्दै जनताले भोट दिएर उनैलाई जिताएका छन् । किन होला ? यो प्रश्न तिनै जनताहरुलाई जसले आफैले जे देखेर ती नेताहरुलाई गाली गरे, त्यही स्थिति रहिरहै अवस्थामा तिनैलाई भोट दिएर जिताएका छन् ।

## ट्रम्पको...

सेतो र कालो लुगा लगाई नाराबाजी गरेका छन् ।

लेबनानमा लाखौं प्यालेस्टायनी शरणार्थीहरुले शरण लिएर बस्दै आइरहेको छ । यसैगरी यस्तै प्रदर्शन इण्डोनेशियाको जाकार्टामा पनि शुरु भइसकेको छ । इन्डोनेसियाको राजधानी जकार्तामा रहेको अमेरिकी दूताबासको अगाडि हजारौँको संख्यामा उपस्थित भएर विरोध गरेका बताइएको थियो। आम विरोधमार्फत जेरुसेलमको स्वतन्त्रतालाई जोगाउनका लागि विरोध गर्न उनीहरुले आह्वान गरेका थिए।

उता इजरायली प्रधानमन्त्री बेन्जमिन नेतान्याहुले भने अमेरिकी राष्ट्रपति ट्रम्पको प्रशंसा गर्दै उनले जेरुसलेमको इतिहासको सम्मान गरेको बताएका छन्।

उनले अमेरिकी राष्ट्रपतिको बुधबार घोषणा गरिएको कदमलाई 'ऐतिहासिक' भनी प्रशंसा गरेका छन्। तर अमेरिकी राष्ट्रपतिको निर्णयप्रति बेलायत, फ्रान्स, साउदी अरब लगायतका अमेरिकाका पुराना मित्रहरुले भने विरोध गरेका छन्।

इस्लामिक समूहका हजारौँ नागरिकले अरुतिर पनि अमेरिकाको उक्त निर्णयको व्यापक मात्रामा विरोध गरेका समाचारहरु प्राप्त भएका छन्।

प्यालेस्टिनीहरूको स्वतन्त्र राज्य माग गर्दै लामो समयदेखि सङ्घर्षरत इस्लामिक हमास आन्दोलन समूहद्वारा विहीबार उक्त निर्णयका विरुद्धमा आन्दोलन गर्न नै आह्वान गरेको थियो।

हमासका नेताले बिहीबार मात्र गाजामा आन्दोलनको घोषणा गरेका थिए। सोही बमोजिम

जेरुसेलमलाई इजरायलीहरुले आफ्नो राजधानीको रुपमा दाबी गर्दै आएपनि प्यालेस्टायनीहरुले भने पूर्वी जेरुसेलमलाई इजरायलीहरुले सन् १९६७को युद्ध पछि मात्र कब्जामा लिएको थियो ।

## निर्वाचन...

"क्रान्ति हावी भइदिएको भए वाम र क्रान्तिकारीहरुको पक्षमा परिणाम आउँथ्यो तर अहिले प्रतिक्रान्तिकारी, प्रतिक्रियावादी, अवसरवादी, दक्षिणपन्थीहरुको पक्षमा देखिएको मत परिणामले प्रतिक्रान्तिको अवस्था रहेको पुष्टि गर्दछ ।" अध्यक्ष गजुरेलले भन्नुभयो, "कथित वाम गठबन्धनले कांग्रेस, राप्रपालाई पनि माथ गर्ने गरी पैसा बाँडेर, भोज भतेर लगाएर गलत ढंगले जनतालाई प्रभावित बनाउने, बनाएको रिपोर्ट जनताबाटै आइरहेको छ ।"

अध्यक्ष गजुरेलले निर्वाचनका क्रममा पार्टी तथा मोर्चाको संगठनको पहुँच तल जनस्तरसम्म नपुगेको अवस्था पाइएको भन्दै अब संगठनलाई सुदृढ र विस्तार, निर्माण गर्नु पर्ने पहिलो आवश्यकता देखिएको बताउनु भयो । प्रतिक्रियावादी सत्ताबाट हुने जनविरोधी, राष्ट्र विरोधी काम, हर्कतका विरुद्ध जनतालाई सचेत बनाउने, संगठित गर्ने र सघर्ष, आन्दोलन एवं प्रतिरोधको तयारी लाग्नु पर्ने देखिएको पनि अध्यक्ष गजुरेलको विश्लेषण छ ।

उहाँले निर्वाचन सम्पन्न भए पछि प्रतिक्रियावादी, सत्ताधारीहरुले आफ्नो संसदीय व्यवस्थालाई सुदृढ गर्ने प्राविधिक कोणबाट एउटा मौका प्राप्त भएपनि देशमा जारी संक्रमणकाल अन्त्य नभएको बताउनु भयो । राजनैतिक समस्या हल नभइकन र जनताको राज्य व्यवस्था सुदृढ नभएसम्म संक्रमणकालको अन्त्य नहुने पनि उहाँको दावी छ ।

वर्गदृष्टिसँग गरिएको कुराकानीमा उहाँले देजमोका उम्मेदवारहरुलाई आफ्नो अमूल्य मतदान गर्नु हुने सम्पूर्ण आमजनसमुदायमा मोर्चाका तर्फबाट हार्दिक आभार एवं धन्यवाद दिनुभएको छ । र, देजको उम्मेदवारहरुलाई क्रान्ति र आन्दोलनका सशक्त सारथी भन्दै उहाँहरुप्रति लालसलाम तथा अभिवादन गर्नुभएको छ। उहाँले भन्नुभयो, "चौतर्फि घेराबन्दी, प्रतिकूलताकै बीचमा पनि आन्दोलन, क्रान्तिको आवश्यकता र पार्टी, मोर्चाको कासनलाई चुनावको क्रान्तिकारी उपयोगको मोर्चामा डटेर लाग्नु भएका सम्पूर्ण उम्मेदवारहरुलाई सलाम, अभिवादन छ । उहाँहरुको पूर्ण सक्रियताले नै प्रतिक्रियावादी राज्यसत्ताको भण्डाफोर जनतामा ब्यापक भएको छ । यसले संगठन निर्माणको लागि अत्यन्त राम्रो जनाआधार तयार भएको छ । क्रान्तिको तयारीमा यसले विशिष्ट योगदान पुऱ्याएको छ ।"

उहाँले मोर्चाका तर्फबाट घोषणापत्र मार्फत सार्वजनिक भएका प्रतिबद्धताहरुप्रति इमान्दार र प्रतिबद्ध रहेको, रहीरहने प्रतिवद्धता जाहेर समेत गर्नुभयो र भन्नुभयो, "हिजो आम जनतासँगै थियौं, आज छौं र भोलि पनि जनताकै बीचमा रही अग्रगामी परिवर्तनको लागि संगठित भएर निरन्तर संघर्ष, आन्दोलनमा साथ रहन, दिन जनसमुदायमा आव्हान पनि गर्न चहान्छु ।"

## मतदाताप्रति...

पार्टी तथा मोर्चालाई देशव्यापी रुपमा स्थापित गराउन सफल भएको, जनतासँगको सम्बन्ध सुदृढ पार्ने अवसर मिलेको, जनतामा क्रान्तिकारी शक्तिप्रति रहेको भ्रम चिर्न सफल भएको, संगठन निर्माणको आधार तयार भएको र पार्टी तथा मोर्चालाई वैकल्पिक शक्तिको रुपमा स्थापित गराउन सफल भएको उम्मेदवारहरुले दावी गरेका छन् ।

देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल नयाँ संगठन हुनु, पार्टीको चुनाव चिन्हको बारेमा मतदाता अनभिज्ञ रहनु, चरम आर्थिक अभावका कारण भएका संगठनहरुलाई पनि व्यवस्थित रुपमा परिचालन गर्न नसक्नु, प्रचार प्रसार तथा भण्डाफोर अभियानलाई आर्थिक अभावकै कारण अझ व्यापक बनाउन नसक्नु र मुख्यतः जसरी पनि निर्वाचन जित्नेभन्दा पनि प्रतिक्रियावादी संसदीय व्यवस्था, सत्ता र संविधानको भण्डाफोर गर्ने र नयाँ जनवादी क्रान्तिको पक्षमा जनमत संगठित गर्ने उद्देश्यलाई केन्द्रमा राखेर निर्वाचनको उपयोग गरिएकोले मोर्चाका उम्मेदवारहरुको पक्षमा खसेको मत थोरै भए पनि त्यसलाई कम आँक्न नहुने उम्मेदवारहरुको बुझाइ रहेको छ । थोरै मत भएपनि त्यसको गुणात्मकतालाई बुझ्नु पर्ने उनीहरुको तर्क छ ।

संसदवादी दलहरुले सत्ता र पैसाको चरम दुरुपयोग गरी जनमतको ब्लोकमेलिङ गरेको पनि देजमोका उम्मेदवारहरुको आरोप छ । करोडौं खर्चेर संसदवादीका उम्मेदवारहरुले निर्वाचन जिते पनि मुलुकका सामु राष्ट्रियता, जनतन्त्र र जनजीविका लगायतका समस्याहरु अझ विकराल भएर जाने र ती समस्याहरु समाधानका लागि देशक्त, जनगणतान्त्रिक शक्ति र क्रान्तिकारी शक्तिहरु मिलेर नयाँ जनवादी क्रान्तिको कार्यभार पूरा गर्न क्रान्तिको तयारीमा जुट्नुपर्ने निष्कर्ष पनि देजमोका उम्मेदवारहरुको रहेको देखिन्छ ।

गोरखा-२ बाट प्रतिनिधिसभाको उम्मेदवार नारायण अधिकारी आफ्नो फेसबुक स्टाटसमा लेख्छन्, 'पाँच बज्यो चुनावी कार्यनीति पनि सकियो । अब नयाँ जनवादी क्रान्तिको आम कार्यदिशा लिएका राजनैतिक शक्तिहरु मिलेर अगाडि बढ्ने योजना कार्यान्वयनमा जुटौं !'

नेकपा (क्रान्तिकारी माओवादी) समर्थित देशभक्त जनगणतान्त्रिक मार्चा, नेपालको तर्फबाट प्रत्यक्ष र समानुपातिक तर्फ ५ सय २८ जना उम्मेदवार बनेका थिए । समानुपातिक र प्रत्यक्षतर्फको मतगणना जारी छ ।

## वाम...

नवउदारवादी अर्थतन्त्रको विकल्प हो । त्यो विकल्प यी वाम गठबन्धनवाला एमाले र माकेले दिन सक्दैनन् । त्यो उनीहरुको कार्यसूचिमा नै छैन । यसर्थमा उनीहरु नक्कली वाम हुन् । नक्कली वामको भ्रममा जनता पर्न पुगेका छन् । जनतामा लामो समयसम्म यो भ्रम जीवित रहने छैन । सक्कली कम्युनिष्ट तथा वाम शक्तिले आगामी कदम कसरी चाल्छन्, त्यसमा पनि यो भर गर्नेछ । मुख्यतः उनीहरु आफैले चाल्ने जनविरोधी तथा राष्ट्रविरोधी क्रियाकलापबाट पनि जनतामा नांगिदै जानेछन् ।

**सत्ता र पैसाको प्रभाव**

वाम र लोकतान्त्रिक गठबन्धनले जनमत आफ्नो पक्षमा पार्न कुनै कसुर बाँकी राखेनन् । देजमोको तर्फबाट समानुपातिक उम्मेदवार बन्नुभएका प्रो.डा. ओम गुरुङले आफ्नो फेसबुक स्टाटसमा लेख्नुभएको छ, "गठबन्धनका दलहरुले झुठा आश्वासनदेखि राज्य शक्ति र श्रोतको अत्यधिक दुरूपयोग, धनबल र बाहुबलको प्रयोग, धाँधली, बुथ क्याप्चर, डर, धम्की र भय त्रास, प्रलोभन, ललाई फकाई, मतदाता खरिद बिक्री आदिको ब्यापक चलखेल गरे ।"

डा.गुरुङले भनेजस्तै संसदवादी दलहरुले चुनावमा जनमत प्रभावित पार्न करोडौ करोड खर्च गरेको, खसी राँगा, कुखुरा काटेर दिन दिनै भोज लगाएको, निर्वाचन आचारसंहिताको चरम उलंघन गरेको जस्ता समाचारहरु प्रकाशित भएपनि निर्वाचनको अघिल्लो दिनसम्म सो क्रम रोकिएन । चुनावी परिणामलाई सत्ता र पैसाको आतंकले पनि प्रभावित पारेको राजनीतिक विश्लेषकहरु दावी गर्छन् ।

**देजमोको निर्वाचन उपयोग र भण्डाफोर**


नेकपा (क्रान्तिकारी माओवादी) समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले प्रतिक्रियावादी सत्ताको भण्डाफोर गर्ने र नयाँ जनवादी क्रान्तिको पक्षमा जनाधार निर्माण गर्ने उद्देश्य राखेर निर्वाचनको क्रान्तिकारी उपयोग गरेको थियो । गणितीय जोडघटाउमा देजमोका उम्मेदवारहरुले पाएको मत थोरै भएपनि यसलाई गुणात्मक मतको रुपमा लिनु पर्ने र प्राप्त मतको आधारमा संगठन विस्तारमा ध्यान दिनुपर्ने मोर्चाका उम्मेदवारहरुले बताएका छन् ।

चोतर्फी संसदवादी पार्टीहरुको घेराबन्दी, तडकभडक र जनतामा एक हिसाबको सिण्डकेटका बीच भएका कोणसभा, चुनावी सभा, प्रचार प्रसार र जनताबीचमा प्रतिक्रियावादी व्यवस्था, सत्ता र संविधानको भएको भण्डाफोरलगायतका चुनावी कार्यक्रमले जनताबीचमा पार्टी र मोर्चा स्थापित भएको र आफ्ना विचार र राजनीतिक एजेण्डाहरु पनि स्थापित गराउन सफल भएको मोर्चाका उम्मेदवारहरुले दावी गरेका छन् ।

प्रो.डा. गुरुङले फेसबुक पेजमा लेख्नुभएको छ, "हाल सम्पन्न प्रदेशसभा र प्रतिनिधिसभाको चुनाबले गर्दा नेपाली जनताको घरदैलोमा पुग्ने र जनताका चाहना र भावना बुझ्ने, हामीले उठाएका आदिबासी जनजाति लगायत दलित, मधेसी, मुस्लिम, महिला, खसहरूको पहिचान र अधिकारका मुद्दाहरूबारे जनतालाई सचेत बनाई उनीहरूलाई संगठित गर्ने, प्रतिक्रियावादी र पश्चगामीहरूको जनविरोधी र राष्ट्रघाती कुकृत्यहरूको भण्डाफोर गर्ने तथा नेकपा (क्रान्तिकारी माओबादी) को संयुक्त मोर्चा देजमो, नेपाललाई जनताबीच स्थापित गर्ने जस्ता अवसर प्रदान गऱ्यो ।"

**नयाँ जनवादी क्रान्ति अपरिहार्य**

जनयुद्ध, जनआन्दोलन, मधेस आन्दोलन र आदिवासी जनजाति आन्दोलनले उठाएका मुद्दाहरु अहिलेको संसदीय व्यवस्था र संविधानले सम्बोधन गर्न नसक्ने भएकोले निर्वाचनबाट संसदीय व्यवस्था सुदृढ हुने भएपनि जनताका एजेण्डाहरुको सम्बोधन नभएको अवस्थामा मुलुकमा नयाँ जनवादी क्रान्ति अपरिहार्य भएको विभेद र उत्पीडनमा परेका जनसमुदायको भनाइ रहेको देजमोका उम्मेदवारहरुले बताएका छन् । कथित वाम र लोकतान्त्रिक गठबन्धनमा आबद्ध संसदवादी दलहरुले जनतामा फिंजाएको भ्रम अब लामो समयसम्म नटिक्ने भन्दै उनीहरुले अब राष्ट्रियता, जनतन्त्र र जनजीविकाका मुद्दाहरुको समाधानका लागि आमूल परिवर्तनका पक्षधर शक्तिहरु एकजुट भइ क्रान्तिकारी आन्दोलनलाई अगाडि बढाउन लागिपर्नुपर्ने बताएका छन् ।



मंसिर १८ देखि मँसिर २६ गते सम्मको दुर्वाच्य

रामचन्द्र हुमागाई



# ०७४ सम्म आउँदा कांग्रेस धराशायी

**मंसिर १८ गते ।** आसन्न निर्वाचन मुखैमा आएको अवसरमा देशका विभिन्न ठाउँमा उम्मेदवारलाई समेत लक्षित गरी जिलेटिन विस्फोट गराएको बहानामा देउवा सरकारले (नेकपा माओवादी नेत्रबिक्रम चन्द) लाई तारो बनाएर उनका सम्पूर्ण कार्यकर्तालाई गिरफ्तार गरेर जेलमा हालेको छ तर चन्दले यो आरोपलाई स्वीकार गरेका छैनन् । गरुन् पनि कसरी ? उनको क्षमता अहिले जति भैरहेको छ त्यति छैन । भन्नेहरू पनि निस्किएका छन् । हुन पनि यी विस्फोटहरू चन्दले गराएका होइनन् । देउवा सरकारलाई दवाव दिन हिन्दू अतिवादीहरू र सीमा पारीका मुसदण्डेहरूले गराएको आशंका उब्जिएको छ ।

**मंसिर १९ गते ।** जस्तोसुकै व्यवस्था आए पनि 'नेपालको कानुन वकिल बाहेक कसैले पनि नजानुन्' भन्ने उखान लागु हुने गरेको छ । होइन भने सरकारी वकिलहरूले हेर्ने गरेका मुद्दाहरूको फैसला हुँदैन ? समाचारअनुसार नौ हजार यस्ता मुद्दा फर्स्योट भएका छैनन् । नेपाल सरकारले वकिलहरूलाई तलवभत्ता दिन्छ । आवश्यक परे अन्य शीर्षकमा पनि रकम उपलव्ध गराउँछ । तैपनि मुद्दालाई च्याखे थापेर पीडित पक्ष र सरकार दुवैसँग अरू पनि रकम असुल गर्न वकिलहरू सक्षम हुन्छन् । नेपाल जस्तो मुलुकमा विद्वत्वर्गले असुली खाने गरेको गुनासोलाई पुष्टि गरिरहेको छ ।

मंसिर २० गते । नेपालमा मात्रै होइन, एशियामैं पहिलो जलविद्युत् गृह फर्पिङमा बनेको सयवर्ष भन्दा पनि बढी भैसकेको छ । जहानियाँ शासनका नाइकेहरूले आफ्ना निवासहरू उज्याला बनाउँन फर्पिङ जलविद्युत् योजना निर्माण गरेका थिए । उनीहरूले आफ्नै लागि मात्रै निर्माण गरेका भए पनि २००७ यता आएर प्रजातन्त्रको ढोल पिट्नेहरूले निकै गर्न सक्ने थिए तर उनीहरू परिवारवादमा मात्रै रुमलिएका कारण अन्य विकास निर्माणका साथै विद्युत उत्पादनमा पनि कुनै उन्नति हुन सकेको छैन । गर्ने प्रयास पनि भएन तर यता केही वर्षबाट नीजि क्षेत्रले जलविद्युत्मा लगानी सुरू गरेका छन् । यो विद्युत भनेको प्रत्येक मानिसको शरीरको नशा जस्तै हो । यसलाई अगाडि बढाउनु अबका सरकारहरूको दायित्व हो । हेर्दैजाउँ आगामी सरकारहरूले गफैमात्र गर्ने हुन कि काम पनि गर्नेहुन् ।

**मंसिर २१ गते ।** नेपाली जनताको न्युतम आवश्यक पूर्ति गर्न मात्रै १३ हजार झोलुङ्गे पुल आवश्यक पर्नेमा अहिलेसम्म ७ हजारमात्रै निर्माण भएको स्थानीय विकास मन्त्रालयले जनाएको छ । बाँकी ६ हजार झोलुङ्गे पुल बन्न कति वर्ष लाग्ने हो, कुनै अड्कल बाँड्न पनि सकिएको छैन । कम्तिमा एउटा पुल निर्माण गर्न पाँच करोड लाग्ने र यी ६ हजार पुल निर्माण गर्न कति रकम लाग्ने हो ? आगामी सरकारको टाउको दुखाइको विषयमध्येको एउटा विषय यो पनि हो ।

**मंसिर २२ गते ।** नेपालमा अहिलेसम्म कै अग्रगामी संविधान निर्माण पछि पहिलोपटक कार्यान्वयनका लागि हिजो आम निर्वाचन भयो । स्थानीय तह र पहिलो चरणको निर्वाचनपछि दोस्रो वा अन्तिम निर्वाचन पनि सोचेभन्दा पनि शान्तिपूर्ण तरिकाले सम्पन्न भएको छ । जो हुनु नै थियो । निर्वाचनको सिलसिलामा होनहार युवा नेता गगन थापामाथि लक्षित गरी जिलेटिन पनि पड्काइयो । उनी साधारण घाइतेसम्म भए तर जे जति घटना भए ती घटनाहरू चिर्दै जनता मातदानमा सहभागी भएको स्वीकार्नै पर्छ, होइन भने सत्यमाथि अन्याय हुनेछ तर जनतालाई यत्तिमै अल्मल्याएर बिदेशी भारदारहरूको चित्त बुझाउँन उनीहरूका पाल्तु जनावरहरू सफल भएको पनि मान्नै पर्छ किनभने नेपाली जनता निरँकुश पञ्चायती व्यवस्थालाई पनि शान्ति कै अग्रदूत मान्ने गर्थे । यो भन्दा अगाडिको बहुदलीय व्यस्थालाई पनि प्रजातान्त्रिक व्यवस्था नै मान्ने गर्थे । सायद यसैलाई भनिएको होला 'फुलको आँखामा फुलै सन्सार, काँडाको आँखामा काढै सन्सार' । हामीलाई लाग्छ, दुनियाँ निकै अगाडि गैसकेको छ । त्यसैले २१ औं शताव्दीको अन्तिम विदुमा पुगेर कामको शुरुआत गर्दा राम्रै होला ।

**मंसिर २३ गते ।** २१ गते भएको निर्वाचन परिणाम आजसम्म आउँदा आफुलाई लोकतन्त्रको ठेकेदार सम्झिने नेपाली कांग्रेस धराशायी भएको छ । एक–एक हस्ती मानिने नेताहरूलाई जनताले अस्वीकार गरिदिएका छन् । हुन त काठमाडौं क्षेत्र नं. १ बाट गणेशमान पुत्र प्रकाशमानले निर्वाचन जितेका छन् । विगत वर्षभन्दा झिनो मतले जिते पनि उनको यो जितलाई कमै मतदाताले मान्यता दिएका छन् । कांग्रेसको विउ नै मासिने अनुमान गरिरहेका वेला युवानेता गगन थापाले भने जितेका छन् । त्यसैगरी ठेक्कापट्टाबाट सम्पन्न भएका रसुवाका रामकृष्ण आचार्यका छोराले पनि कांग्रेसको विउ बचाएका छन् । ख्यातिप्राप्त उद्योगपति विनोद चौधरीलाई पार्टी परिवर्तन गरेर नेपाली कांग्रेसको विज बचाउन निकै रहर लागेको भएता पनि उनको केही चलेन । दिनदिनै गिर्दो शाखः अवका केही दिनमै अन्त्य हुने पक्का छ ।

**मंसिर २४ गते ।** आज पनि निर्वाचनका समाचारले देश गुन्जिरहेको छ । लोकतन्त्रको बाजा बजाउने नेपाली कांग्रेसका सभापति तथा प्रधानमन्त्री शेरबहादुर देउवाको राजीनामा पनि माग गरिएको छ तर उनी अहिलेसम्म लागेको अक्षमताको दाग मेट्न यो निर्वाचनको रशले धोएर चोखो बन्ने प्रयास गरिरहेका छन् ।

**मंसिर २५ गते ।** आजसम्म आउँदा वाम गठबन्धनले स्पष्ट बहुमत ल्याउंने संकेत दिइसकेको छ । इतिहासमा कहिल्यै बहुमत नल्याएको, बहुमत ल्याए पनि आफ्नै कारणले फुट र भ्रष्टाचारको दङदङीमा फसेको नेपाली कांग्रेसले ०१७ साल र ०४८ सालमा ल्याएको बहुमत जस्तै भयो भने नेपालको प्रगति कहिल्यै हुँदैन भन्नेहरू पनि निस्किएका छन् । तर, कतिपय कांग्रेसीजनहरूलाई यो निर्वाचनले नराम्ररी चोट पुऱ्याएको र अबका दिनमा राजनीति गर्नुभन्दा पनि बृद्धाश्रमतिर गएर आराम फर्माउनु बेस होला पनि भन्न थालिएको छ ।

**मंसिर २६ गते ।** वामगठबन्धन भित्र पनि नियालेर हेर्दा अनेक छिद्रहरू देखापरेका छन् । ती छिद्रहरूमध्ये जीवनभर राजनीति गरेका सहयोद्धाहरूलाई बीचबाटैमा छाडेर पैसावाला र पाखुरीवालाहरूलाई साथ लिएर निर्वाचन जित्ने काम गरिएको पाइएको छ । यो चरित्र भनेको काँग्रसी चरित्र हो । कसले कहाँ कसरी सहयोग गरेको थियो र विगतका आन्दोलनहरूमा को कति सकृय थियो, यस्ता कुरामा ध्यान नदिनुलाई अवसरवादी राजनीति भनिन्छ । छिटो भन्दा छिटो सुधार गरिएन भने पछि पछुताउँनु पर्ने दिन नआउला भन्न सकिदैन ।


आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

मितेरी यातायात एण्ड अटो प्रा.लि.

प्रधान कार्यालय : कलंकी, काठमाडौं

फोन नं. : ०१-४२७०७०४, ४२७६३८१

तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)

फोन नं. : ०२६-४६०२५४

कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

नारायणी यातायात व्यवसायी संघद्वारा संचालित

टाटा सुमो सेवा

काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रतनपुर

फोन नं. : ०१-५१८७२५६

बल्खु, काठमाडौं ।

स्वर्गद्वारी सार्वजनिक यातायात व्यवसायी समितिद्वारा सञ्चालित A/C हाइस सेवा

| | |
|---|---|
| काठमाडौं-खलंगा | बिहान ६:०० बजे |
| काठमाडौं- भिंगु किमीचौर | बिहान ६:३० बजे |
| भिंगु किमीचौर-काठमाडौं | बिहान ६:३० बजे |
| खलंगा-काठमाडौं | बिहान ५:०० बजे |
| खलंगा-नेपालगञ्ज | बिहान ८:३० बजे |
| नेपालगञ्ज-खलंगा | बिहान ९:०० बजे |

सम्पर्क नम्बर

काठमाडौं - ९८६६८३३३९९

खलंगा - ९८५१२४९९४८

किमीचौर - ९८५१२४९९४८

आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

धौलागिरी अञ्चल बस व्यवसायी सञ्चालक समिति

सम्पर्क

कृष्ण सुवेदी - ९८५१०१८९१२

राम के.सी. - ९८५१०५४२६४

होम छन्त्याल - ९८४१९०६५७२

गोपाल थापा : ९८४१८११२२४

माइक्रो काउन्टर

| काठमाडौं फोन | बाग्लुङ |
|---|---|
| ०१४३८८३९३ | ०६८५२२२२० |

काठमाडौंबाट : पोखरा, बाग्लुङ, बेनी, बुर्तिबाङ, दरबाङ, मुक्तिनाथ

बाग्लुङबाट : पोखरा, काठमाडौं बुर्तिवाङ, दरबाङ, बेनी, मुक्तिनाथ

A/C, Tourist Bus, Delux Bus, A/C Micro SCORPIO, Zeep, TATA SUMO सेवा

## आलोपालो

# 'निर्वाचन उपयोग'पछिका चुनौती



● प्रेम सुवेदी

प्रतिनिधिसभा र प्रदेशसभाको सम्पन्न निर्वाचन परिणाम आउने प्रक्रिया जारी छ । प्रारम्भिक परिणामले एमालेको नेतृत्वमा निर्माण भएको "वाम गठबन्धन" अगाडि र सत्तारुढ नेपाली कांग्रेसको नेतृत्वमा निर्माण भएको "लोकतान्त्रिक गठबन्धन" पछाडि रहेको देखिन्छ । त्यति मात्र होइन, त्यो बाहेक बाहिर रहेका शक्तिहरु पनि यो निर्वाचनमा सन्तोषजनक उपस्थिति नहुने अवस्था देखिन्छ । संसदीय खेलमा विभिन्न ढंगले आफ्नो उपस्थितिलाई स्थापित गर्न र सत्ताको स्वाद जसरी पनि प्राप्त गर्दै आएको मधेश केन्द्रीत दलहरुको पनि त्यति सन्तोषजनक परिणाम आउने संभावना देखिदैन । प्राप्त अहिले सम्मको मत परिणामलाई हेर्दा एमाले नेतृत्वको गठबन्धनले बहुमत ल्याउन सक्ने संभावना देखिन्छ । प्रत्यक्ष तर्फको परिणामले त्यो कुरालाई करिब निश्चित जस्तै बनाएको छ । अहिलेसम्मको परिणाम नेपालमा मुख्यतः वामपन्थी तथा कन्युनिष्ट आन्दोलनप्रति जनताको अभिमत अत्याधिक रहेको कुरालाई देखाउँछ । निश्चय नै एमालेको नेतृत्वमा निर्माण भएको "वाम गठबन्धन" वास्तविक अर्थमा वामपन्थी नभएपनि त्यसले कम्युनिष्ट आन्दोलनकै नाममा यो सफलता प्राप्त गरेको पृष्ठभूमिमा त्यो जनमतलाई नजरअन्दाज गर्नु कदापी हुँदैन । संसदीय व्यवस्थालाई सर्वोपरि मान्ने एमाले, माकेको राजनीति उनीहरुले कम्युनिष्ट आन्दोलनप्रति गरेको विश्वासघात तथा गद्दारीप्रति जनतालाई स्पष्ट गर्न नसक्नु क्रान्तिकारीहरुको कमजोर पक्ष हो । त्यति मात्र होइन क्रान्तिकारी पार्टीले अवलम्बन गरेका नीति र कार्यक्रमलाई जनता बीचमा सही ढंगले सम्प्रेषण गर्न नसक्नु र पार्टीले वर्गसंघर्षका आडमा जनतालाई संगठित गर्न जस्ता कार्यमा उचित ध्यान नपुग्नुले पार्टी र जनताको बीचको सम्बन्ध टाडिदै गएको तथ्यप्रति पनि ध्यान जान आवश्यक छ । संसदीय चुनावको परिणाम भनेको मुलतः श्रोत साधन, शक्ति र जनमतको संगम हो । जबसम्म जनताको अभिमत सबै प्रकारको श्रोत साधन र शक्तिबाट प्रभावित हुने आधार कायम रहन्छ, त्यतिबेलासम्म स्वतन्त्र निर्णय लिने आधार हुँदैन । अहिलेको निर्वाचनलाई सबैभन्दा बढी प्रभावित गर्ने विषय भनेको अत्याधिक श्रोत साधन र शक्ति नै हो । सामान्यतः सबै निर्वाचनलाई स्वतन्त्र, निश्पक्ष, धाँधलीरहितको निष्पक्ष पगरी गुथाउने आम प्रचलन रहँदै आएको पृष्ठभूमिमा यो निर्वाचन पनि त्योबाट अपवाद रहेन । जहाँसम्म स्वतन्त्र निष्पक्ष र धाँधलीरहितको कुरा छ, त्यो एउटा थेगो मात्रै हो । निर्वाचनलाई प्रभावित पार्नका लागि प्रयोग गरिएका प्रचारशैली, श्रोत साधनको प्रयोग र शक्तिको आडमा दिने त्रासहरुबाट जनता भययुक्त हुने स्थिति रहेन । संसदीय पार्टीहरुले गरेका चुनावलाई प्रभाव पार्नका लागि गरेका विभिन्न षड्यन्त्रभन्दा आश्वासनप्रति संचार जगतले पनि यथेष्ठ भण्डाफोर तथा कतिपय दलाली गरेको तथ्य पनि हाम्रा अगाडि छन् ।

संसदीय व्यवस्थाको चरित्रगत विषेशता नै बलियोद्वारा कमजोरलाई शासन गर्ने अथवा उत्पीडकद्वारा उत्पीडितलाई शासित बनाउने भएकोले आम जनताको पक्षमा आधारभूत परिवर्तन नहुने कुरा प्रष्ट छ । संसदीय व्यवस्थाको प्रतिक्रियावादी चरित्रलाई उजागर गर्ने र जनतालाई त्यो व्यवस्थाका विरुद्ध संघर्षमा सहभागी गराउने उद्देश्यद्वारा निर्वाचनमा उपयोग गर्ने र यो व्यवस्थालाई संरक्षण गर्न भाग लिने बिचको अन्तरलाई छुट्टाउने जनताको आलोचनात्मक चेतनाको विकास अझै हुन सकेको छैन । लेनिनले भने झै "हाम्रा लागि संसदीय व्यवस्था बेकम्मा भएपनि जनताको दृष्टिकोणमा त्यो हुन सकेको छैन ।" त्यसैले निर्वाचनको उपयोगलाई क्रान्तिकारीहरुले संघर्षकै रुपमा लिनु पर्दछ । अहिले निर्वाचनमा देखिएको अभिमतले परम्परागत यथास्थितिवादी शक्तिलाई किनारा लगाएको छ र संशोधनवादी शक्तिलाई अगाडि ल्याएको छ । निर्वाचनको यो परिणाम राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा चासोको विषय बनेको छ । संसदीय व्यवस्थाभित्रकै चुनाव हुँदाहुँदै पनि संसोधनवादीहरुको सफलतालाई साम्राज्यवादी तथा प्रतिक्रियावादी शक्तिहरुले वामपन्थी तथा कम्युनिष्टहरुको विजयको अर्थमा लिने गरेका छन् । तसर्थ, कम्युनिष्ट क्रान्तिकारीहरुले यस सन्दर्भमा पैदा भएका अन्तरविरोध र यसका बीचको अन्तरसम्बन्धलाई सही ढंगले उपयोग गर्ने कुशलता देखाउनु पर्नेछ । क्रान्तिकारी शक्तिहरुको कमजोर अवस्थामा संशोधनवादीहरु हावी हुने कुरालाई स्वभाविक रुपमा लिदै संगठन, संघर्ष, जनआधार निर्माणप्रति विशेष ध्यान दिनुपर्ने अहिलेको आवश्यकता हो । निर्वाचन उपयोग गर्ने सन्दर्भमा प्राप्त असफलताले उत्पन्न हुने निराशालाई चिर्न र पार्टीलाई नयाँ गतिमा विकास गर्न ठोस रुपमा योजना निर्माण गर्नुपर्दछ । आज वैचारिक राजनैतिक हिसाबले नेकपा (क्रान्तिकारी माओवादी) पार्टीका नीति सहि रहँदा रहँदै पनि संगठनात्मक हिसाबले पार्टी धेरै कमजोर अवस्थामा छ । पार्टीको त्यो कमजोर अवस्था समग्र परिस्थिति र विद्यमान समाजका अन्तर-विरोध माथि वस्तुनिष्ट विश्लेषण गर्दै आगामी योजना र कार्यक्रमद्वारा कम्युनिष्ट आन्दोलनलाई ध्रुवीकृत र एकीकरण बनाउदै लैजाने जिम्मेवारी हाम्रो काँधमा आएको छ ।

प्रतिनिधि सभा र प्रदेशसभाको निर्वाचनले दिएको परिणामले एकै साथ कैयौं चुनौती र संभावना हाम्रा अगाडि ल्याएको छ । ती चुनौतीका सामना गर्दै संम्भावनालाई यथार्थमा बदल्न प्रयत्न गर्नु नै हाम्रो प्रमुख दायित्व र कर्तव्य हो । निर्वाचन भनेको जनताको अभिमत मात्र होइन । यसका पछाडि रहेको आधारभूत कुरा संगठन श्रोत, साधन र शक्तिको दुरुपयोगद्वारा पर्ने प्रभाव पुँजीवादी संसदीय व्यवस्थाको प्रधान पक्ष हो । अहिलेको निर्वाचन पनि त्यसबाट अत्याधिक प्रभावित रहेको यथार्थलाई कसैले अस्विकार गर्ने आधार देखिदैन ।

## संशोधनवादको...

अस्वीकार गरेकाले उनको सिद्धान्तलाई संशोधनवाद भनिन्छ । दार्शनिक क्षेत्रमा प्लेखानोवले बर्नस्टिनको संशोनवादको व्यापक खण्डन गरेका थिए । यसैबाट नै क्रान्तिकारी मार्क्सवाद र क्रान्तिको सिद्धान्त अगाडि बढेको हो । लेनिनले रुसमा बर्नस्टिनको संशोधनवाद र अर्थवादी तथा मेन्सेविक अन्तर्राष्ट्रिय आन्दोलनको व्यापक आलोचना गरी क्रान्तिकारी मार्क्सवादी सिद्धान्तको रक्षा र विकास गर्नेक्रममा लेनिनवादको प्रतिपादन गरेर मार्क्सवादको ज्ञानको भण्डारमा थप योगदान पुऱ्याउनुभएको थियो र, अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनलाई समृद्धशाली तुल्याउनुभएको थियो ।

**जुलियस मार्तोभ (सन् १८७३ – १९२३)**

मार्तोभ रुसका एक क्रान्तिकारी नेता थिए । सन् १९०३ मा लेनिन र मार्तोभको बीचमा पार्टी विधान, पार्टी निर्माण र परिचालनको विषयमा व्यापक विवाद भएको थियो । लेनिनले कम्युनिस्ट पार्टीको सदस्यले निश्चित लेवी तिर्नुपर्दछ भन्ने प्रस्ताव गर्नुभएको थियो । मार्तोभले यसको सोझै विरोध गरेका थिए । पार्टी, सङ्गठन र पार्टी सदस्यहरूको अधिकारहरूका बारेमा लेनिनले अघि सार्नुभएका मार्क्सवादी मान्यतालाई मार्तोभपन्थीहरूले अस्वीकार गरेका थिए । लेनिनले पार्टी सङ्गठन, सर्वहारावर्गको नेतृत्व र सर्वहारावर्गको अधिनायकत्वबारे कडाइका साथ अघि सार्नुभएको थियो तर मार्तोभपन्थीहरूले लेनिनले अघि सार्नुभएका सबै मार्क्सवादी मान्यतालाई अस्वीकार गरेका थिए । लेनिन र मार्तोभका बीच भीषण दुईलाइन सङ्घर्ष सञ्चालन भयो । त्यही मतभेदको कारण पार्टीमा विभाजन आयो । बोल्सेभिक र मेन्सेभिकको जन्म भयो । लेनिनको नेतृत्वमा बोल्सेभिक पार्टी निर्माण र परिचालन भयो भने अल्पमत परेका मार्तोभहरूले मेन्सेभिक पार्टी चलाए । लेनिनको नेतृत्वमा सन् १९१७ मा महान् रुसी अक्टोबर समाजवादी क्रान्ति सम्पन्न भयो । यस दुईलाइन सङ्घर्षको उत्कर्षसँगै लेनिनले लेनिनवादको प्रतिपादन गर्नुभयो ।

**कार्ल काउत्स्की (सन् १८५४–१९३८)**

कार्ल काउत्स्की जर्मन सामाजिक जनवादीको तर्फबाट दोस्रो इन्टर नेसनलका नेता बनेका थिए । सुरूमा उनी अराजकतावादी र प्रत्यक्षवादीहरूको प्रभावमा परेका थिए । दोस्रो इन्टरनेसनलको गठन(सन् १८८९) हुने क्रममै फ्रेडरिक एङ्गेल्ससँग उनको मतभेद भइसकेको थियो । सर्वहारावर्गको अधिनायकत्वको आलोचना गर्दै संसदवर्ग स्वार्थदेखि मुक्त हुनुपर्छ भन्ने चिन्तन अगाडि सारेका थिए । संसदीय जनवादको पक्षधर भएर सर्वहारावर्गको अधिनायकत्वको विरोध गरेका थिए । कार्ल काउत्स्की दोस्रो इन्टरनेसनलका नेता र मार्क्सवादी विरोधी थिए । सन् १९१८ मा लेनिनले सर्वहारा क्रान्ति र गद्दार काउत्स्की भन्ने पुस्तक रचना गरेका थिए ।

**अलेक्सान्द्रा एत्येन मिलेराँ (सन् १८५९–१९४३)**

अलेक्सान्द्रा एत्येन मिलेराँ फ्रान्सीसी राजनीतिज्ञ थिए । १९ औं शताब्दीको अन्त्यतिर उनी समाजवादी पक्षधर बनेका थिए र फान्सीसी समाजवादी आन्दोलनमा उनले एक अवसरवादी धाराको प्रतिनिधित्व गरेका थिए । उनी मन्त्रिमण्डलवादका पक्षपाती थिए । उनी प्रतिक्रियावादी बुर्जुवा सरकारमा सामेल भएका थिए । सन् १९०४ मा उनलाई समाजवाद पार्टीबाट निकाला गरिएको थियो । सन् १९२० देखि १९२४ सम्म उनी फ्रान्सीसी गणराज्यका राष्ट्रपति समेत बनेका थिए । मिलेराँ मन्त्रिमण्डलवादका प्रणेता हुन् । उनी संशोधनवादी गद्दारहरूका कोटामा पर्दछन् ।

**निकिता ख्रुश्चोभ (सन् १८९४–१९७१)**

सन् १९५३ मा स्टालिनको निधन भयो । त्यसपछि निकिता ख्रुश्चोभ सोभियत सङ्घका नेता/राष्ट्रपति बन्न पुगे । १९५६ मा सोभियत कम्युनिस्ट पार्टी (बोल्सेभिक)को २० औं महाधिवेसनका आयोजना गरियो । त्यस महाधिवेसनमा मध्यरातमा ख्रुश्चोभले एउटा गोप्य रिपोर्ट पेस गरे र स्टालिनलाई खुनी, जड्याहाँ, जुवाडे हत्यारो आदि शब्दले गालीगलौज गर्दै विविध लाञ्छना र आरोपहरू लगाए । त्यति मात्र होइन, ख्रुश्चोभले समाजवाद प्राप्तिको लागि शान्तिपूर्ण सङ्क्रमणको बाटो र वर्ग समन्वयको बाटो अवलम्बन गर्न पुगे । उनले सम्पूर्ण जनताको पार्टी, सम्पूर्ण जनताको राज्य र शान्तिपूर्ण सङ्क्रमणको सिद्धान्त अवलम्बन गर्दै तथा वर्गसङ्घर्ष, सर्वहारा अधिनायकत्व, सशस्त्र सङ्घर्षको सिद्धान्तका विरुद्ध भीषण हमला बोलेर ख्रुश्चोभले आधुनिक संशोधनवादलाई सोभियत समाजवादमा घुसाएर मार्क्सवाद-लेनिनवादप्रति गद्दारी गर्न पुग्यो र प्रतिक्रान्तिकारी बाटो अवलम्बन गर्न पुग्यो । ख्रुश्चोभको यो कार्यले कम्युनिस्ट आन्दोलनमा संशोधनवादी धारा अगाडि बढ्यो र सोभियत सङ्घलाई पुँजीवादमा पतन गराइछाड्यो । त्यसको लगत्तै माओत्सेतुङ र चिनियाँ कम्युनिस्ट पार्टीले ख्रुश्चोभी नवसंशोधनवादका विरुद्ध अन्तर्राष्ट्रिय स्तरमा महान् बहस चलायो । ख्रुश्चोभी नवसंशोधनवाद संसारका विभिन्न कम्युनिस्ट पार्टीहरूका हैजाका किटाणु झैं गरी फैलियो । अहिले पनि ख्रुश्चोभी आधुनिक संशोधनवाद विश्वसर्वहारा क्रान्तिको वाधकको रूपमा खडा हुँदै आइरहेको छ ।

**ल्यू शाओ ची (सन् १८९८–१९६९)**

ल्यू शाओ ची चीनका राष्ट्रपति समेत भएका थिए । उनले १९५६ मा आयोजना गरिएको चिनियाँ कम्युनिस्ट पार्टीको आठौं महाधिवेसनमा समाजवादभित्र पुँजीवाद लागू गर्ने प्रस्ताव पेस गरेका थिए । माओत्सेतुङले समाजवादमा पनि वर्गसङ्घर्ष जारी राख्नुपर्दछ भन्ने विचार अघि सार्नुभएको थियो । माओले महान् छलाङ भन्ने कार्यक्रम अघि सार्नुभएपछि ख्रुश्चोभका चेला ल्यू शाओ चीले तीन आधुनिकीकरण नीति अघि सारेपछि माओ र उनका बीचमा अन्तरविरोध सुरू भएको थियो । पार्टीको आठौं महाधिवेसनमा माओले समाजवादी बाटो अपनाउने, वर्गसङ्घर्ष पहिलो, उत्पादन सङ्घर्ष दोस्रो भन्ने प्रस्ताव अघि सार्नुभयो भने ल्यू शाओ चीले पुँजीवादी बाटो अपनाउने पहिलो उत्पादन सङ्घर्ष र आर्थिक क्रान्ति र दोस्रो वर्गसङ्घर्ष भन्ने ख्रुश्चोभी नीति अघि सारे । माओले भीषण दुईलाइन सङ्घर्ष सञ्चालन गर्नुभयो । ल्यू पुँजीवादपन्थी थिए । पार्टीलाई बुर्जुवाकरण गरेका कारण १९६६ देखि १९७६ सम्म माओको नेतृत्वमा महान् चिनियाँ सर्वहारा सांस्कृतिक क्रान्ति सञ्चालन गरियो । ल्यू शाओ चीलाई गद्दार घोषित गरी जेलमा हालियो र पार्टीबाट समेत निकाला गरिएको थियो ।

**देङ शियाओ पिङ्**

देङ शियाओ पिङ दक्षिणपन्थी थिए । गद्दार ल्यू शाओ चीसँग देङलाई कारबाही गरी पार्टीबाट बर्खास्त गरिएको थियो । दसौं महाधिवेसनपछि देङ शियाओ पिङ जस्ता दक्षिणपन्थी गद्दारलाई कारबाही फुकुवा गरी पुनर्संरचना गरेर पार्टीले गल्ती गरेको थियो । सन् १९७६ मा माओको निधन भयो । माओको मृत्युपछि देङ शियाओ पिङ शक्तिमा आए । माओको मृत्युभएको एक महिना नपुग्दै अक्टोबरमा चिनियाँ प्रतिक्रान्ति भयो । देङ शियाओ पिङले चार आधुनिकीकरणको सिद्धान्त अपनाइ चीनमा मिश्रित अर्थतन्त्र र खुला बजारी समाजवादको सिद्धान्त लागू गरेर चीनमा पुँजीवादको पुनर्स्थापना गरियो । चिनियाँ प्रतिक्रान्तिको प्रमुख नाइके र प्रयोगकर्ता गद्दार देङ शिओ पिङ थिए ।

यी माथिका उल्लेखित संशोधनवादी गद्दारहरू विश्व कम्युनिस्ट आन्दोलन र सर्वहारा क्रान्तिलाई ठुलो क्षति पुऱ्याए । यसले नेपाली कम्युनिस्ट आन्दोलन र नेपाली क्रान्तिलाई पनि गम्भीर क्षति पुऱ्याएको छ । २०१३ साल वैशाख ३ गतेदेखि मनमोहन अधिकारी र डा. केशरजङ्ग रायमाझीको माध्यमबाट नेपालमा ख्रुश्चोभ पनि नवसंशोधनवाद नेपाली कम्युनिस्ट आन्दोलनमा घुस्न सफल भएको हो । पहिलो चरणमा यसले २०२०/२०२२ सालतिर पार्टी फुटाउन सफल भयो । दोस्रोमा एक कालखण्डमा शक्तिशाली कम्युनिस्ट पार्टी बन्न पुगेको एमालेलाई दक्षिणपन्थी संशोधनवादी भासमा डुबाउन सफल भयो । तेस्रो चरणमा अहिले वर्तमान नेपाली क्रान्तिको नेतृत्व गरिरहेको एकीकृत नेकपा माओवादीभित्र सुनामी बेगका साथ सवार भयो । समयमै यसलाई बाँदर लखेटाइ गरेर माओवादी पार्टीबाट लखेट्न सकिएन भने नेपाली क्रान्तिलाई ठुलो नोक्सान पुऱ्याउने प्रबल सम्भावना देखेपछि सो गरियो पनि ।

**सन्दर्भ सामग्रीहरू**


*१. कार्ल मार्क्स, पुँजी खण्ड १ र २*
*२. फ्रेडरिक एङ्गेल्स, ड्युहरिङ्ग मतखण्डन*
*३. मार्क्स-एङ्गेल्स, सङ्कलित रचना सङ्ग्रह : भाग १, २, ३, ८, १०, २०, ३२, ४२, ४३*
*४. लेनिन सङ्कलित रचना सङ्ग्रह, भाग- ५, १८, १९, २४, ३८*
*५. माओत्सेतुङ चुनिएका रचनाहरू, भाग- १, २, ३, ५, ८*
*६. लेनिन : एक पाइला अगाडि दुई पाइला पछाडि*
*७. महान् रूसी अक्टुबर क्रान्तिको इतिहास*
*८. चिनियाँ नयाँ जनवादी क्रान्तिको इतिहास*
*९. महान् बहस*
*१०. हो चि मिन्ह, क्रान्तिकारी नैतिकता*
*११. कम्युनिस्ट नैतिकता*
*१२. स्टालिन-लेनिनवादका आधारहरू*
*१३. प्लेखानोभ, चुनिएका दार्शनिक कृतिहरू : भाग १ र २*
*१४. लेनिन, मार्क्स-एङ्गेल्स-मार्क्सवाद*
*१५. मोहन वैद्य 'किरण', मार्क्सवादी दर्शन*
*१६. हस्तबहादुर केसी, मार्क्सवादी दर्शनशास्त्रका रूपरेखा*
*१७. हस्तबहादुर केसी, मार्क्सवादी दर्शनशास्त्रका सिद्धान्तहरू*










**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : केशरमणि कटुवाल, फोटोः जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।